गुह्येश्वरी माहात्म्य र इतिहास



प्रा. डा. जगदीशचन्द्र रेग्मी

गुह्येश्वरी माहात्म्य र इतिहास

प्रा.डा. जगदीशचन्द्र रेग्मी

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौँ

पुस्तक : गुह्येश्वरी माहात्म्य र इतिहास

लेखक : प्रा.डा. जगदीश्वचन्द्र रेग्मी

प्रकाशक : विद्यार्थी पुस्तक भण्डार
भोटाहिटी, काठमाडौं
फोन नं. ४२२७४४६, ४२४५८३४

सर्वाधिकार : प्रकाशकमा

संस्करण : २०७०

मूल्य : रू. ११०।–

ISBN : 978-99946-1-727-2

कम्प्युटर : एस.बी. कम्प्युटर सर्भिस, बागबजार, ४२२२३०३

मुद्रक : स्काई मिडिया

श्रीगुह्येश्वरी/श्रीगुह्यकाली

समर्पण



या देवी सर्वभूतेषु
शक्तिरूपेण संस्थिता
नमस्तस्यै नमस्तस्यै
नमस्तस्यै नमोनमः ॥

जगदम्ब! विचित्रमत्र किं
परिपूर्णा करुणास्ति चेन्मयि
अपराधपरम्परापरं
न हि माता समुपेक्षते सुतम् ॥

श्री गुह्येश्वरी माता

समाजको एक महत्त्वपूर्ण पक्ष त्यसको धार्मिक प्रवृत्ति हो भन्ने कुरा प्रत्यक्षै छ र नेपालका बासिन्दामध्ये धेरैको धार्मिक प्रवृत्तिसित सम्बद्ध भएर धेरै देवी-देवताका पीठ, मन्दिर एवं तीर्थहरूको अस्तित्व भएको देखिन्छ । यही कुरा श्री गुह्येश्वरी नामले प्रख्यात पीठका बारेमा समेत लागू हुन्छ ।

वि.सं. २०५३ मा नइ प्रकाशनका श्री नरेन्द्रराज प्रसाईं तथा श्री इन्दिरा प्रसाईंका प्रोत्साहनबाट 'पशुपति-गुह्येश्वरी माहात्म्य र इतिहास' ग्रन्थको प्रकाशन भएको थियो । हाल त्यस ग्रन्थलाई टुक्र्याएर दुइटा बनाइएको छ र गुह्येश्वरी र पशुपति नामबाट र यसका सहृदयी प्रख्यात प्रकाशक श्री शान्त गौतम हुनुहुन्छ विद्यार्थी पुस्तक भण्डारको माध्यममा । ग्रन्थ प्रकाशनको उद्देश्य पाठकहरूलाई सुसूचित गराउने हुनाले साना आकारका ग्रन्थले त्यस्तो काम सजिलै गर्न सक्ने ठानेर उपरोक्त ग्रन्थलाई दुई खण्डमा प्रकाशन गर्न थालिएको कुरा प्रबुद्ध पाठकवर्गमा निवेदन गर्न चाहन्छु ।

हिन्दुहरूको धार्मिक साम्राज्यमा गुह्येश्वरी पीठको आफ्ना विशेषता देखिन्छन् र त्यस विषयभित्र सम्बन्धित पौराणिक तथा ऐतिहासिक पक्षहरूका बारेमा यस लघु ग्रन्थमा चर्चा गरिएको छ र यसले पनि साधक भक्तहरूलाई अर्को किसिमबाट प्रेरणा दिने विश्वास गरिन्छ । इतिहास जिज्ञासुहरूलाई पनि यस ग्रन्थले केही सान्त्वना दिने विश्वास पनि सँगाल्दछु ।

नेपालका ज्ञान-विज्ञान महायज्ञमा समर्पित धेरै अग्रगण्य प्रकाशन संस्थाहरू मध्ये एक विद्यार्थी पुस्तक भण्डारका प्रमुख श्री शान्त गौतमज्यूसित परिचय गराएर यस पुस्तकको प्रकाशनमा सहयोग पुऱ्याउनु हुने श्री टी.पी. धमलामा

हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत पुस्तकलाई टाइप र सेटिङ गरी सहयोग गर्ने एस.बि. कम्प्युटरका सहृदयी बहिनीहरू शशीकला र वसन्तीकला राईमा धन्यवाद दिन चाहन्छु ।

यस ग्रन्थको प्रणयन एवं प्रकाशनमा अज्ञानवश भएका त्रुटिहरूमा प्रबुद्ध पाठकहरूबाट क्षमा याचना गर्दछु ।

साभार, सधन्यवाद

भवदीय

जगदीशचन्द्र रेग्मी

विषयसूची

गुह्येश्वरी : ऐतिहासिक-पौराणिक अध्ययन	१
गुह्येश्वरी परिचय	३-६
भृङ्गारेश्वरी	३
गुह्येकाली	४
शिखरवासिनी देवी पार्वती	५
पार्वती गुप्त भएको छिद्रः गुह्येश्वरी	७-९
गुप्तदेवी	९
सतीदेवीको अङ्गपतनबाट बनेको पीठ गुह्येश्वरी	१०-१८
तन्त्रअनुसार गुह्येश्वरीका आवरण भइरहेका पीठहरू	१४
कामाख्या गुह्येश्वरी	१६
सतीदेवीको अङ्गपतनबाट नेपालमा बनेका अरू शक्ति पीठहरू	१९-२४
नेत्रकाली पीठ	१९
दन्तकाली पीठ	१९
कङ्केश्वरी पीठ	२०
जानुपतनबाट बनेको पीठ : नीलवराही कालीमाटी	२०
त्रिपुरासुन्दरी पीठ	२२
छायाछत्र पीठ	२२
नेपाल पीठ	२३
प्रताप मल्लद्वारा गुह्येश्वरी पीठको उद्धार	२५-३१
जगज्जय मल्ल-जयप्रकाश मल्लको गुह्येश्वरी सेवा	३२-३७
शाह राजवंश र गुह्येश्वरी	३८-४४

गुह्येश्वरी माहात्म्य ४५-५१

गौरीशिखर ४५

गुह्येश्वरीपुरी ४६

गुह्येश्वरी पीठको उत्तमता ४६

गुह्येश्वरीका आवरण देवता ४६

गुह्येश्वर महातीर्थ ४८

गुह्येश्वरीका पुराना साधक ४८

वाममार्गको मुख्य केन्द्र गुह्येश्वरी ५०

गुह्येश्वरी, तेलजु र कुमारीको त्रिकोण ५०

शाक्त उपासनामा गुह्येश्वरीको स्थान ५२-६६

गुह्येश्वरीको ध्यान ५३

गुह्येश्वरीको जात्रा ५४

खगानना, नैरात्म्य योगिनी ५६

गुह्येश्वरी जात्रा ५६

गुह्येश्वरीको वन ६३

मङ्सिर महिनामा खगाननाको पूजा गर्नाको माहात्म्य ६४

परिशिष्ट - १ ६७

गुह्येश्वरीमा विशेष पूजा ६७

परिशिष्ट - २ ६८-६९

पुरानो गुह्येश्वरी ६८

परिशिष्ट - ३ ७०

परिशिष्ट - ४ ७१

परिशिष्ट - ५ ७२

परिशिष्ट - ६ ७३-८९

गुह्येश्वरी :
ऐतिहासिक-पौराणिक अध्ययन

गुह्येश्वरी परिचय

वर्तमान समयमा नेपालभित्र र बाहिर धार्मिक दृष्टिले विशेष सम्मान हुने विशिष्ट देवस्थलहरूमध्ये गुह्येश्वरी र पशुपतिनाथको गणना सर्वप्रथम गरिन्छ। तर ऐतिहासिक शिलालेख आदि प्रमाणहरूमा पशुपतिनाथको जति उल्लेख पाइन्छ त्यति गुह्येश्वरीको पाइँदैन। गुह्येश्वरी स्थानमा पाइने सबभन्दा पुराना शिलालेख प्रताप मल्लकालीन छन्। अन्य शिलालेख प्रमाणहरूमा पनि गुह्येश्वरी उल्लेख नपाइनु रहस्यमय छ।



गुह्येश्वरी मन्दिरको प्रवेशद्वार

तर पुराण र वंशावली साहित्यमा गुह्येश्वरीका बारेमा विभिन्न किसिमले चर्चा गरेको पाइन्छ, जसबाट गुह्येश्वरीको पीठ अस्तित्व र मान्यता निकै पहिलेदेखि चलिआएको कुरा प्रमाणित हुन जान्छ। यस्ता स्रोतहरूको चर्चा यहाँ गरी वास्तविक तथ्यबारे विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ।

भृङ्गारेश्वरी

गोपालवंशावलीमा नेपाल उपत्यकामा आदिकालमा श्लेष्मान्तक वनमा भृङ्गारेश्वर भगवान्को प्रादुर्भाव भएको र त्यसपछि त्यही वनमा 'श्री भृङ्गारेश्वरी भटारिका' ले विहार गरेको बेलामा गोठालाको गाईद्वारा पशुपतिनाथको पत्ता लगाएको कुरा लेखिएको पाइन्छ।[१] भृङ्गार शब्दको अर्थ सुनको कलश हुन्छ र त्यस्तो कलशमा प्रतिष्ठित हुने हुनाले भृङ्गारेश्वरी भनेर

१. Dhanavajra Vajracharya, Kamal P. Malla—The Gopal Rajavansavali P. 25, पूर्णिमा, ३१ पृ. १७२।

गुह्येश्वरीलाई नै गोपाल वंशावलीले भनेको बुझ्न सकिन्छ भन्ने महेशराज पन्तको विचार रहेको छ।[२] हुन पनि अहिले गुह्येश्वरीको पूजा आराधना कलशमै गर्ने गरिन्छ।

गोपाल वंशावलीले यस रूपमा गुह्येश्वरीलाई भृङ्गारेश्वरीका रूपमा प्रस्तुत गरेको बुझ्न सकिन्छ, यद्यपि यो नामको उल्लेख फेरि कतै पाइँदैन।[३] स्वयं गोपाल वंशावलीले प्रस्तुत गरेको नेपालको इतिहासमा गुह्येश्वरीको उल्लेख कतै पाइँदैन।[४]

गुह्यकाली

गोपालवंशावलीले पशुपतिनाथसँगै भृङ्गारेश्वरीको उत्पत्तिको घटना बयान गरेर पशुपतिनाथ र गुह्येश्वरीको एकैपल्ट प्रादुर्भाव भएको तथ्य बताएको भए पनि ऐतिहासिक सिलसिला मिलाउन हामीलाई गाह्रो परेको छ। त्यहाँ ऐतिहासिक क्रममा विचार गर्दा शाक्तहरूको प्रसिद्ध पुराण देवीभागवतमा गुह्यकालीको उल्लेख पाउनु महत्त्वपूर्ण भएको छ। सो पुराणमा शक्तिदेवीका भक्तहरूले तीर्थ गर्नु पर्ने स्थलहरूको वर्णनमा "नेपालमा गुह्यकालीको महास्थान" को उल्लेख पाइनु र त्यसलाई "देवीका प्रियतम मुख्य र पवित्र" स्थानको वर्गमा गणना गरिनु[५] महत्त्वपूर्ण हुन जान्छ।

अब ऐतिहासिक दृष्टिबाट उक्त सन्दर्भको मूल्याङ्कन गरेर हेरौं। इतिहासकारहरूले देवीभागवतलाई बङ्गाल भेकका कुनै स्मार्त शाक्त ब्राह्मणले काशीतिर बसेर ईश्वीको एघारौं–बाह्रौं शताब्दीतिर रचेको मानेका छन्।[६] यो

---

२. पूर्णिमा ७२, पृ. ३४।

३. लिच्छविकालका केही टकमा कलश अंकित भएको पाइन्छ। गुह्येश्वरीको पीठमा पनि कलश राखेरै पूजा गरिन्छ तर यति साम्यबाट मात्रै त्यस्ता टकका कलश चिह्नलाई गुह्येश्वरसिँगै जोड्न गाहारो होला।

४. गोपाल वंशावलीले सुरुदेखि ई. १३८९ सम्मको इतिहासको टिपोट प्रस्तुत गरेको छ।

५. श्री देवीभागवतम्– दौलतराम गौडद्वारा संशोधित, ठाकुरप्रसाद एण्ड सन्स वाराणसी, अध्याय ३८, श्लोक ११, पृ. ५२०।
गुह्यकाल्या महास्थानं
नेपाले यत्प्रतिष्ठितम्॥

६. ऐजन श्लोक १, पृ. ५१९
मुख्यानि च पवित्राणि
देवीप्रियतमानि च॥

प्रमाणबाट एघारौं बाह्रौं शताब्दीतिर गुह्येकालीको पीठ प्रसिद्ध भइरहेको र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि शक्ति पीठहरूमध्येमा गणना गर्न थालिएको बुझ्न सकिन्छ ।

शिखरवासिनी देवी पार्वती

वराह पुराणमा गुह्येश्वरीको उल्लेख भिन्नै रूपमा गरिएको पाइन्छ, जस अनुसार भगवान् शिवले मृगरूप लिएर "श्लेष्मान्तक" वनमा विचरण गरिरहेको बेलामा उनलाई खोज्न देवताहरू घुम्दा गिरिनदी (वाग्मती) को किनारामा बालुवामा खेलिरहेकी एक राम्री कन्या देखेर ध्यानपूर्वक विचार गर्दा उनी हिमालकी छोरी उमा नै हुन् भन्ने निश्चय गरे भनिएको पाइन्छ ।[७]

वराह पुराणमै शिखरवासिनी पार्वतीका रूपमा गुह्येश्वरीको उल्लेख गरिएको पाइन्छ र तिनको माहात्म्य बयान गरिएको छ । त्यहाँ भनिएअनुसार



गुह्येश्वरी घाटमा देखिने बाग्मती नदी

७. वराह पुराण अ. २१५, श्लोक २०-२३
गिरिनद्यास्तु पुलिने हंसकुन्देन्दुसन्निभे ।
गन्धामोदेन पुष्पाणां वासितं मधुगन्धिमत् ॥
मुक्ताचूर्णनिकाशाभिर्वालुकाभिस्ततस्ततः ।
विक्रीडमानां ददृशुः कन्याङ्कञ्चिन्मनोरमाम् ॥
तत्र ते विबुधा दृष्ट्वा सर्वे मां समचोदयन् ।
आद्योऽहं सर्वदेवानां कथमेतद् भवेदिति ॥
मुहूर्तं ध्यानमास्थाय विज्ञाता सा मया तदा ॥
ध्रुवं शैलेन्द्रपुत्रीयमुमा विश्वेश्वरेश्वरी ॥

श्लेष्मान्तक वनमै सिद्धहरू बसेका गौरी शिखरमा "शिखरप्रिया पार्वती" नित्य (भक्तजन) हरूको रक्षाको काममा लागिरहन्छिन् । तिनको अभिवादन गरेर छोएर तिनै देवीको सालोक्य (देवीलोक) पाइन्छ । देवी रहेको ठाउँभन्दा तलतिर वाग्मतीको किनारामा शरीर त्याग्यो भने उमालोक जान पाइन्छ ।[८]

वराह पुराणको उक्त वर्णनको अनुसरण पशुपति पुराणले पनि गरेको पाइन्छ तर केही भेद पनि देखिन्छ । पशुपति पुराणले बयान गरेअनुसार देवताहरू शिवजीलाई खोज्दै श्लेष्मान्तक वनमा आइपुगे । उनीहरूले त्यहाँ वाग्मतीको अर्ध चन्द्राकार किनारामा बालुवामा पार्वतीलाई देखे र उनलाई भगवान् शिव कहाँ हुनुहुन्छ भनेर सोधे । पार्वतीले मृगरूप धारण गरेका शिव मृगस्थलीको शिखरमा हुनुहुन्छ भनेर बताइन् । यो सुनेर देवताहरू उतै लागे भनेर पशुपति पुराणले छोटकरी वर्णन गरेको छ ।[९]

वराह पुराणले जसरी "गौरीशिखर"का रूपमा गुह्येश्वरी अवस्थित स्थलको उल्लेख ग रेको छ त्यस्तै उल्लख पशुपति पुराणले पनि गरको छ र भनेको छ कि गौरीशिखरको फेदीमा वाग्मतीमा स्नान गर्नाले सौभाग्य र देवीलोक जान पाइन्छ ।[१०]

---

८. **वराह पुराण**, अ. २१६, श्लोक ६७-६८, ९९:
गौर्यास्तु शिखरं तत्र गच्छेत्सिद्धनिषेवितम् ।
यत्र सन्निहिता नित्यं पार्वती शिखरप्रिया ॥
लोकमाता भगवती लोकरक्षार्थमुद्यता ॥
तस्याः सालोक्यमाप्नोति दृष्ट्वा स्पृष्टवाभिवाद्य च ॥
त्यजते पतितुं तस्या अधस्ताद् वाग्मतीतटे ।
उमालोकं व्रजेदाशु विमानेन विहायसा ॥
वराह पुराण अ. २१६, श्लोक १०५
देव्याः शिखरवासिन्या : ....

९. **पशुपति पुराण**, अ. १६, श्लोक १३-२० ।

१०. **पशुपति पुराण**, अ. १७, श्लोक ४८-४९,
गौरी शिखरमूले तु वाग्मत्यां स्नायते तु यः ।
स्त्रीषु सौभाग्यमाप्नोति देव्या लोकं स गच्छति ॥

पार्वती गुप्त भएको छिद्रः गुह्येश्वरी

हिमवत्खण्डमा गुह्येश्वरीको उत्पत्ति पनि पशुपतिनाथको उत्पत्ति सँगसँगै भएको बताइएको पाइन्छ ।[१] त्यस पुराण अनुसार जब शिवले मृगको रूप लिएर भ्रमण गर्न थाले तब देवताहरू दानवहरूको डर मानेर स्वर्ग छोडेर शिवलाई खोज्न चारैतिर लागे । त्यसै क्रममा मुन्ज पर्वत (गोकर्णेश्वर रहेको ठाउँ) मा आइपुगेपछि ब्रह्माजीले समाधि लगाएर भगवान शिव बसेको ठाउँको अन्दाजी गरर हिमालको फेदीमा श्लेष्मान्तक वनको सिद्धाद्रि क्षेत्रमा रहेको विचार गरे । देवताहरू सिद्धाद्रि (गुह्येश्वरी अवस्थित ठाउँ) मा वाग्मतीको पूर्वी किनारमा आइपुगेपछि त्यहाँ एउटी सात वर्षीय राम्री कन्यालाई बालुवाको वेदी बनाइरहेकी देखे । यी कन्या पार्वती नै हुन् भन्ने चिनेर भगवान् शिव कहाँ हुनुहुन्छ भनेर देवताहरूले सोधे । कन्यारूपी पार्वतीले देवताहरूलाई भगवान् शिव यहाँबाट नैऋत्यतर्फ वाग्मतीको पश्चिमी किनारमा मृगको रूप लिएर घुमिरहेका छन् भनेर बताई त्यहाँ अन्तर्ध्यान भइन् । देवी पार्वती अन्तर्ध्यान भएको ठाउँमा देवताहरूले एउटा प्वाल परेको देखे र त्यहीं उनीहरूले गुह्येश्वरीको स्तुति गरे भनेर हिमवत्खण्डमा बयान गरिएको छ ।[२]

हिमवत्खण्डम अन्यत्र पनि गुह्यस्थान र गुह्य नामको देवीका रूपमा उल्लेख भएको पाइन्छ ।

---

१. हिमवत्खण्ड, अ. ८१-८२, पृ. १७७-१७९ ।

२. हिमवत्खण्ड, अ. ८२ श्लोक १९-२१ पृ. १७९ ।
इप्युक्त्वा सहसा देवी तत्रैवान्तर्दधे भुवि ।
तताद्राक्षुः सुरास्तत्र विलं देवी निमज्जकं ।
तुष्टवुश्च ततो देवास्तस्यै च त्रिविधैस्तदा ।
आधाय चाञ्जलिं मूर्ध्नि परिक्रम्य पुनः पुनः ॥
यही अवसरमा देवताहरूले गुह्येश्वरीलाई सहस्रनामले स्तुति गरेको कुरा हिमवत्खण्डको कुनै प्रतिमा पाइन्छ ।

हिमवत्खण्ड अध्याय ७९ मा श्लेष्मान्तक नागलाई वरदान दिएपछि शिव र पार्वती ज्यादै तेजिलो यानमा चढेर आकाशमा उडेर तल जमिनमा बगिरहेका अनेकन नदीहरू पार्वतीलाई देखाउँदै यी सबै मानिसका जीवनका कारण भएका नदी तिम्रै रूप हुन् भनेको र सबै नदी तिम्रै अंश हुन् पनि भनेका छन् ।[३] त्यही प्रसङ्गमा पछि पार्वती अन्तर्ध्यान भएर गुह्येश्वरी भएर रहन थालिन् भनिएको छ ।[४]



गुह्येश्वरी मन्दिरभित्र रहेको कुण्डमाथि राखिएको जलकलश

हरिणेश्वर रूप पशुपति स्वयंले गरेको वचनमा पनि आफ्नो स्थान (पशुपति स्थान) देखि पूर्वोत्तर भागमा गुह्येश्वरी नामले मेरी शक्ति रहेकी छन् भनेको पाइन्छ जुन शक्तिले मुक्ति दिन्छिन् ।[५] अन्यत्र पनि गुह्येश्वरीलाई मुक्ति दिने देवी भनिएको छ ।[६]

ब्रह्मा र विष्णुले हजुर ऊर्ध्वलोक नगएमा देवताहरू अनाथ हुन्छन् भनेर शिवलाई बिन्ती गर्दा शिवले स्वर्गमा जति सुख भए पनि यो पाशुपत क्षेत्र छोडी अन्यत्र कतै जान्न किनभने यहाँ मेरो उत्पत्ति भएको हो र देवीको गुह्यस्थान पनि यहीं छ । मेरो कृपाले यो ठूलो तपोवन हुनेछ भनी शिवले भनेको

---

३. लोकोद्धारणहेतुक्यः इमास्तव विभूतयः ।
..... सर्वा नद्यस्त्वदंशकाः ॥ हिमवत्खण्ड, पृ. १७६ ।

४. ततो विसृज्य तां देवीं स्वयमन्तर्दधे विभुः ।
सापि देवी च गुह्याख्या तत्रैवान्तरधीयत ॥ हिमवत्खण्ड, पृ. १७६ ।

५. अतः पूर्वोत्तरे भागे गुह्येश्वरीति नामतः ।
मम मूर्तिश्च सा शक्तिर्भक्तानां मोक्षकृत् सदा ॥
ते वै गुह्या न जानन्ति मम मायाविमोहिताः ॥ हिमवत्खण्ड, अ.८३, श्लो ७०-७१, पृ १८२ ।

६. यत्र विराजते देवी गुह्याख्या मुक्तिदा सदा ॥ हिमवत्खण्ड, अ. ६९, श्लोक १४, पृ. १५२ ।

हिमवत्खण्डमा लेखिएको छ ।[७]

यसरी हेर्दा हिमवत्खण्डको रचना भएको समयसम्म गुह्येश्वरीलाई पार्वती उमा अन्तर्ध्यान भएर बनेको पवित्र छिद्रका रूपमा मानिन्थ्यो भन्ने कुरा बुझ्न सकिन्छ ।

तर नेपाल माहात्म्यमा भने हिमवत्खण्डले सुरक्षित गरेको यो धारणाको सट्टा सतीदवीको अङ्गपतनबाट बन्न गएको पवित्र पीठका रूपमा मानेको पाइन्छ ।

गुप्तदेवी

हिमवत्खण्डमा गुह्येश्वरीलाई "गुप्तदेवी" का रूपमा पनि उल्लेख गरिएको पाइन्छ ।[८] यही धारणा नेपाल महात्म्यमा पनि एक पल्ट झल्किएको पाइन्छ, जसमा पशुपतिका साथै गुह्येश्वरीको चर्चा गरिएको छ ।[९]

पार्वती गुप्त भएको कारणबाट देवीको उत्पत्ति भएको भन्ने हिमवत्खण्डकै पूर्वोक्त सिद्धान्त अनुसार नै गुह्येश्वरीको यो गुप्तदेवी र गुप्तेश्वरी नाम पनि कहिलेकाहीँ प्रयोग गरिने गरेको मान्न सकिन्छ ।

---

७. नाहं स्वर्गं गमिष्यामि अपि महत्सुखं परम् ।
एतत्क्षेत्रं परित्यज्य कैलासं गोपुरं तथा ॥
पवित्रितं मयैतद्धि मदुत्पत्तिर्यतो हरे ।
देव्याः परं रहःस्थानं विशेषान्मे पुनर्विधे ॥
तपोवनमिदं स्थानं मत्प्रसादाद् भवेत्परम् । **हिमवत्खण्ड**, अ. १६५, श्लोक ७-८, पृ. ३१४ ।

८. **हिमवत्खण्ड**, अ. ७१, श्लोक ८, पृ. १५६ ।
मध्ये पशुपतिर्देवो ज्योतिर्लिङ्गो विराजते ।
गुप्ताख्यया समं देव्या प्रमथैर्यागिनीगणैः ॥

९. **नेपाल माहात्म्य**, अ. ३, श्लोक ५६, पृ. १९,
वाग्मत्यां सरिति स्नात्वा
दृष्ट्वा पशुपतिं प्रभुम् ।
गुप्तेश्वरीं समालोक्य
गोकर्णेशं विलोक्य च ॥

सतीदेवीको अङ्गपतनबाट बनेको पीठ गुह्येश्वरी

सतीदेवीको अङ्गपतनबाट गुह्येश्वरिको पीठ बनेको हो भन्ने धारणा नेपाल-महात्म्यमा पाइन्छ, यो कुरामा हिमवत्खण्ड र नेपाल माहात्म्यमा सैद्धान्तिक मतभेद पाइन्छ ।

नेपाल माहात्म्यमा दिइएको कथाअनुसार शिव र पार्वतीले मृग र मृगी रूप लिएर श्लेष्मान्तक वनमा घुमिरहँदा देवताहरू आई मृगरूप शिवलाई समाउन खोज्दा सिङ समाउन पुगे । मृगरूप शिव उफ्रेर वाग्मतीपारि पशुपतिनाथ भएर बसे । उनै पशुपतिले नेपालको धार्मिक माहात्मयहरू बताउँदा गौरीले महादेवलाई बोलेको वाक्यका रूपमा गुह्येश्वरीको परिचय दिइएको छ । त्यहाँ गौरीले पशुपतिनाथलाई म पनि हजुरकै नजिकमा वाग्मतीको किनारामा बस्छु भनेर भनिन् ।[१] गौरीको यस्तो वचन सुनेर महादेवले भने: तिम्रो अगाडि एउटा अत्यन्त रहस्यको कुरो भन्छु । तिम्रो पूर्वजन्ममा तिमी दक्षकी सती नामकी कन्या थियौ । पिताबाट अपमानित भएर तिमीले प्राण छोडेको थियौ । तिम्रो स्नेहले मैले तिम्रो लासलाई अँगालो मारेर शोकाकुल भएर संसार घुम्न थालें । मलाई शोकाकुल देखेर विष्णुले मेरो स्नेह गरेर तिम्रो अङ्गहरूलाई ठाउँठाउँमा सुदर्शन चक्रले टुक्रा गरिदिए ।[२]

---

१. एतस्मिन्नन्तरे गौरी महादेवमुवाच तम् ।
वाग्मत्याः सरितस्तीरे स्थास्यामि तव सन्निधौ । **नेपाल माहात्म्य**, अध्याय १, श्लोक ३३, पृ.४ ।

२. श्रुत्वा गिरिसुतावाक्यमुवाच गिरिजापतिः ।
अत्यन्तगुप्तं गिरिसुतावाक्यमुवाच गिरिजापतिः ।
अत्यन्तगुप्तं गिरिज कथयामि तवाग्रतः ।
पूर्वे भवे दक्षकन्या सती नाम्ना व्यवस्थिता ॥
अपमानेन तातस्य प्राणास्त्यक्तस्त्वया शिवे ॥
मया स्नेहेन ते देवि कुणपं कण्ठसंस्थितम् ।
कृत्वा महीपर्यटनं कृतं शोकाकुलेन च ॥
शोकाकुलं च मां दृष्ट्वा विष्णुस्नेहवशेन मे ।
सुदर्शनेन चिच्छेद तवाङ्गानि स्थलेस्थले । **नेपाल माहात्म्य**, अ. १, श्लोक ३४-३७, पृ. ४ ।

त्यसरी तिम्रो शरीरका अङ्गहरू टुक्रा-टुक्रा गर्दा तिम्रो गुह्य अङ्ग वाग्मतीको किनारामा मृगस्थलीको उत्तरतर्फ खस्यो र त्यो ठाउँ अत्यन्त ठूलो पीठ बन्यो ।[३]

नेपाल माहात्म्यमा सुरक्षित यो सन्दर्भले सतीदेवीको अङ्गपतनबाट बन्न गएका पीठहरूको सूचीमा नेपालको गुह्येश्वरी पनि मान्न थालिएको आन्तरिक प्रमाण प्रस्तुत गरेको छ । यो प्रमाणलाई प्रसिद्ध तान्त्रिक ग्रन्थ मेरुतन्त्रले पनि समर्थन गरेको पाइनु महत्त्वपूर्ण छ । मेरुतन्त्रले त सतीदेवीको गुह्यपतनबाट नेपालको ठूलो क्षेत्रमा व्यापक उपासनात्मक प्रभाव पारेको वर्णन गरेबाट गुह्येश्वरी पीठको महत्त्व अझ प्रभावशाली रूपमा व्यक्त गरेको पाइन्छ ।

मेरुतन्त्रका भनाइमा नेपाल इकारको उत्पत्तिको देश हो । जहाँ गुह्यपतन भएको हो । यसकारणले नेपाल वागमार्गको मूल थलो मानिन्छ । त्यहाँ ५६ लाख भैरव-भैरवी, दुई हजार शक्ति, तीन सय पीठ, १४ श्मशान रहेका छन् । नेपालमै दक्षिणमार्गबाट सिद्धि पाइने आठ पीठ छन् । वैदिक मन्त्रहरूबाट सिद्धि पाइने ४ पीठ त्यहाँ छन् । नेपालमै जहाँ-जहाँ सतीदेवीको मलपतन भयो त्यहाँ उपपीठहरू बनेका छन् । नेपाल (खाल्डा) देखि पूर्वतर्फका क्षेत्रमा किराँतहरूको बसोवास भएको ठाउँमा ३० हजार देवयोनि बसोवास गर्दछन् ।[४]

---

३. नेपालमहात्म्य, अ. १, श्लोक, ३८, पृ. ४ ।
तवाङ्गं पतितं गुह्यं वाग्मतीनदीतटे ।
मृगस्थल्या उदीच्यां तु तत्पीठं परमं महत् ॥

४. मेरुतन्त्रम्, दशम पटल, श्लोक ८१८-८२२
पण्डित रघुनाथ शास्त्रीभाद्वारा सम्पादित, क्षेमराज श्रीकृष्णदास मुम्वई, वि.सं. १९६५, पृ. २३१-३२ ।
नेपालं तु इकारस्याद गुह्यं तत्र तु पार्वति ।
तस्माद् वामस्य मार्गस्य मूलस्थानं तदुच्यते ॥
षट्पन्चाशल्लक्षमिता भैरव्यो भैरवास्तथा ।
शक्तीनां च सहस्रे द्वे पीठानां च शतत्रयम् ॥
चतुर्दश श्मशानानि तत्र सन्निहितानि च ।
दक्षमार्गे सिद्धिदानि पीठान्यष्टौ च तत्र तु ॥
सिद्धिर्वैदिकमन्त्राणां तत्र पीठचतुष्टये ।
तन्मलं यत्र पतितं जातं तदुपपीठकम ॥
नेपालात्पूर्वदेशे तत्किरातैरूपवृष्टिकम् ।
त्रिंशत्तत्र सहस्राणि देवयोनीनि सन्ति हि ॥

मेरुतन्त्रको यो व्यापक सन्दर्भले पहिलो कुरा त नेपाललाई सतीदेवीको अङ्गपतनबाट बन्न गएको पवित्र पीठका रूपमा प्रस्तुत गरेको छ, यद्यपि त्यसको सम्बन्ध गुह्येश्वरीसँग स्पष्ट जोडेको छैन । तान्त्रिक पद्धतिमा वर्णहरूका उत्पत्ति स्थलका आधारमा पवित्रता र अन्य संश्लिष्ट तान्त्रिक सिद्धान्त आधारित गरिएको हुन्छ र सोही क्रममा इकारको उत्पत्तिको स्थल मान्नु मेरुतन्त्रको तेस्रो देन हो । भैरव-भैरवी, शक्ति, पीठ, श्मशान, उपपीठ र देवयोनिहरूको अस्तित्वबारे पनि मेरुतन्त्रले गहकिला धार्मिक-तान्त्रिक तत्त्वहरूसँग करिब आधा नेपाललाई जोडिदिएको छ । उक्त सबै तथ्यको विश्लेषण र समीकरण (Identification, Location) गर्ने काम विशाल तान्त्रिक साहित्यको आलोडन र स्थानीय चाल-चलनहरूको पनि सूक्ष्म अध्ययनबाट मात्रै सम्भव देखिन्छ ।

मेरुतन्त्रको यो सन्दर्भलाई नेपालका धार्मिक वर्गले पहिलेदेखि मनन गरेको वा नेपाली परम्परालाई नै मेरुतन्त्रले स्वीकार गरेको भन्नेबारे हाल केही भन्न नसकिए पनि एकथरी भाषावंशावलीले मेरुतन्त्रको सन्दर्भलाई केही परिवर्तन र परिवर्द्धनसाथ सुरक्षित गरेको पाइनु[५] ज्यादै महत्त्वपूर्ण हुन गएको छ, जुन तल उद्धृत गरिएको छः

"नेपाल पाशुपतक्षेत्रमा गुह्यस्थान पतन भएको हुनाले गुह्येश्वरी भनी नाम प्रख्यात भयो । पीठ पीठमा यो पीठ महापीठ हो । इकारबीज भएको गुह्य पतन भएको पीठ नेपाल हो । त्यसआधा अङ्गमध्ये प्रधान अङ्ग पतन भएको हुनाले नेपाल वाममार्गको मूल स्थान हो । यस क्षेत्रमा ५६,००,००० (छपन्न लाख) भैरव भैरवी, २००० दुई हजार शक्ति, ३००० तीन हजार पीठ, १४ श्मशान छन् । ती पीठमध्ये दक्षिणमार्गको उपासना सिद्धि दिने ८ पीठ छन् । सो गुह्य भागबाट निस्केको मल पतन भएको ठाउँ उपपीठ बन्यो । नेपालदेखि पूर्वपट्टि किराँतजातिको बास गरेको त्यस उपपीठमा ३०००० तीस हजार देवयोनीहरू रहेका छन् । त्यस्ता प्रकारसँग देवदेवीको बास हुनाले नेपालमा खरीका वृक्ष उत्पन्न

---

५. प्राचीन नेपाल, सङ्ख्या १२, श्रावण, २०२७, पृ. ४ ।

भएका छन् । अन्यत्र खरीका रूख दुर्लभ छन् भनी वृद्धहरू भन्दछन् ।[६]

माथि चर्चित विवरणमा महत्त्वपूर्ण फरक के छ भने मेरुतन्त्रले गुह्यपतन भएको चर्चा गरेको पाइयो भने भाषावंशावलीको उद्धरणमा कहिले गुह्यपतन र कहिले गुदपतनको उल्लेख भएको पाइन्छ । उक्त वंशावलीमै मेरुतन्त्रको नाम नदिई त्यसको उद्धारण गर्दा "गुदं तत्र तु पार्वति" भन्ने वचन राखिएको छ । यो गुह्य र गुदको निर्णय गर्न गाह्रो छ । नेपालमा पाइने मेरुतन्त्रको पाण्डुलिपिमा गुद पाठ नै छ कि ? गुह्येश्वरीको कुण्डको आकार हेर्दा गुद भन्नु र मान्नु त उपयुक्त नै देखिन्छ । गुद पनि गुह्यस्थानमै पर्ने हुनाले त्यस्तो मान्नु उपयुक्त लाग्दछ । मेरुतन्त्रमै "तन्मलं यत्र पतितम्" भनेर सतीदेवीको शरीरबाट मल पतन भएर उपपीठहरू बने भनेको कुरासँग गुद पाठ बरु ठीक लाग्दछ ।

उपर्युक्त स्रोतैमा गुह्येश्वरी पीठसँग सम्बद्ध रहेको पुण्यतीर्थको चर्चा गरिएको छ । नेपालका प्रसिद्ध ६४ लिङ्गमध्ये गुह्येश्वरी त्यसै पीठमा अवस्थित रहेको र उपर्युक्त कारणहरूबाट सो पीठमा निम्न लिखित १६ तीर्थहरू प्रसिद्ध हुन गएको चर्चा त्यहाँ[७] परेको छ :

१. गुह्येश्वरतीर्थ
२. पशुकुण्ड
३. ब्रह्मोदरतीर्थ
४. सुन्दरतीर्थ

---

६. नेपालं तु इकारः स्याद गुदं तत्र तु पार्वति ।
तस्माद्वामस्य मार्गस्य मूलस्थानं तदुच्यते ॥
षट्पञ्चाशल्लक्षमिता भैरव्यो भैरवास्तथा ।
शक्तीनां च सहस्रे द्वे पीठानां च शतत्रयम् ॥
चतुर्दश श्मशानानि तत्र संनिहतानि च ।
सिद्धिर्वैदिकमन्त्राणां तत्र पीठे चतुष्टये ।
तन्मलं यत्र पतितं जातं तदुपपीठकम् ॥
नेपालात्पूर्वदेशे तत्किरातैरूपवेष्टिकम् ।
त्रिशंत्तत्र सहस्राणि देवयोन्यश्च सन्ति हि ॥
प्राचीन नेपाल, १२, पृ. ४ ।
यस्तै विवरण **भाषावंशावली** भाग १, पृ. ३-४ मा पनि प्रकाशित भएको छ ।

७. **प्राचीन नेपाल**, ऐजन, पृ. ७ ।

५. स्कन्दकुण्ड
६. सुरोदभङ्गतीर्थ
७. भृगुकन्दर
८. ब्रह्मभेदतीर्थ
९. अगस्त्यकुण्ड
१०. ब्रह्मरूपतीर्थ
११. पशुयोनितीर्थ
१२. गोखुरतीर्थ
१३. भोगकुण्ड
१४. यज्ञकुण्ड
१५. स्वर्णधारानदी
१६. कोशोदकतीर्थ

उपर्युक्त भाषा वंशावलीमा महत्त्वपूर्ण अर्को तथ्यको उल्लेख भएको देखिन्छ[८] त्यो तल उद्धृत गरिन्छः

तन्त्रअनुसार गुह्येश्वरीका आवरण भइरहेका पीठहरू

क. प्रथम आवरण

दीप	क्षेत्र	देवी	पीठ	स्थान
१. गन्धर्व	विडालक्षेत्र	नदीदेवी	ब्रह्माणीपीठ	सम्यक्चूली
२. गोभेद	धनदक्षेत्र	रक्तदेवी	माहेश्वरीपीठ	बेथनचूली
३. सरद्वीप	पुष्पदन्तक्षेत्र	सुमनादेवी	कौमारीपीठ	फूलचो चूली
४. सूर्यद्वीप	महानन्दक्षेत्र	मनोन्मनीदेवी	वैष्णवीपीठ	मैनकोटि
५. नमनद्वीप	गोपालक्षेत्र	कुलाकृतिदेवी	वाराहीपीठ	नटारम्भचूली
६. वसन्तद्वीप	शोभनक्षेत्र	तारावतीदेवी	इन्द्रायणीपीठ	लिगुचोचूली
७. स्वर्गद्वीप	चंडिकाक्षेत्र	शुभकीणदिवी	चामुण्डापीठ	गंदचोचूली
८. नरान्तद्वीप	रतिप्रियक्षेत्र	बवरीदेवी	महालक्ष्मीपीठ	शिवपुरीक्षेत्र

८. ऐजन, पृ. १०।

ख. द्वितीय आवरण

१. रत्नद्वीप	महाकायक्षेत्र	धमदिवी	ब्रह्माणीपीठ	पनौती
२. पुष्करद्वीप	श्रुतिभरक्षेत्र	दन्तुरादेवी	माहेश्वरीपीठ	टीकाभैरव
३. एकपादद्वीप	विक्रमक्षेत्र	वामादेवी	कौमारीपीठ	झगुँलिचो
४. स्वर्णद्वीप	चन्द्रनाथक्षेत्र	शुभकीणदिवी	वैष्णवीपीठ	गोखुर
५. पुष्करद्वीप	श्रुतिधरक्षेत्र	दन्तुरादेवी	वाराहीपीठ	लम्जुङ
६. नयनद्वीप	गोपालक्षेत्र	कामुकादेवी	इन्द्राणीपीठ	नलाङ्ग (नूलिङ्ग)
७. स्वर्णद्वीप	चन्द्रनाथक्षेत्र	शुभकीर्तिदेवी	चामुण्डा पीठ	गोकर्ण
८. गोबर्धनद्वीप	चित्रार्धक्षेत्र	नटीदेवी	महालक्ष्मीपीठ	सरङ्गसाँखु

ग. तृतीय आवरण

क्षेत्र	भैरव	पीठ	स्थान
१. प्रयागक्षेत्र	असिताङ्गभैरव	ब्रह्माणीपीठ	बोताबु
२. वाराणसीक्षेत्र	रु. भैरव	माहेश्वरीपीठ	गिमतो
३. कोलापुरक्षेत्र	चण्डभैरव	कौमारीपीठ	सुनागुठी
४. अठ्ठहासक्षेत्र	क्रोधभैरव	वैष्णवीपीठ	बल्खु
५. जयन्तीक्षेत्र	उन्मत्तभैरव	वाराहीपीठ	होस्याङ
६. चरित्रक्षेत्र	कपालभैरव	इन्द्राणीपीठ	त्वथूल
७. एकाम्वाक्षेत्र	भीषणभैरव	चामुण्डापीठ	चैलगङ्गासन्धि
८. देवीकोट क्षेत्र	संहारभैरव	महालक्ष्मीपीठ	कान्ति

घ. चतुर्थ आवरण

देवी	पीठ	स्थान
१. जलेश्वरीदेवी	जालन्धरपीठ	सारन्धु
२. पूर्णेश्वरीदेवी	पूर्णगिरिपीठ	लुँगुलि
३. कामेश्वरीदेवी	कामरूपपीठ	गोखुर

उक्त तालिका साथै भनिएको छः "यसभित्रको उद्यान पीठमा श्री गुह्येश्वरी देवी र ज्योतिस्वरूप श्रीपशुपति विराजमान हुनुहुन्छ। गुह्येवरी विराजमान भएका ठाउँमा आफ्ना गणले सहित भई अष्टमातृकाहरू पनि विराजमान छन्"।

उपर्युक्त तालिकामा गुह्येश्वरीका आवरण रूपमा रहेका पीठको जुन बयान परेको छ सोको उल्लेख भाषावंशावलीका सबै थरीका प्रतिमा पाइँदैन । यसकारण उक्त तालिकाको ज्यादै महत्त्व देखिन्छ । तर मूल स्रोतमा "तन्त्र अनुसार" भनेर कुन चाहिँ तन्त्र ग्रन्थलाई सङ्केत गरेको हो हाल खोजमेल गर्न सकिएको छैन ।

सतीदेवीका गुह्यपतनबाट गुह्येश्वरी पीठ भएको हो भन्ने प्रसिद्ध नेपाली जनमानसमा व्यापक प्रभाव पारेको कुरा अन्य विभिन्न स्रोतहरूमा पनि त्यसको विभिन्न रूपमा उल्लेख भएको स्पष्ट हुन्छ । वंशावली साहित्यमा संक्षेपमा पनि यस्तो वितरण दिइएको पाइन्छ :

"आदियुगविषे श्री महादेवको दक्ष प्रजापतिले अपमान गऱ्याको सहन नसकी सतीदेवीले प्राणमोचन गर्दिभइन् र देवीका शरीरकन महादेवले बोकी भ्रमण गर्दा समया यो पृथ्वीतल विषय देवीका शरीर जहाँ जहाँ पतन भयो त्यहाँ त्यहाँ पीठरूपी शिवशक्ति योगिनी सहित भई उत्पत्ति हुँदा भयो । प्रथम कामरूप पीठमा गुह्यस्थान पतन भयो र कामाक्षीदेवी भै गया । यही क्रमले पृथ्वीमा पचास पीठ उत्पत्ति भया र नेपालमध्ये गुह्यस्थान पतन हुँदा श्री गुह्येश्वरी भनी महापीठ भयो ।"[९]

यही धारणा नेपालमा प्रसिद्ध भई आएको स्वस्थानी माहात्म्यमा पनि वर्णन गरिएको पाइन्छ, जसमा सतीदेवीको गुह्यपतन भएको र यहाँ नेपालपीठ गुह्येश्वरीदेवी चन्द्रघण्टा योगिनी र सिद्धेश्वर महादेव उत्पन्न भई शिवशक्तिरूपले रहे भनिएको छ ।[१०]

कामाख्या गुह्येश्वरी

सतीदेवीका अङ्गपतनबाट उत्पन्न भएका पीठहरूमध्ये कामरूप (आसामा) को कामाख्या देवीको विशेष नाम छ किनभने त्यहाँ ती देवीको योनि पतन भएको मानिन्छ ।[११] नेपालमा सतीदेवीको गुह्य पतन भएको

---

९. भाषावंशावली भाग-१ । सम्पादक नयनाथ पौडेल नेपाल, राष्ट्रिय पुस्तकालय सं. २०२०, पृ. ३ ।

१०. श्रीहितैषी कल्पनी– असली ठूलो श्रीस्वस्थानी व्रतकथा (माघ माहात्म्य) सं. २०३६, पृ. ९७ ।

११. D.C. Sircar - **The Sakta Pithas** P. 40 .

तान्त्रिक सन्दर्भ पाइन्छ तर त्यसै सन्दर्भलाई पनि कामाख्याको जस्तो रूप दिएका केही सन्दर्भ पाइनु महत्त्वपूर्ण छ ।

गुह्येश्वरी कामाख्या हुन् भन्ने एक संक्षिप्त सन्दर्भ हिमवत्खण्डमै पनि पाइएको हुनाले[१२] यो धारणाको प्राचीनता बुझ्न सकिन्छ । नाथ सम्प्रदायको एक ग्रन्थ महामेघमालामा पनि गुह्येश्वरीलाई "साक्षात्कामार्थदायिनी" (काम वा इच्छा पूरा गर्ने साक्षात्की देवी) भनिएकोमा[१३] मा पनि त्यस्तै ध्वनि पाउन सकिन्छ । अमरसिंह थापाको ई. १७८९ को गुह्येश्वरी-सिद्धेश्वर मन्दिरको अभिलेखमा[१४] संस्कृत भाग गुह्यकाली र हिन्दी भजनमा श्रीकामाक्षादेवी र उमा भनिएको छ । यसरी गुह्यकालीलाई कामाक्षा भन्नाको कारण यहाँ सतीदेवीको गुह्य (वा गुद) पतन भएको नभई योनि पतन नै भएको मान्ने एक थरी परम्परा रहेको हुनाले[१५] हुन सक्दछ ।

प्रतापमल्लका अभिलेखहरूमा गुह्येश्वरीलाई विभिन्न रूपमा स्तुति वा भक्ति गरिएको पाइन्छ :

क. श्री ३ कालिका
ख. महाकाली
ग. गुह्येशी
घ. चण्डी
ङ. गुह्येश्वरी भवानी
च. श्री ३ गुह्येश्वरी
छ. परमेश्वरी
ज. श्री श्री श्री गुह्येश्वरी माता
झ. श्री ३ गुर्ज्येश्वरी

---

१२. हिमवत्खण्ड, अ. ७३, श्लोक ११०, पृ. २६३, तत्र ददर्श राजेन्द्रः कामाख्यां मणिमन्दिरे ।

१३. इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह, पृ. ५२० ।

१४. संस्कृत सन्देश, वर्ष १, अंक ११, पृ. ३४-३५ ।
धनवज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ-शाहकालका अभिलेख, पृ. १७९-९० ।

१५. इन्द्ररत्न ब्रजाचार्य– "माघ मेलाको महत्त्व", गोरखापत्र, पुस २०, २०४४ ।मा "श्लेष्मान्तक वनमा योनी पतन भई गुह्येश्वरीकाली" वनेको लेखिएको छ । स्वयम्भू पुराणमा पनि एक ठाउँमा गुह्येश्वरीलाई "यान्याकारेण" भनिएको पाइन्छ, जुन वास्तवमा "योन्याकारेण" भन्न खोजिएको जस्तो लाग्दछ । यसबारेमा यही ग्रन्थमा अत्यन्त चर्चा गरिएको छ ।

तान्त्रिक पद्धतिअनुसार गुह्येश्वरीको परिचय धन शनशेर ज.ब.रा.ले यस्तो दिनु भएको छ कि गुह्येश्वरीको जलज्योतिमा पश्चिमाम्नायेश्वरी कुब्जिका र कुण्डमा उत्तराम्नायेश्वरी सिद्धिकराली गुह्यकाली र समष्टिमा ऊर्ध्वाम्नाय श्री विद्याको पूजा गरिन्छ। बुद्धमार्गीहरूले पनि यिनलाई नैरात्म्ययोगिनी मानेर पूजा गर्ने हुनाले कुण्डमा पशुबलि गरिँदैन र कुण्डदेखि ईशानपट्टि भित्तामा सिद्धिकराली र गुह्येश्वरी भैरव समष्टि गराएर प्रतिष्ठित भएको कराली र गुह्येश्वरीका शिलामा बलिदान गरिन्छ। पञ्च मकार पूजा चाहिँ कुण्डमा नै गरिन्छ।[१६]

यसरी पूर्व वर्णनमा एकै पीठलाई विभिन्न रूपमा मानिएको देख्दा यो गुह्येश्वरी पीठको विशेष माहात्म्य मानिआइएको बुझ्न सकिन्छ।

१६. कामकलारहस्य, पृ. ९७।

सतीदेवीको अङ्गपतनबाट नेपालमा बनेका अरू शक्ति पीठहरू

गोपालवंशावलि, देवीभागवत, वराह पुराण र हिमवत्खण्डमा अर्कै किसिमले गुह्येश्वरीको उल्लेख भएको चर्चा माथि नै गरिएको छ । नेपाल माहात्म्य र तान्त्रिक ग्रन्थहरूमा गुह्येश्वरीको उत्पति सतीदेवीको अङ्गपतनबाट भएको चर्चा पनि गरियो । यसै सन्दर्भमा नेपालमा अन्त पनि सतीदेवीको अङ्गपतनबाट अरू पीठ पनि बनेका जति सन्दर्भ पाइन्छन् तिनको चर्चा यहाँ गरी नेपालका शक्ति सम्प्रदायको प्राबल्यबारे विचार गरिन्छ ।

नेत्रकाली पीठ

कसैले सिन्धुली जिल्लाको आँपडाँडामा सतीदेवीको नेत्रपतन भई नेत्रकाली पीठ बनेको चर्चा गरेका छन् ।[१]

दन्तकाली पीठ

पूर्व विजयपुरमा सतीदेवीको दन्तपतन भई दन्तकाली पीठ बनेको भनेर ठूलो मान्यता गर्ने चलन चलिआएको छ ।[२] सेन राजाहरूको पालादेखि यहाँ पूजा आजाको बन्दोबस्त गरिएको कुरा शाहकालका प्रमाणहरूबाट थाहा पाइन्छ ।[३] सेन राजाहरूले राखेको यहाँको गुठीहरूको थमौती शाहकालमा गरिएको अनेक तामापत्र पाइन्छन् । ती प्रमाणमा विजयपुरको

---

१. इन्द्ररत्न बज्राचार्य– "माघ मेलाको महत्त्व", गोरखापत्र, पुस २०, २०४४ ।

२. ऐजन ।

३. शाहकालका अभिलेख, पृ. ५००-५१० ।

श्रीकालिका भनिएको पाइन्छ । ई. १७८९ को त्यहीँ रहेको अर्को शाहकालिक अभिलेखमा चाहिँ "विजैपुरदेशका श्री ३ कारिका महामाया" भनिएको छ ।[४]

कङ्केश्वरी पीठ

काठमाडौँमा विष्णुमतीको पूर्वी किनारमा सतीदेवीको कङ्काल पतन भएर कङ्केश्वरी पीठ बनेको भन्ने कसैको भनाइ छ ।[५]

जानुपतनबाट बनेको पीठ : नीलवराही कालीमाटी

नेपाल माहात्म्यमा सतीदेवीको गुह्यपतनबाट बनेको गुह्येश्वरी पीठ बनेको बताएपछि सतीदेवीकै अर्को अङ्गपतनबाट बनेको अर्को यहींको पीठको उल्लेख परेको छ । त्यहाँ बताइएअनुसार सतीदेवीको जानुपतनबाट वाग्मती र विष्णुमतीको रमाइलो संगममा पीठ बनेको छ, जुन पीठमा जप गर्नाले कृतार्थ (उद्देश्य पूरा हुने) होइन्छ ।[६]

नेपाल माहात्म्यको यो सन्दर्भको समर्थन तन्त्रचूडामणि नामको तान्त्रिक ग्रन्थले पनि गरेको छ किनभने त्यहाँ नेपालमा सतीदेवीको जानुपतन भई जयदुर्गा भनिने महामाया देवताको पीठ बन्न गएको र भैरव चाहिँ श्रीमान् कपाली भैरव हुन् भनिएको छ ।[७]

---

४. **शाहकालका अभिलेख**, पृ. १३८ ।

५. **इन्द्ररत्न वज्राचार्य**, ऐजन ।

६. **नेपाल माहात्म्य**, अ. ११, श्लोक १०७-८, पृ. ७९ ।
वाग्मत्या विष्णुमत्याश्च संगमे सुमनोहरे ।
पुराऽत्र हरिणा छिन्ना जानुः सत्या हरार्थतः ॥
अस्मिन् पीठे ये जपन्ति कृतार्थास्ते न संशयः ।

७. **वाचस्पत्यम्** भाग -५, पृ. ४३४९ ।
देवता जय दुर्गाख्या नेपाले जानु मे शिव ।
कपाली भैरवः श्रीमान् महामाया च देवता ॥

पीठ निर्णय नामको अर्को ग्रन्थको बङ्गाली पाठमा भने जानुको सट्टा दक्षिण जाँघ खसेको भनिएको छ ।[८]

यो पीठको ठीक-ठीक परिचय पाउन गाह्रो छ तर स्थानीय किंवदन्ती वा परम्परामा ताहाचल टंकेश्वरनेर अवस्थित नीलवाराहीपीठलाई पनि सतीदेवीको अङ्गपतनबाट बनेको पीठ मान्ने गरेको देखिएकाले र सो ठाउँ नेपाल माहात्म्यले बताएजस्तै वाग्मती र विष्णुमतीको संगमनिरै पर्ने भएकाले यही हुन सक्ने अनुमान गर्न सकिन्छ यद्यपि यसबारे विशेष खोजखाज गर्नु आवश्यक छ ।[९]

यस्तै महत्त्व मानिएर हो कि वि.सं. १९३१ मा यस पीठमा जात्रा चलाउन थालिएको निम्न लिखित विवरण वंशावलीमा पाइन्छ :

"विष्णुमती टंकेश्वरनेरका श्रीनीलवाराहीको अघि यात्रा गर्ने रीत चलेको थिएन, ३१ साल (१९३१ साल) चैत्रदेखि दुनियाँहरूका सम्मतले खटयात्रा चलाए । ३२ सालमा चैत्रका यात्रामा छिपा, साल्मी र ज्यापूहरू मिली खटको छाना सुनको र १२ मूर्ति बनाई ध्वजा र बाजाहरूले संयुक्त श्री लुमडीदेवीका यात्राको रीतबमोजिम यात्रा गरी स्थान पनि सबैका सम्मतले राम्रो पारेर सत्तल बनाई रमणीय गराए । त्यहाँ श्री ५ को सरकारबाट पनि नित्यपूजा गर्न ठूलो राखियो । त्यहाँदेखि नीलवाराहीको खटयात्रा चलेको हो ।"[१०]

---

८. D.C. Sircar— **The Sakta Pithas**, P. 45
नेपाले दक्षिण जङ्घा कपाली भैरव ।
देवी ताथ महामाया सदा महोत्सव ॥
यो सन्दर्भलाई दिनेशचन्द्र सरकारले काल्पनिक भनिदिनु भएको छः– The nonmention of Pasupatinatha, the most famous deity in Nepal, in this connection seems to expose the imaginary character of the description. उहाँको यो भनाइ ठीक छैनभन्ने कुरा नेपाल माहात्म्यमा पनि सन्दर्भ पाइनाले स्पष्ट हुन्छ ।

९. इन्द्ररत्न वज्राचार्य– "माघ मेलाको महत्त्व", **गोरखापत्र** पुस २०, २०४४ । मा "काठमाडौं ताहाचलमा शिर पतन भई नीलवाराही" पीठ बनेको भनिएको छ । जानुको ठाउँमा शिर भनिएको भए तापनि नीलवाराही पीठको महत्त्व त यसबाट बुझ्न सकिन्छ नै ।

१०. "नेपाल देशको इतिहास" (वंशावली), **प्राचीन नेपाल** सङ्ख्या २७, वैशाख २०३१, पृ. १५ ।
टिप्पणी:– कपाली भैरव भनेर पचली भैरवलाई भनिएको हो कि ? यसबारे विशेष खोजी हुनुपर्ने देखिन्छ ।

त्रिपुरासुन्दरी पीठ

वंशावली साहित्यमा सुरक्षित एक सन्दर्भअनुसार भक्तपुरमा पनि सतीदेवीको अङ्गपतनबाट एउटा पीठ बनेको छ :

"पञ्चाशत् पीठमध्ये नेपाल भूमिका उद्यान नाम पीठमा सती देवीको पृष्ठका अस्थिपातको स्थानमा त्रिपुरसुन्दरी नाम गच्याकी देवी संसुष्कोदरी नाम योगिनी भैरवेश्वर नाम शिवलिङ्ग उत्पत्ति भै मनुष्यकन मोक्ष दिन्या स्थान भै गया यसै पीठमा त (ति) लमाधव भनी प्रख्यात हुन गयो ।"[११]

भक्तपुरमा तिलमाधव स्थान रहेको ठाउँमा पिठ्यूँको हाड खसेको हुनाले त्यहाँ त्रिपुरासुन्दरी पीठ बनेको कुरा वंशावलीको उपर्युक्त उद्धरणले बताएको छ । यसबारे अरू खोजी हुन बाँकी नै छ ।

छायाछत्र पीठ

कुनै तान्त्रिक साहित्यको सन्दर्भ उपलब्ध नभए पनि छायाछत्र पीठ नामको अर्को पीठलाई पनि सतीदेवीको अङ्गपतनबाट बनेको पीठ मानिन्छ । यो पीठको देवमालावंशावलीमा यस्तो परिचय पाइन्छ :

"आदि युगमा दक्ष प्रजापतिका अपमानले यज्ञकुण्डमा फाल हाली प्राणमोचन गरेकी सतीदवीको मृतक शरीरलाई औं श्री महादेवबाट पीठमा बोकी पृथ्वी भ्रमण गरिरहेका बखत औं श्री[१२] विष्णुका मायाले झिँगा उत्पत्ति गरी पठाई दिँदा ती सतीदेवीको लास गलित भएपछि अङ्गपतन हुँदै आई बाँकी रहेका हाडखुड जम्मै पतन भएका पीठ हुन् यिनै परमेश्वरीको तप गर्नालाई यस ठाउँमा अष्ट भैरहरूठाउँठाउँमा विराजमान भएका छन् । यिनलाई आजकाल भुतिसल भन्छन् । यसको पूरा नाउँ भुतेश्वर भुतेश्वरी हुन् ।"[१३]

---

११. भाषावंशावली भाग -१ पृ. १४, त्यहीं तिलमाधव रहेको स्थानलाई उद्यान पीठ भनिएको छ ।

१२. देवमालावंशावली, पृ. ८७-८८ ।

१३. इन्द्ररत्न वज्राचार्य–"छपन्न श्वरीमध्येको एक देवी: भूतेश्वरी", गोरखापत्र चैत्र २१ गते २०४३ । एकथरी स्वस्थानी व्रतकथामा सतीदेवीको कुनै अङ्गपतन भई गोकर्णमा गोकर्ण पीठ उत्पन्न भएको उल्लेख गरेको पाइन्छ: अच्युतानन्द राजोपाध्याय जुजु–श्री स्वस्थानी धर्मव्रतकथा (नेपाल भाषा), सं. २०३७ पृ. १०३, हितैषी कम्पनी– श्री श्री स्वस्थानी व्रतकथा, पृ. १०२ यो गोकर्ण कहाँको हो ठेगान गर्न सकिएको छैन ।

यो पीठ काष्ठमण्डपको अगाडिपट्टि रहेको छ भन्ने कुरा इन्द्ररत्न बज्राचार्यबाट थाहा पाउन सकिएको छ यद्यपि उहाँले यस ठाउँमा सतीदेवीको भुँडी खसेको हो भन्नु भएको छ ।[१४]

उपर्युक्त विवरणहरूको पृष्ठभूमिमा र यहाँका अन्य पीठ मन्दिर र इतिहासको धारा कर्मकाण्डी परम्परासमेत जोडेर हेर्दा नेपाल एक प्रमुख शक्ति क्षेत्रका रूपमा प्रतिष्ठित रहिआएको कुरा स्पष्ट बुझ्न सकिन्छ । यसैले निकै पहिलेदेखि नेपालमा एक शक्ति पीठका रूपमा अन्तर्राष्ट्रिय रूपमा पनि प्रतिष्ठित रहिआएको देखिन्छ ।

नेपाल पीठ

तान्त्रिक साहित्यले तान्त्रिक उपासनाको उपयुक्त पवित्र स्थानका रूपमा पीठसम्बन्धी धारणाको विकास गरेको हो । यो पीठसम्बन्धी धारणाको विकाससँग घनिष्ठ रूपले सम्बद्ध भएको सतीदेवीको अङ्ग प्रत्यङ्गको पतनसम्बन्धी तान्त्रिक र पौराणिक विवरण पाइन्छ ।[१५] ऐतिहासिक दृष्टिले भन्ने हो भने यस्तो सिद्धान्त ईस्वी चौथो शताब्दीतिर प्रसिद्ध भइसकेको थियो । सतीको अङ्गपतनबाट बनेका पीठहरूबारे प्राचीन र अर्वाचीन गरी विस्तृत विवरण पाइन्छ र तिनमा नाम र स्थानको विविधता पनि उत्तिकै देखिन्छ ।

---

१४. वाचस्पत्यम् भाग – ५, पृ. ४३४१ ।
पीठः मन्त्रसिध्यर्थजपस्थानभेदे विष्णुचक्रेण विभक्तस्य सतीदेहस्य तत्तदंग भेदपतनात् तत्तत्स्थानस्य पूज्यता तत्र पीठानि अङ्गप्रत्यंगभेदपतनं च ।

१५. ततः पीठानि पञ्चाशदेकं च क्रमतो न्यसेत् ।
कामरूपं वाराणसीं नेपालं पौण्ड्रवर्धनम् ॥
ब्रह्माण्डपुराण उत्तरखण्ड ललितोपाख्यान अ. ४० श्लोक ९३ वायुपुराणमा (४२७९) पनि यस्तै सन्दर्भ पाइन्छ :
पौण्ड्रवर्धननेपालपीठं नयनयोर्युगे ।
पीठम्पूर्णगिरिन्नाम ललाटे समदृश्यत ॥
मेरुतन्त्रअनुसार इकारको उत्पत्ति नेपालमा भएको हो र न्यास गर्दा "इं नेपालपीठाय नमः" भनेर दाहिने आँखामा छुनुपर्छ । कुब्जिकातन्त्रमा, सिद्धपीठको सूचीमा नेपालको नाम परेको छ :
नेपालं कर्णसूत्रन्च महाकर्णं तथा प्रिये ।
वाचस्पत्यम् भाग - ५, पृ. ४३४२ ।

भारतवर्षका विभिन्न स्थलहरूलाई पीठको मान्यता दिने क्रममा नेपाललाई पनि त्यस्तो मान्यता दिइएको कुरा सम्बद्ध साहित्यको अध्ययनबाट स्पष्ट हुन्छ ।

नेपाललाई पीठका रूपमा परिचय दिने केही पुराना सन्दर्भ ब्रह्माण्ड पुराण र वायुपुराणमा उपलब्ध हुन्छ । ब्रह्माण्ड पुराणमा ललित त्रिपुरसुन्दरीको पूजा क्रममा साधकले ५१ पीठहरूको न्यास गर्दा नेपालको पनि न्यास गर्नु पर्ने तथ्यको उल्लेख पाइन्छ ।[१६] वायु र ब्रह्माण्ड दुवै पुराणलाई इतिहासकारहरूले साधारणतया ईस्वीको तेस्रोदेखि पाँचौं शताब्दी बीचको रचना मानेका छन् । यो कालनिर्धारणमा केही अझ तल झर्नु परे पनि तान्त्रिक धार्मिक क्षेत्रमा नेपाल पीठको स्थिति रहनु महत्त्वपूर्ण छ ।

१६. G.V. Devasthali- The Classicial Age, P. 298

प्रताप मल्लद्वारा गुह्येश्वरी पीठको उद्धार

देवीभागवत, वाराहपुराण, हिमवत्खण्ड, नेपाल माहात्म्य र भाषा वंशावलीहरूले गुह्येश्वरीको उल्लेख गरेको हुनाले नेपालको यो महत्त्वपूर्ण शक्तिपीठ कम्तीमा दशौँ शताब्दीदेखि प्रसिद्ध भई आएको बुझ्न सकिन्छ । अझ गोपाल वंशावलीको भृङ्गारेश्वरीको प्रमाणलाई पनि मान्यता दिने हो भने गुह्येश्वरीको प्राचीनता पशुपतिनाथसँगै जोड्न सकिन्छ । यस्ता साहित्यिक विवरण पाइए पनि गुह्येश्वरीको उपासना जनसमाजमा लोकप्रिय भएको सन्दर्भ नपाइनु रहस्यपूर्ण लाग्दछ ।

हुन त एकथरी वंशावलीमा "उनै गुह्यकाली जलज्योति रूप भै पोखरी जस्ती भै अल्प भैरहेका थिए" भनेर पछि शङ्करदेव राजाका पालामा कलिगत १७९९ मा तान्त्रिक नृसिंह ठाकुर नेपाल आई बसेका बखत मलाई प्रकाश गर भनी स्वप्नमा आज्ञा भएको हुँदा स्वप्नबमोजिम र हिमवत्खण्ड नेपाल माहात्म्यको अनुसार प्रमाण मिलाई श्लेष्मान्तक वन विषे खोजी गर्दा उत्तरवाहिनी वाग्मतीदेखि पश्चिम किरातेश्वरदेखि पूर्व मृगस्थली वनदेखि उत्तर यति भित्र गई हेर्दा नृसिंह ठाकुरले त्यही पोखरी जस्तो पानी जमिरहेको र पानीभित्र ईश्वरको जलज्योतिलाई दर्शन पाउँदा स्वप्न भएको कुरा प्रत्यक्ष हुँदा ईश्वरीको जल ज्योतिलाई छोपी चारैतर्फ गिर्दा पर्खाल लगाई अति रमणीय मन्दिर बनाई दिएको थियो" भनिएको छ ।[१]

अर्को थरी वंशावलीमा नरसिंह देवताका भक्त नरसिंह ठाकुरलाई प्रताप मल्लका समकालिक मानी उनको प्रयासबाट गुह्येश्वरी पत्ता लगाई पूजा गर्न थालेको बयान पाइन्छ । सो वंशावली अनुसार[२] प्रताप मल्लको शासनकालको पछिल्लो भागतिर नरसिंह देवताका भक्त नरसिंह ठाकुर नेपाल आई पञ्चभैरव

१. देवमाला वंशावली, पृ. १९, भाषावंशावली भाग–२, पृ. ९०, संस्कृत सन्देश, वर्ष १, अङ्क ११, पृ. ३३ ।

२. हसरत, पृ. ७७ ।

(पञ्चलिङ्ग भैरव पचली ?) नेर बसेका थिए । राजा प्रताप मल्ले उनी आएको थाहा पाएर भेट्न गएका थिए । उनै नरसिंह ठाकुरको सल्लाहबाट गुह्येश्वरी पीठको खोजी गर्न सुरु गरियो । महांकाल संहिता तन्त्रको वर्णनअनुसार श्लेष्मान्तक वनमा खोज गर्दा राजा प्रताप मल्लका साथ गएका खड्गधारी (खड्गी ?) र तेलकार (साल्मी, मानन्धर ?) ले गुह्येश्वरीकुण्डको चिह्न फेला पारे । यसपछि राजा प्रताप मल्लले गुह्येश्वरी कुण्डलाई फलामका सत्तरी लगाएर सुरक्षित पारी कुण्डनजिकै नवदुर्गा, गणेश, नरसिंह र भैरवहरूका मूर्तिको स्थापना गरे । ती राजाले यहाँ एउटा घर (सत्तल) बनाएर र एउटा सिंह स्तम्भ खडा गरे ।

एकथरी वंशावलीमा अघि शङ्करदेव राजाका पालामा नृसिंह नामका महापुरुष (नृसिंह ठाकुर) ले गुह्येश्वरीको कुण्ड बनाई राखेको गुह्येश्वरीको स्थान बिग्रको हुँदा :

"राजा प्रताप मल्ले गुरु लम्बकर्ण भट्टसँग सम्मत गरी संवत् ७७४ वैशाख शुक्ल ११ रोज ५ का दिन श्री गुह्येश्वरी कुण्डमा बडो यत्नसँग फलामका दलिन लगाई चारैतिर पर्खाल बनाई ढुङ्गाले छापी ईश्वरीका जल ज्वाला ढाकी अष्टदल पत्र यन्त्राकार भैरव सहित गरी कुण्ड सुन्दर गरी बनाई फटिकका कलशाकार बनाई नित्य नैमितिक पूजा गराया । .... श्री गुह्येश्वरीका स्थानमा तेली खड्की चोला गरी राषि दिया ।"[३]

माथि चर्चित सन्दर्भहरूमा शङ्करदेव नामका कुनै राजाको पालामा नरसिंह ठाकुरको प्रयासबाट गुह्येश्वरी पत्ता लगाएका चर्चा पाइन्छ भने कतै तिनै नरसिंह ठाकुरलाई प्रताप मल्लसँग पनि सम्बद्ध गराइएको पाइयो ।

अर्काथरी वंशावलीमा भने प्रताप मल्लसँग लम्बकर्ण भट्ट र नरसिंह ठाकुर दुवैको घनिष्ठता देखाइएको छ र नरसिंह ठाकुरले महाकाल संहिता पढेर श्लेष्मान्तक वनको उत्तरतर्फ गएर हेरी ईश्वरीको पीठ रहेको ठाउँको पत्ता लगाए । यो कुरा राजा प्रताप मल्ललाई भन्दा राजाले आफ्ना प्रजालाई त्यो ठाउँमा एउटा तलाउ खन्न लगाए र ईश्वरीको पत्ता लाग्यो यसपछि ती राजाले

---

३. **भाषा वंशावली**, भाग २, पृ. ९०, **संस्कृत सन्देश**, वर्ष १, अङ्क ११, पृ. ३३, यो पछिल्लो सन्दर्भमा "आवरण देवता सव यथाक्रमले स्थापना गरी षम्ममा सिंह सालिक राषी दिया" यति थप कुरा छ ।

ईश्वरीको पीठ मुन्तिर रहेको अग्निज्योतिलाई माथि आउन नसक्ने पार्न फलामका दलिन यन्त्रका रूपमा राख्न लगाएर त्यसमाथि अष्टदल पद्मरुपी यन्त्रको स्थापना गरे। त्यहीं राजाले भैरव, श्लेष्मान्तक वनका नवदुर्गा गण र हिंस नरसिंहको स्थापना गरे। पीठ वरिपरि पर्खाल बनाइयो र आँगनमा पत्थरका दुई खम्बा खडा गरी सिंह र मानिसको मूर्ति थापियो। यसरी गुह्येश्वरी काली महामायाको पत्ता लागेको ती राजाले यहाँ शिलालेख पनि लेखाए भनी उक्त वंशावलीमा शिलालेखको पनि संक्षिप्त विवरण दिइएको छ।[४]

राजा प्रताप मल्लका अभिलेख यहाँ पाइनाले ती राजाबारे वंशावलीमा लेखिएका कुरा सत्य देखिएका छन् तर नरसिंह ठाकुर वा लम्बकर्ण भट्टको सम्बन्धबारे केही भन्न सकिँदैन।

फुटकर सन्दर्भको दृष्टिले भन्ने हो भने माथि चर्चित पौराणिक सन्दर्भपछि प्रताप मल्ल अघिको अवधिका लागि केही उल्लेख पाइनाले उक्त दुई सन्दर्भका बीचमा सम्पर्क सूत्र गाँसिएको पाइनु महत्त्वपूर्ण छ।[५] ने.सं. ७३१ (ई. १६११) को चाँगुको ताम्रपत्रमा साक्षी राखिएको देवताहरूको क्रममा "श्री श्री श्री गुह्येश्वरी" को पनि नामोल्लेख पाइन्छ।[६] यसैगरी ने.सं. ७४२ (ई. १६२२ मा सारिएको विश्वप्रकाश कोषको पुष्पिकावाक्यमा 'श्री गुह्येश्वरी नमः' भनिएको पाइन्छ।[७]

राजा प्रताप मल्लले गुह्येश्वरी स्थानमा अनेक निर्माण कार्य गरी अभिलेख लेखाएर राखेको पाइन्छ।[८] एउटा अभिलेख नेपाल संवत् ७७४ (ई. १६५४) को छ, जुनको सुरुको भागमा प्रताप मल्ल आफैंले लेखेको १८

---

४. D. Wright— **History of Nepal,** Ranjan Gupta, Calcutta, 1966. P. 148.

५. हरि श्रेष्ठ– **नेवारी लोकगीत,** नेराप्रप्र, २०३१, पृ. ११६ मा श्री गुह्येश्वरीमाता शीर्षकको भजन अनूदित रूपमा छापिएको छ। भजनको अन्त्यमा 'सदाशिव' नाम परेकोमा सम्पादक अनुवादकाले कान्तिपुरका राजा सदाशिवमल्ल (ई. १५७४–८१) मान्नु भएको छ। यसलाई पनि प्रामाणिक मानेमा प्रताप मल्ल अघिको गुह्येश्वरीसम्बन्धी प्रमाणहरूमा यसको विशेष महत्त्व मान्न सकिन्छ।

६. **मोहनप्रसाद खनाल– चाँगुनारायणका ऐतिहासिक सामग्री,** पृ. २७६।

७. **बृहत्सूचीपत्र,** नवम भाग, पृ. ६८।

८. योगीनरहरिनाथ– "गुह्येश्वर्या इतिहास (प्रतापभूपालशिलालेख)"– **संस्कृत सन्देश** वर्ष, १, १०-११-१२ संयुक्तांक, पृ. २६-३४।

श्लोकको 'सर्वापराध स्तोत्र' हो, जसमा ती राजाले गुह्येश्वरीको भव्य स्तुति गरेर आफ्ना अपराधको माफी मागेका छन् । यसपछि पनि गुह्येश्वरीको आफैंले लेखको ११ श्लोकको "कालिका भुजङ्गदशकं" स्तोत्र लेखिएको छ । यसैको अन्तिम भागमा आफूले मन्दिर बनाएको र ठूलो पूजा गरेको वर्णन गरेपछि नेवारी भाषामा मन्दिर बनाउँदा भएका अज्ञात अपराध भएकोमा देवीसँग माफी माग्न श्लोकहरू लेखेको आदि छोटकरीमा लेखिएको छ । यही अभिलेखमा सिंहध्वज थापेको उल्लेख भएझैं सिंहध्वज पनि मन्दिरको आँगनमा छ, त्यसमा पनि नेपाल संवत् ७७४ कै मिति छ ।[९]

मन्दिर बनाएको करिब ६ वर्षपछि प्रताप मल्लले गुह्येश्वरीको मूल पीठ (जल रहने कुण्ड ठाउँ) लाई घेरेर सुनको दोहोरो कमलपत्र बनाएर चढाएको कुरा त्यसै कमलमा लेखेर राखिएको लेखबाट थाहा पाइन्छ (हाल यो फेरिसकिएको छ क्यारे) ।[१०]

प्रताप मल्लले गुह्येश्वरीको स्थानमा सिंहध्वज खडा गरेको र "दिव्य देवालय" बनाएको उल्लेख अभिलेखमै गरिएको छ ।[११] अभिलेखको नेवारी भागमा पनि त्यही कुरा लेखिएको र मन्दिर (र देवीको पनि) प्रतिष्ठा गर्दा हुन गएको सर्व अपराधको माफी पाउनाका लागि स्तुति श्लोकहरू लेखाइएको कुरा भनिएको छ ।[१२]

प्रताप मल्लका यहाँ पाइएको अभिलेखकको मिति हेर्दा उनले सर्वप्रथम ने.सं. ७७४ माघ शुक्ल एकादशी बौद्धवार (बुधबार) को दिन सिंहध्वज

---

९. शङ्करमान राजवंशी– कान्तिपुर शिलालेख सूची, पृ. ७९ ।
श्री गुह्येश्वरीप्रीतिन भूपकेशरी श्री श्री जयप्रतापमल्लदेवन थ्व सिंहध्वजतया सम्वत् ७७४ माघशुक्ल एकादशी बोद्धबारे कुन्हु

१०. गुह्येश्वरी स्थापितं तद्वरकनकमयं पद्मपत्रद्वयं च ॥
संस्कृत सन्देश वर्ष १ १०-११-१२ संयुक्तांक पृ. ३३

११. इत्थं राजाधिराजस्तरणिकुलजनिः श्री प्रतापाभिधानो
निर्म्मायोदग्रसिंहध्वजवलितममुं दिव्यदेवालयं च ॥

१२. श्री ३ गुह्येश्वरी प्रीतिन श्री २ कवीन्द्रजय प्रतापमल्लदेव न यत खार रोहो व सिंहध्वज आदि न चेकन अतन चिङा ओ सकल्यं (ल्यं) मिनका ओ प्रतिष्ठायां विज्याडा समस्त अपराध क्षमाया विज्याचके कारण स श्री २ कवीन्द्रजय प्रतापमल्लदेवन थम श्लोक चिङा ओ ।

चढाएको देखिन्छ ।[१३] यसपछि स्तुति श्लोक भएको शिलालेख थापिएको देखिन्छ, जुनमा ने.सं. ७७४ वैशाख कृष्ण षष्ठी बृहस्पतिबार मिति लेखिएको छ । यसको ६ वर्षपछि ती राजाले गुह्येश्वरीको खास स्थानमा सुनको कमलपत्र ने.सं. ७८० आषाढ शुक्लको कुनै दिन चढाएका थिए भन्ने देखिन्छ ।[१४]

यति वर्णनबाट प्रताप मल्लले यहाँ उपर्युक्त निर्माण कार्य गर्नुअघि गुह्येश्वरीको पीठ जलकुण्डका रूपमा रहेको अनुमान हुन्छ र यही रूपमा गुह्येश्वरीको आराधना गरिन्थ्यो भन्ने देखिन्छ । प्रतापमल्ल स्वयंले पनि पहिले त्यस्तै प्राकृतिक कुण्डको आराधना 'श्री ३ गुज्येश्वरी'का रूपमा गरेका थिए भन्न सकिन्छ । पशुपति भण्डारमा रहेको प्रताप मल्लको ने.नं. ७६४ (ई. १६४४) को ताम्रपत्रमा[१५] उनी राजाले शिवरात्रिमा पशुपतिनाथको पूजा इत्यादि गर्ने र भोलिपल्ट 'श्री ३ गुज्येश्वरी'को पूजा गर्न केही जग्गा गुठी राखिदिएको उल्लेख पाइन्छ ।[१६] यो प्रमाणले अर्कोतिर पशुपति र गुह्येश्वरीको शिवशक्तिका रूपमा मानिएको बुझाउँछ । प्रताप मल्लकै पशुपतिस्थानको तुलादान स्मारक खम्बाको ने.सं. ७७७ (ई. १६५७) को अभिलेखमा 'श्री श्री श्री गुह्येश्वरी श्री श्री श्री पशुपतिर्जयति' लेखिएको पाइन्छ ।[१७]

इ. शि. बाबुराम आचार्यले राजा प्रताप मल्लको गुह्येश्वरीप्रति लगाव हुनाको कारणबारे टिप्पणी गर्दै भन्नु भएको छ कि उनले कालीको उपासना वाममार्गको नियमअनुसार पनि चलाउनका लागि गुह्यकाली वा गुहेश्वरी र

---

१३. श्री ३ गुह्येश्वरीप्रीतन भूपकेशरी श्री श्री जय प्रतापमल्लदेवन थ्व सिंहध्वजतया ॥ सम्वत् ७७४ माघ शुक्ल एकादशी बौद्धवार कुन्हु ।

१४. प्रतापमल्लले गुह्येश्वरी कुण्डको जल उत्तरवाहिनी वाग्मतीमा आउने गरी बनाइ दिएको चर्चा पनि देवमालावंशावली पृ. ९७ मा भएको पाइन्छ ।

१५. गोविन्द टण्डन– "श्री पशुपतिनाथ मन्दिरमा बाजासम्बन्धी व्यवस्था: एक चर्चा", शैवभूमि, अङ्क २ वि.सं. २०४२, पृ. ३३-३४ ।

१६. उक्त ताम्रपत्रमा 'श्री ३ गुज्येश्वर्या: पूजनं कारयितुं च' भनी संस्कृत भागमार नेवारी भागमा 'श्री ३ गुज्येश्वरी'को उल्लेख भएको पाइन्छ ।
यो ताम्रपत्रको पीठ र मितिबारे पनि केही शङ्का गर्ने ठाउँ रहको अनुभव गर्न सकिन्छ । हुन त साधारण जनताले 'गुजेश्वरी'को रूपमा पनि गुह्येश्वरीकी सम्झना गरेको पाइन्छ तर प्रतापमल्लको ताम्रपत्रको संस्कृत भागमा गुज्येश्वरी रूप पाउनु अचमम लाग्दो कुरा देखिन्छ ।

१७. कान्तिपुर शिलालेख सूची, पृ. ८५ ।

गुह्यभैरवको मूर्ति स्थापना गरी उपासना गरेका थिए ।[१८]

प्रसिद्ध तान्त्रिक धन शमशेर ज.ब.रा.ले प्रताप मल्लको गुह्येश्वरीप्रतिको लगावबारे ज्यादै महत्त्वको कुरो भन्नुभएको छ कि ती राजाले तुलजादेवी र गुह्येश्वरीलाई समष्टि गरेर मान्न थालेका थिए ।[१९] धन शमशेरज्यूले राजा प्रताप मल्ले नै गुह्येश्वरीको यात्रा पनि थालेको मान्नुभएको छ, जुन यात्रामा गुह्येश्वरीको कलश हनुमान् ढोकाको तुलजा मन्दिरमा ल्याई पूजा गरिन्छ । त्यही यात्रा पछि भएका जगज्जय मल्लले सुरु गरेको भन्ने पनि उल्लेख पाइन्छ । वास्तवमा कुरा जे भए पनि तुलजासँग गुह्येश्वरीको समष्टि गरेको भन्ने कुरो महत्त्वपूर्ण छ र यसै कारणले गुह्येश्वरीको मान्यता बढ्न गएको पनि हुन सक्छ ।

राजा प्रताप मल्लले गुह्येश्वरीको विशेष मान्यता गरेकोमा केही ऐतिहासिक कारण हुनु पर्ने देखिन्छ । प्रताप मल्लले आफ्ना पिता लक्ष्मीनरसिंह मल्लबाट आफ्ना कुलपरम्पराको इष्टदेवी तुलजाको मन्त्र सुन्न पाएका थिएनन् भन्ने भाषा वंशावलीमा बयान गरिएको पाइन्छ ।[२०] यो अभाव पूर्तिका लागि प्रताप मल्ले तुलजा र गुह्येश्वरीको समष्टि गराएर उपासना गर्न थालेको हुनु धेरै सम्भव लाग्दछ ।

गुह्यकाली 'कामकलाकाली' पनि मानिन्छन् र शक्ति तान्त्रिक पद्धतिको माथिल्लो तहको कामकला साधना पनि प्रताप मल्लले गरेको अन्दाजी गर्न सकिन्छ किनभने वंशावलीमा प्रताप मल्लबारे यस्तो भनिएको पाइन्छ :

"फेरि यी राजाले यौवनावस्था पूरणार्थ स्त्री भोग लक्ष्य योनि क्रिया पुऱ्याउन्या इच्छाले स्त्रीहरू बुझ्नाई खुसी राजी गरी क्रीडा गर्दा ३००० सम्म पुगेपछि ..... ।[२१]

यस्तै साधनाको क्रममा प्रताप मल्लले गुह्येश्वरीतर्फ ध्यान दिएको हुनु पर्दछ भन्ने हामीलाई लाग्दछ ।

---

१८. नेपालको संक्षिप्त वृत्तान्त, पृ. ७० ।

१९. कामकला रहस्य, पृ. १४७ ।

२०. भाषा वंशावली भाग - २ पृ. ८६-८७ ।

२१. प्राचीन नेपाल, ६, पृ. ४ ।

प्रताप मल्लका उत्तराधिकारीहरू कसैले पनि गुह्येश्वरीको पीठमा कुनै धार्मिक कृत्य गरेको उल्लेख पाउन सकिएको छैन । एक त प्रताप मल्ल पछि कान्तिपुर राज्यमा राजनीतिक कचिङ्गल भइरहने र राजा पनि उमेरदार नभएका हुनाले पनि त्यस्तो हुन गएको अनुमान गर्न सकिन्छ यद्यपि उनीहरूले अन्यत्र धार्मिक कृत्य गरेका थुप्रै प्रमाण उपलब्ध हुन्छन् । अर्को शब्दमा भन्ने हो भने प्रताप मल्लका उत्तराधिकारीहरूले गुह्येश्वरीप्रति उदासीन भाव लिएको अन्दाज गर्न सकिन्छ । यद्यपि त्यस अवधिमा गुह्येश्वरीको मान्यता अन्य व्यक्तिहरूले गरेर अनेक धार्मिक कृत्य गरेको प्रमाण उपलब्ध हुन्छन् । जस्तो राजा पार्थिवेन्द्र मल्लको पालामा "लालझा भन्याका तिरहुतिया ब्राह्मणले गुह्येश्वरीमा कवच यन्त्राकार गरी बनाई राजासहित भै चढाया । सो प्रतिवर्ष बालाचतुर्दशीका दिन अझतक राख्दैछन्" भन्ने वंशावलीको सन्दर्भ पाइन्छ ।[२२]

गुह्येश्वरीको आँगनमा रहेको घण्टामा लेखिएको अभिलेखबाट सो घण्टा ने.सं. ८३२ (ई. १७१२) मा शङ्कर भट्ट नामका भक्तले 'श्री ३ गुह्यकाली' को प्रीतिका लागि चढाएको भन्ने थाहा पाइन्छ ।[२३] सोही घण्टाको स्तम्भमा लेखिएको ने.सं. ८३३ (ई. १७१३) को अभिलेखमा उनै शङ्कर भट्टको केही परिचय थप गरिएको छ । त्यसअनुसार उनी शङ्कर भट्ट पशुपतिनाथका पुजारी राघवानन्द स्वामीका शिष्य थिए र उनी द्राविड ब्राह्मण थिए ।[२४]

ई. १७२२ मा भास्कर मल्ल (महीन्द्र सिंह) नि:सन्तान मरेपछि कान्तिपुरको राज्यको राजगद्दीमा बस्ने जगज्जय मल्ल र उनका छोरा जयप्रकाश मल्लले भने गुह्येश्वरीको ठूलो मान्यता गरेको पाइन्छ ।

---

२२. **प्राचीन नेपाल**, ६, पृ. ७, **हसरत** पृ. ८१, **भाषावंशावली** भाग-२, पृ. ९६, ई. १६९७ मा राजा भूपालेन्द्र मल्ल घर झगडा भएर गुह्येश्वरीमा बस्न गएको सन्दर्भ ठ्यासफूमा पाइन्छ (**पूर्णिमा** ३, पृ. ४४) ।

२३. **मोहनप्रसाद खनाल – मध्यकालीन अभिलेख**, पृ. ६७-६८, प्रवर श्री शङ्कर भट्टन श्री ३ गुह्यकालि प्रीतिन थव घण्ट दून्ता जूलो ॥

२४. **कान्तिपुर शिलालेख** सूची पृ. १४८ : श्री २ पशुपतिपूजावारी श्री राघवानन्द स्वामिया शिष्य द्राविड ब्राह्मण श्री शङ्खरभट्टन श्री ३ गुह्येश्वरी प्रीतिन थ्व घण्ट दुन्ता जरो ... ।

जगज्जय मल्ल–जयप्रकाश मल्लको गुह्येश्वरी सेवा

जगज्जय मल्लले कान्तिपुरको गद्दी पाएको गुह्येश्वरीको कृपाले हो भन्ने एक थरी वंशावलीको कथन पाइन्छ:

"यी राजालाई श्री गुह्येश्वरी प्रसन्न भै एक कोही मैथिली ब्राह्मणले स्वप्न विषे दर्शन दिई आजका चौथो दिनमा राज्याभिषेक पाउला भनी जगज्जय ठाकुरकन भनिदिनु भनी यस्ता तरहको वचस्वप्नविषे दर्शन दिई आज्ञा हुँदा सो मैथिली ब्राह्मणले जगज्जयकन भेटी ईश्वरीका अनुग्रहका वाणी स्वप्न प्रमाण मन्त्र उल्का वचन सुन्याका थिया। अकस्मात् दैवयोगले महीन्द्रसिंह मल्ल परलोक भै राजा शून्य हुँदा यिनै जगज्जय मल्लकन सतीले बोलाई प्रजाहरूसँग सम्मत गरी राज्याभिषेक दियाको हो।"[१]

अर्को थरी वंशावलीमा यही घटना अर्कै रूपमा बयानिएको पाइन्छ। "यी भास्करमल्ल राजापछि जय ज (गज्ज) यमल्ल वर्ष ४०। यी जग जयमल्लले अघि गुह्येश्वरीमा धेरै सेवा गर्दा यिनकन स्वप्ना देखायो– आज देखि ४ दिनभित्र मैथिली ब्राह्मण आउन्या छन्। तिनकन भेट गर्नु भन्या स्वप्ना हुँदा खोज्न पठाई भेट गरी स्वप्नाका कथा सुनाउँदा यी ब्राह्मणलाई पनि स्वप्ना भया र यीकन ब्राह्मणले मन्त्र सुनाई आजदेखि ४ दिनमा तिमी राजा हुन्या छौ भनी ब्राह्मण फर्की गया। अकस्मात् दैवका संयोगले भास्कर मल्ल शून्य भै सतीहरूले खोजी यिनलाई गद्दीमा राखिदिया।"[२]

वंशावलीका उक्त उद्धरणबाट जगज्जय मल्लले अकस्मात् कान्तिपुरको गद्दी पाएजस्तो लाग्दछ तर ऐतिहासिक दृष्टिले यो कुरा त्यति सत्य देखिँदैन।

---

१. भाषा वंशावली, भाग २, पृ. १०४, हसरत, पृ. ८४।

२. बालचन्द्र शर्मा– "काठमाडौं उपत्यकाको एक राजा.वंशावली", प्राचीन नेपाल सङ्ख्या, ६, माघ २०२५, पृ. १०।

महीन्द्र सिंहका अभिलेखहरूमा ने.सं. ८३५ तिर दुष्टसाक्षीका रूपमा देखिने नीरनारायण मल्लदेव उत्तराधिकारी रहेका र ने.सं. ८३७ र ने.सं. ८४१ का अभिलेखमा दष्टसाक्षीका रूपमा जगज्जय मल्लको नाम भेटिन्छ ।[३] ऐतिहासिक प्रमाणले यसो भनेको थाहा पाइन्छ तापनि महीन्द्रसिंहका उत्तराधिकारी बन्ने घटनालाई नै गुह्येश्वरीको अनुग्रहका रूपमा वंशावलीहरूमा उल्लेख गरेको हुन सक्दछ ।

वंशावलीमै जगज्जय मल्लले गुह्येश्वरीको सेवा गर्ने गरेको चर्चा पनि पाइन्छ । यो कुरा सत्य पनि हुन सक्दछ किनभने जगज्जय मल्लको एक शिलालेख पनि गुह्येश्वरीमा पाइन्छ । जुनमा उनले गुह्येश्वरीको जात्राका लागि गुठी राखेको बयान परेको छ । यस प्रमाणको चर्चा गुह्येश्वरी यात्राको वर्णनमा गरिएको छ ।

जगज्जय मल्ल र जयप्रकाश मल्लले गुह्येश्वरीको विशेष मान्यता गरेको ऐतिहासिक कारण हुन सक्ने पनि देखिन्छ ।

जगज्जय मल्ल र जयप्रकाश मल्लका टकमा महीपतीन्द्र मल्लको नाम लेखिएको पाइन्छ ।[४] यी महीपतीन्द्र मल्ललाई प्रताप मल्लले आफ्ना उत्तराधिकारी छानेका थिए तर उनले गद्दी पाउन सकेनन् र ई .१६८७ मा उनको हत्या पशुपतिमा गरिएको थियो । पछि प्रताप मल्लका वंशज भास्कर मल्ल (महिन्द्र सिंह) ई. १७२२ मा नि:सन्तान मरेपछि कोही एक सूर्यवंशका छोरीपट्टिका सन्तान जगज्जय नाम गर्‍याका 'ठाकुर' लाई राज्याभिषेक दिइएको थियो ।[५] विचार गर्दा जगज्जय मल्ल प्रताप मल्लले उत्तराधिकारी छानेका महीपतीन्द्र मल्लका नातेदार थिए र यही आधारबाटै जगज्जय मल्ल कान्तिपुर राज्यका उत्तराधिकारी बनी गद्दीमा समेत बस्न पुगेका थिए भन्ने अन्दाजी गर्न सकिन्छ । यसैले जगज्जय मल्लले महीपतीन्द्र मल्लको नाम आफ्नो टकमा सम्मानसाथ लेखाउन लगाएको हुनुपर्छ ।[६] यसरी जगज्जय मल्लको सम्बन्ध महीपतीन्द्रद्वारा

---

३. मोहनप्रसाद खनाल– **अभिलेख संकलन**, पृ. ४८, ४९, ५३ ।

४. **पूर्णिमा** १६, पृ. ३८०-८१, ज्योतिप्रकाशको टकमा पनि यही परम्पराअनुसार महीपतीन्द्र मल्लको नाम लेखिएको पाइन्छ ।

५. **भाषा वंशावली**, भाग – २, पृ. १०४ ।

६. बाबुराम आचार्य– **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह**, भाग १, पृ. ८५ मा जगज्जय मल्लाई महीपतीन्द्र मल्लका नातिनी ज्वाईं मान्नुभएको छ ।

प्रताप मल्लसँग जोडिन जाँदा प्रताप मल्लले गरेको देखिन्छ । विशेष रूपले मान्यता गरेको गुह्येश्वरीकै भक्ति जगज्जय मल्ल र जयप्रकाश मल्लले गरेको देखिन्छ ।

जयप्रकाश मल्लले त आफ्ना टकहरूमा 'श्री पशुपति', 'श्री ३ गुह्येश्वरी' लेखाएको पाइन्छ । गुह्येश्वरीको नाम टकमा लेखाउने पहिला राजाका रूपमा उनी देखिएका छन् । यसको कारण त पहिले भनिएजस्तै एक कारण त जगज्जय मल्लको परम्परा हो भने अर्को चाहिँ जयप्रकाश मल्ल आफू गद्दीबाट हटाएको बेलामा गुह्येश्वरीको तपस्या गरेपछि गद्दी फिर्ता पाएको बयान वंशावली साहित्यमा पाइन्छ । यसबारे यहाँ केही चर्चा गरिन्छ ।

गोर्खा वंशावलीमा[७] राजा जयप्रकाश मल्ले गुह्येश्वरीमा गरेको तपस्याबारे केही विवरण परेको पाइन्छ । त्यहाँ भनिएअनुसार राज्यच्युत भएर भौंतारिइरहेका जयप्रकाश मल्ले भादगाउँका एक सन्न्यासीबाट पाएको उपदेशबमोजिम फकिरको भेष गरेर दिनको एक कचौरा दूध र सात कोसा केरा मात्रै खाएर अखण्ड विभूति धारणा गरेर वाघाँबर आसन गरेर गाँजा अफिमको सेवन गरेर बस्दथे । राति-राति गुह्येश्वरीको मन्दिरभित्र बसेर जप गर्ने गर्थे । ६ महिनासम्म यस्तो गरेपछि गुह्येश्वरीको कुण्डबाट एउटा खड्ग निस्क्यो अनि ५-६ वर्षकी एक कन्याले उनलाई त्यो खड्ग दिई आफ्नो दरबार जानू सबै शत्रु वशमा हुन्छन् भनेको कुरा लेखिएको छ । यहीअनुसार जयप्रकाश मल्लले गद्दी फिर्ता पाएका थिए । यस घटनासम्बन्धी केहीं फरक कथा राइट वंशावलीमा पाइन्छ ।[८]

पद्म गिरीको वंशावलीमा[९] भने जयप्रकाश मल्ल गुह्येश्वरीमा आएपछि जोगीसँग भेट भएको र उनले खड्ग दिएको घटना बताई त्यहाँ एकजना बाँडासँग भेट भएको घटना बताइएको छ । उक्त स्रोतको बयानमा गद्दीच्युत भएका राजालाई देखेर बाँडाको आँखाबाट आँसु झरेको देखी जयप्रकाशले ती बाँडालाई तिम्री छोरी हाल कुमारी भएकी छन्, तिनको पूजा गर्ने बन्दोबस्त मिलाइदेऊ भनेर बिन्ती गरे । बाँडाले पनि कुमारीलाई आधा-रातमा नारायणहिटीनेर ल्याएर खास्टोले छोपेर राखी जयप्रकाशलाई खबर पठाए ।

---

७. योगी नरहरिनाथ (सं.) – गोर्खा वंशावली, काशी सं. २०२१, पृ. १६०-६१ ।

८. राइट, पृ. १५२ ।

९. हसरत, पृ. ८७-८८ ।

जयप्रकाश त्यहाँ आई एक सय पचास मोहर राखी कुमारीलाई ढोगेर आफूलाई परेको दुःख पुकारा गरे । कुमारीले उनलाई आफ्नो शिरमा लगाइराखेको फूल दिएर सबै ठीक हुनेछ भन्ने आश्वासन दिएर चार दिनपछि दरबार जाने आदेश दिइन् । यसपछि जयप्रकाश गुह्येश्वरी फर्केर चार दिनपछि उनका शत्रुहरूले त्यहाँबाट पनि धपाउन मान्छे पठाए । यो थाहा पाएर उनी गुह्येश्वरीको शरणमा पर्दा कुण्डबाट माछा निस्क्यो र सो माछा उनले तुरुन्तै खाई जोगीले दिएको खड्ग हातमा लिएर आफ्नो मन परेको घोडा पुरासनी (खुरासनी ?) मा चढेर आफूलाई धपाउन आउनेहरूमाथि तरबार चलाउँदै हटाउँदै मार्दै दरबार पुगे । गुह्येश्वरीको कृपाले जयप्रकाश एक्लै भए पनि उनको साथमा धेरै फौज भएको भान विद्रोहीलाई परेको थियो भन्ने उक्त वंशावलीको भनाइ छ ।

अर्को थरी वंशावलीमा[१०] यही घटना अर्कै रूपमा प्रस्तुत भएको पाइन्छः "जयप्रकाश मल्लले केही दिनसम्म श्री गुह्येश्वरीका चरणको शरण गरिरहँदा राजाको सेवादेखि ईश्वरी प्रसन्न भई एक ज्योतिस्वरूपका हातबाट खड्गदान पाया" ।

यहाँपछि मन्त्रीहरूका खेलले राजतखतबाट पतित भई धेरै दुःख पाई आफ्ना गद्दीमा आफ्ना पुत्र ज्योतिप्रकाश मल्लकन दयावती रानी र टौढिक काजी प्रभृति काजीहरूले राखी आफूकन निकाली नाना तरहको दुःख पाएको ४ वर्ष पुगी पाँचौं वर्ष लाग्दा ईश्वरीबाट खड्गदान पाई अब त मेरो दुःखहरण शत्रुको मरण हुन्या लक्षण आयो भनी मनमा धैर्य गरी हिक्मत नहारी दृढ भइरह्याका थिया । ...

.... गुह्येश्वरीका स्थानमा बस्न्या जागेश्वर वैद्यले आफ्ना घरमा भयाको सराजाम ल्याउँदै भोजन गराउँथ्यो । यस्तै समयमा कान्तिपुरका काजीहरूले अब त यो जयप्रकाश मल्ललाई देवपाटनमा राख्नु छैन, त्यहाँबाट पनि निकाल्न्या हो भनी सैन्य सिपाही लिई जाँदा यही खबर जयप्रकाश मल्लले सुनी आफूसँग रह्याका मानिस पठाई देउपाटनका मानिसहरू र त्यही सन्धिका मानिसहरू कसाही कुल्ल्या पोड्याहरूसमेत जम्मा गरी ईश्वरीका भित्र खण्डमा जाई प्रदक्षिणा गरी कुण्ड उघारी दर्शन गर्दा एक माछा उत्री

१०. श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृ. ७७९-८१, झन्डै यस्तै विवरण भाषा वंशावली, भाग-२, पृ. ११२-१३ मा पनि पाइन्छ ।

वेगसित आउँदा बीचमा टिपी उत्तिखेरै ग्रास गरी प्रत्यक्ष पाई खुसी भई साष्टाङ्ग दण्डवत् नमस्कार गरी वैरीको डर कत्ति पनि मनमा नराखी बाहिर निस्की जयप्रकाश मल्लले ... त्यस फौजलाई मार्दै हटाई .... श्री गुह्येश्वरीका अनुग्रहले लडाइँ फत्ते पाऱ्या ।"

देवमाला वंशावलीमा यही घटना ज्यादै संक्षेपमा यसरी भनिएको छ : "श्री राजा जयप्रकाश मल्लका काजी प्रधानमन्त्रीहरू एक गठ्ठा भै वर्ष छ का राजकुमार ज्योतिप्रकाश मल्ललाई राजगद्दीमा राखी राजा जयप्रकाश मल्ललाई धपाउँदा आखिर कुनै देवताको शरणमा जाँदा पनि आफ्नू राज्य हात नलाग्दा ओं श्री गुह्येश्वरीमा गै ३ महिनासम्म तप गरिबस्दा नेपाली संवत् ८६८ सालमा कुण्डभित्र एक अद्भूतको योगीबाट खड्ग वर प्रसाद पाई ती नीमकहरामी काजी प्रधानमन्त्रीहरूसँग लडाइँ गरी जिती आफ्ना राज्य हातमा लिई स्वतन्त्र राज्य गरे, यस्तो खड्गको वरप्रसाद अघि-अघिका राजाहरूले पनि बराबर पाइआएका थिए"[११]

बाबुराम आचार्यका विचारमा जयप्रकाश मल्ल २३ सेप्टेम्बर १७४६ सन्मा पदच्युत भएका थिए र ३० अप्रिल १७५० सन्मा दरबार फर्केका थिए ।[१२] तर आचार्यज्यूले वंशावलीमा बयान परेको गुह्येश्वरीको तपस्याबारे चर्चा नगरी कीर्तिपुरतिरबाट आफूले जम्मा गरेका सैनिक लिएर राजदरबार फर्केका थिए ।[१३]

जयप्रकाश मल्लले गुह्येश्वरीघाट र धर्मशाला बनाएका र आफ्ना पिता जगज्जय मल्लले गुह्येश्वरीमा राखेका पूजा गुठीमा थप बन्दोबस्त पनि गरेका थिए भन्ने वंशावलीमा थाहा पाइन्छ ।[१४]

यसै बेलामा रणजीत मल्लले गुह्येश्वरी मन्दिरमा चोर पठाई गुह्येश्वरीका गहनाहरू चोराए तर भादगाउँ फर्किंदा ती चोर अन्धा भएकाले गहना बाटामै

---

११. देवमाला वंशावली, पृ. २० ।
१२. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग - २, पृ. २४०, २८९ ।
१३. ऐजन, पृ. २८९ ।
१४. हसरत, पृ. ८९ ।

जङ्गलमा छोडे जुन ६ महिनापछि पाइएको थियो भनेर वंशावलीमा उल्लेख गरिएको पाइन्छ ।[१५]

गुह्येश्वरीसँग मैथिल र द्राविड भट्ट ब्राह्मणहरूको विशेष सम्बन्ध छ भन्ने कुरा नरसिंह ठाकुर (मैथिल) र लम्बकर्ण भट्टको उल्लेख गुह्येश्वरीको प्रताप मल्लद्वारा पुनः उद्धार गरेको आख्यानमा पाइनाले स्पष्ट हुन्छ । गुह्येश्वरीमै रहेको ने.सं. ८३२ र ८३३ का अभिलेखबाट पशुपतिका पुजारी राघवानन्द स्वामिका शिष्य द्राविड ब्राह्मण शङ्कर भट्टले गुह्येश्वरीको विशेष मान्यता गरेको बुझिन्छ । यसैगरी जगज्जय मल्लसम्बन्धी आख्यानमा मैथिल ब्राह्मणहरूले गुह्येश्वरीको विशेष सेवा गरेको र अलौकिक शक्ति पाएको थाहा पाइन्छ, यसैले वंशावलीमा जगज्जय मल्लले "मैथिल ब्राह्मणहरू गुह्येश्वरीका ठूला सेवक हुन्" भनेर धेरै मान-मानिता गरेको बताइएको पाइन्छ ।[१६]

यति संक्षिप्त सन्दर्भबाट गुह्येश्वरीको पूजा आराधना गर्ने चलन चलाउनमा मैथिल र द्राविड भट्टहरूको विशेष योगदान थियो कि भन्न सकिन्छ ।

---

१५. ऐजन ।

१६. प्राचीन नेपाल, ६, पृ. १० ।

शाह राजवंश र गुह्येश्वरी

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाको विजय गर्ने कार्यक्रम गर्दा अनेक थरीका उपाय प्रयोग गर्दा धार्मिक प्रयोगका रूपमा पशुपतिनाथमा "स्वस्त्ययन" अनुष्ठान गराउन लगाएको तथ्य थाहा पाइन्छ।[१] पशुपतिमा धार्मिक प्रयोग गराउँदा गुह्येश्वरीमा पनि केही पूजापाठ गराइएको हुनुपर्दछ यद्यपि यस्तो कुनै प्रमाण पाइएको छैन। तर उपत्यका विजयपछि लेखाई राखिएको वसन्तपुर दरबारको सं. १८२६ को अभिलेखमा "राजा पृथ्वीनारायणको वंश गुह्यकाली र पशुपतिको दुई पाउका धूलाका प्रसादले नेपालमा स्थिर भइरहोस्" भनिएको छ।[२] यस प्रमाणबाट पृथ्वीनारायण शाहले पशुपति र गुह्यकालीको ठूलो मान्यता गर्न थालेको थाहा पाइन्छ। वंशावलीहरूबाट पृथ्वीनारायण शाहले पशुपतिमा पञ्चामृत गुठी राखेको[३] र गुह्येश्वरीमा कसाईहरूलाई सेवक रूपमा खटाई जग्गा पनि दिएका थिए[४] भन्ने थाहा पाइन्छ।

पृथ्वीनारायण शाहले उपत्यकाको विजयपछि गुह्येश्वरीनेर दुर्गजपतीर्थमा ठूलो यज्ञ गरेका र गुह्येश्वरीको विशेष पूजा गरेको उल्लेख पाइन्छ।

पृथ्वीनारायण शाहका समकालिक कवि ललितावल्लभले आफ्नो भक्तविजय काव्यमा ८८ देखि ९८ श्लोकसम्म एउटा ठूलो यज्ञको आयोजना गरिएको

---

१. शाहकालका अभिलेख, पृ. ४१०।

२. ऐजन, पृ. ९४।
पृथ्वीनारायणस्य क्षितिपतिमुकुटप्रोतहीरस्य वंशो
नेपाले गुह्यकालीपशुपतिचरणद्वन्द्वधूलिप्रसादात्॥

३. देवमाला वंशावली, पृ. १६।

४. राइट, पृ. १७७।

वर्णन गरिएको छ। त्यस वर्णनअनुसार पृथ्वीनारायण शाहले उपत्यकाको विजय पूरा गरेपछि गुह्येश्वरीनजिकै रहेको दुर्गजय नामको तीर्थ सो ठूलो यज्ञ गरेका थिए र गुह्येश्वरीको पनि पूजा गरेका थिए। यो यज्ञको वर्णन भएको उक्त काव्यको सान्दर्भिक अंशको अनुवाद यहाँ उद्धृत गरिन्छ :[५]

"अनि गुह्येश्वरीनिरको दुर्गजय भन्ने तीर्थमा पितृहरूलाई सन्तुष्ट गराउने मन गर्नुभयो र चाँदीका सारा पात्रहरू बनाएर राम्ररी दक्षिणा दिएर उहाँले पूर्वाङ्ग श्राद्ध (आभ्युदयिक श्राद्ध) गर्नुभयो।

अनि चाँडै नै दुई छोरा र महारानीसमेत भई उहाँले होम पाठ बलिदानहरू गरेर, बाजाहरू बजाएर, सज्जन ब्राह्मणहरूलाई इच्छाभोजन गराएर दक्षिणाहरू दिएर श्री गुह्येश्वरीको पूजा गर्नुभयो।

ती पूजाहरू जयमङ्गल र सपुत्र चन्द्रशेखर आदि सज्जनहरूद्वारा सम्पन्न गराइए, जसमा श्री गुरुज्यूहरूसहित हरदत्त आदि ठूला-ठूला विद्वान्हरूको पनि पूजा गरियो।

जसमा विश्वनाथ शक्तिवल्लभ (अर्ज्याल), रामकृष्ण (कुँवर) आदि र अभिमान सिंह (बस्न्यात) आदि अत्यन्त शुरा धीर विश्वासपात्र व्यक्तिहरू पूजाआजाको सारा प्रबन्ध गर्ने काममा खटिएका थिए।

श्रद्धापूर्वकको पूजाआजाबाट देवताहरूले र राम्रो दक्षिणा र भोजनहरूबाट ब्राह्मणहरूले प्रसन्न भएर राजालाई त्यस्ता उत्तम आशिष दिए, जसबाट यहाँ राम्रो बनिबनाउ भयो।

श्री वाग्मतीको किनारमा वासना आउने अनगिन्ती फूलका माला घुसारेका, चित्र-विचित्रका रेखा भएका, यज्ञवैदिकस्वरूप निधार भएका, रेशम र पाटका उत्तमउत्तम वस्त्रले युक्त भएका, वक्षस्थलमा झैं माझमा रत्न-मोतीहरूले झकिझकाउ भएका, सुन्दर केराका थामले गर्दा चिल्ला-चिल्ला उरुस्थल भएजस्ता, सुनका घडारूपी स्तन भएका, कुशरूपी चुल्ठीले युक्त भएका, कपुर, कस्तुरी, श्रीखण्ड लेपन गरिएका, पट्टवस्त्र बेरिएका, थामारूपी लामा-लामा सुन्दर बाहुली भएका, कामाग्नि उद्दीपन भएका, योनि झैं काम्य अग्निकुण्ड

---

५. गौतमवज्र वज्राचार्य (सं.) – श्री ५ पृथ्वीनारायण शाहका उपदेश, पृ. ४१३-१४।

भएका, सिँगारिएका, राम्रा-राम्रा ठिटीहरू नै हुन कि भनेजस्ता यज्ञशालाहरू बने ।

उहाँले (पृथ्वीनारायण शाहले) कसैलाई मत्ता हात्ती, कसैलाई अग्ला-अग्ला घोडा र कसैलाई सेवा कुशल कमारा-कमारीहरू, कसैलाई सेता-सेता घरहरू दिनुभयो ।

कसैले धेरै-धेरै मोल पर्ने घरहरू पाए, कसैले ठूलाठूला गाउँहरू पाए, कसैले बाच्छासमेतका (दुहुना) गाई पाए त कोही दरिद्रहरूले असल लैना भैंसी भेट्टाए ।

क्षत्रिय वंशका धागाबाट बनेका बत्तीस्वरूप धर्ममूर्ति श्री पृथ्वीनारायणका दानका प्रभावले गर्दा उहाँका माग्नेहरू पनि भाग्यमानी भएर हात्ती दान गर्ने भए ।"

गुह्येश्वरीनेर यो यज्ञ गरी गुह्येश्वरीको विशेष पूजा गरिएको देख्दा पृथ्वीनारायण शाहले गुह्येश्वरीको विशेष भक्ति गरेको देखिन्छ ।[६]

गोरखाली शाहवंश कालीका उपासक भएकाले ती देवीको उपासना गर्ने चलन त चलिआएको हो तर उपत्यकाको विजय भएपछि गुह्येश्वरीलाई कालीरूपमा आफ्नै इष्टदेवीजस्तै गरी मान्न थालियो कि भन्ने अनुमान गर्न सकिन्छ किनभने माथि चर्चित सन्दर्भमा यस्ता धारणा व्यक्त भएको पाइन्छ । पृथ्वीनारायण शाहका छोरा र उत्तराधिकारी प्रतापसिंहले त आफ्नो टकमा गुह्येश्वरीको नाम नै अङ्कित गरेकाले गुह्येश्वरीको उपासना अब विशेष रूपले चल्न थाल्यो भन्न सकिन्छ ।

प्रतापसिंह शाहका उपलब्ध दुई चाँदीका टकमा अगाडिपट्टि "श्री श्री श्री प्रतापसिंह शाहदेव १६९६" (अर्कोमा १६६९) र पछाडिपट्टि "श्री श्री

६. यो विशेष यज्ञ र गुह्येश्वरीको पूजाको सम्बन्ध एक पुरानो घटनासँग छ कि भन्ने हामीलाई लाग्दछ । एक थरी वंशावलीमा राजा नरभूपाल शाहको पालामा राज्य विस्तारको कामनाले देवी-देवताको पुरश्चरण गर्न लगाउँदा राजगुरु गोकुलविलास पाण्डे गुह्येश्वरीमा पनि पुरश्चरण गर्न आएको कुरा लेखिएको पाइन्छ (हसरत, पृ. १२६) । उपत्यकाको विजय पूरा भएपछि गुह्येश्वरीनेर विशेष यज्ञ गरी गुह्येश्वरीको विशेष पूजा गर्नु र वसन्तपुरको आफ्नो अभिलेखमा गुह्येश्वरी र पशुपतिले राज्य स्थिर गरुन् भन्ने भाव व्यक्त हुनुमा अवश्य केही सम्बन्ध छ भन्न सकिन्छ ।

गोरख नाथ श्री श्री गुह्येश्वरी" लेखिएको पाइन्छ । गुह्येश्वरीको नाम टकमा राख्ने यो चलन शाहकालमा फेरि चलेन । यसैले प्रतापसिंह शाहको विशष भक्ति गुह्येश्वरीप्रति रहेको स्पष्ट हुन्छ ।

श्री ५ प्रतापसिंह शाहको धार्मिक धारणाबारे बाबुराम आचार्यको यस्तो भनाइ छः "प्रतापसिंह शाहका दीक्षागुरु वज्रनाथ पण्डितले आफ्ना शिष्यलाई पनि गुह्येश्वरीका उपासनाबाट सजिलसँग प्राप्त हुने सिद्धितिर लोभ्याइदिएका हुनाले प्रतापसिंह शाह गुह्येश्वरीका उपासक बने । यस वाममार्गको उपासनाका निमित्त युवतीहरूको आवश्यक हुँदा यसका निम्ति ल्याइएकी एउटी मैजू (ललितपुरका भूतपूर्व मन्त्री वीरनरसिंहकी छोरी ?) पट्टि पृथ्वीनारायण शाह जीवित छँदै प्रतापसिंह शाहका पहिला छोरा विदुर शाही जन्मेका थिए ।"[७]

बाबुराम आचार्यज्यूको उक्त वक्तव्यको आधार एक थरी वंशावलीको निम्न आधार देखिन्छ :

"यिनै पृथ्वीनारायण शाहका छोरा सिंहप्रताप शाहले आचा (र) हरूका छोरीहरू ४।५ जना स्वास्नी तुल्याई हिँड्दा पृथ्वीनारायण शाहले चाल पाई बुझाउँदा बुझाउन नसकी आफू नुवाकोट गई बसी नेपाल संवत् ८९५ साल माघ संक्रान्तिका दिन त्रिशूल गङ्गाका मोहानमा गै तीर्थमा शून्यमा प्राप्त भया ।"[८]

अघि प्रतापमल्लले तुलजा र गुह्येश्वरीलाई समष्टि गरेर उपासना गरेको अनुकरणमा प्रतापसिंह शाहले तुलजादेवी र गुह्येश्वरीको संयुक्त उपासना वाममार्गले (?) गरेको थाहा पाइन्छ किनभने वंशावलीमा उनले आचारहरूसँग मिलेर तुलजादेवीको सबै थरीका पूजा गरेका थिए भनिएको पाइन्छ :

"फेरि यी राजाले नेपालका रीत मगाई आचारहरूसँग गरी तुलजाका पूजा गरी समस्त कर्म गरी नेपाल संवत् ८९८ सालमा शान्त भै गया ।"[९]

---

७. बाबुराम आचार्य– **नेपालको संक्षिप्त वृत्तान्त**, पृ. ७० ।

८. बालचन्द्र शर्मा (सं.) – "काठमाडौं उपत्यकाको एक राज वंशावली", **प्राचीन नेपाली**, सङ्ख्या ६, माघ २०२५, पृ. १६ ।

९. **प्राचीन नेपाल**, सङ्ख्या ६, पृष्ठ १६, राइट, पृ. १७६ ।

प्रतापसिंहले उपाध्यायहरूबाट दीक्षामन्त्र पनि लिएका र त्यस अवसरमा आमन्त्रित उपाध्यायहरूलाई उनले राजोपाध्यायको उपाधि दिएको अनुश्रुति पनि पाइन्छ। वंशावलीमा अचारहरूको प्रयोग (तान्त्रिक अभिचार) बाट आफ्ना पिताको अकाल मृत्यु भएको ठहराएर रणबहादुर शाहले धेरै आचारहरूलाई इन्द्रायणी पीठमा काट्न लगाएको वर्णन पनि गरिएको पाइन्छ[१०] जसबाट पनि प्रताप सिंह शाहले आचारहरूसँग मिलेर तान्त्रिक प्रयोगहरू गरेको बुझ्न सकिन्छ।

प्रतापसिंह शाहको तन्त्रमार्गप्रति अभिरुचि धेरै पहिलेदेखि सुरु भएको थियो र यस कुरामा उनको आफ्ना पितासँग पनि केही ठाकठुक भएको कुरो वंशावलीको माथि उद्धृत वचनबाट बुझ्न सकिन्छ।[११] यही तान्त्रिक उपासना गर्दा प्रताप सिंहले धेरै तन्त्रग्रन्थको सङ्ग्रहसार गरेर ग्रन्थ पनि सम्पादन गर्न थाली पृथ्वीनारायण शाहको स्वर्गवास भएको केही दिनपछि नै "पुरश्चर्यार्णव" नामको तान्त्रिक सङ्ग्रहग्रन्थ वि.सं. १८३१ माघ शुक्ल पञ्चमीको दिन सिध्याइएको थियो।[१२]

वि.सं. १८०८ मा जन्मेका प्रतापसिंह शाहले वि.सं. १८३१ मा २३ वर्ष मात्रै भएको बेलामा त्यत्रो "पुरश्चर्यार्णव" ग्रन्थ लेखी सिध्याउनु आश्चर्यको कुरो छ र अरू पण्डितलाई लगाएको भए पनि[१३] ५-६ वर्ष अघिदेखि सो काम

---

१०. ऐजन, ऐजन, ऐजन।

११. पृथ्वीनारायण शाहको उपदेशमा""पुर्व पश्चिमका षस वाहुनलाई दरवारमा पठै हुन नदिनु क्यान भनौला वहिडा मान्छचाले दरवारमा विथिति गराउँछन्" भनेर पूर्वीया स्वरूपसिंह कार्कीलाई र पश्चिमा व्रजनाथ पौडेललाई सङ्केत गरिएको थियो। यी दुई जना र मैजू रानीको अगोर्खाली गुटले प्रतापसिंहलाई आफ्ना चंगुलमा फसाइसकेका थिए भनेर बाबुराम आचार्यले मान्नु भएको छ। (वृत्तान्त, पृ. ७१)

१२. गल्लीमा प्याँकिदिएका कसिंगर, पृ. ६५ मा उद्धृत श्लोक:
महाराजाधिराजेन सुरराजानुकारिणा।
श्रीमत्प्रतापसिंहेन विद्याब्धेः पारदृश्वना॥
संवत्सरे निशानाथवह्निनागधराङ्किते।
तपस्यर्जुनपक्षे हि तिथौ भास्करवासरे॥
पुरश्चर्यार्णवो नाम ग्रन्थ एष विनिर्मितः॥

१३. बाबुराम आचार्यज्यूले भन्नु भएझैं व्रजनाथ पण्डितले यो काम गरेको हुनु धेरै सम्भव छ।

थालेको अनुमान गर्न सकिन्छ । यसको अर्थ प्रतापसिंह शाह १५-१६ वर्षको उमेरदेखि तान्त्रिक उपासनामा प्रवृत्त भई वि.सं. १८२६ मा कान्तिपुर विजय भएपछि विशेष सक्रिय भएका देखिन्छन् । वि.सं. १८३१ मा पिता पृथ्वीनारायण शाहको स्वर्गवास भएपछि उक्त गतिविधि झन् बढको अनुमान गर्न सकिन्छ ।

प्रतापसिंह शाह वाममार्गमा लागेका थिए भन्ने कुरा उनले '४-५ जना स्वास्नी तुल्याई' भनेर वंशावलीले भनेको तथ्य र वाममार्गको मूल थलो गुह्येश्वरीलाई उनले मानेकोबाट स्पष्ट बुझ्न सकिन्छ ।[१४]

प्रतापसिंह शाहले गुह्येश्वरीको उपासना विशेष रूपले गरेका थिए भन्ने कुराका अरू केही प्रमाण पाइन्छन् । वंशावलीमा 'यी राजाले नेपाल रक्षिका गुह्येश्वरी भन्ने जानी सवा लाख १२५००० हंस अंड अनेक द्रव्यसहित चढाया' भनिएको छ ।[१५] यसैगरी वि.सं. १८३२ मा प्रताप सिंहको भित्रेनीले गुह्येश्वरीमा एक लाख सुगन्धराज फूल चढाउने आयोजना गरेको एक पत्र पाइन्छ :

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का आगे पाटंका अमालिदारप्रति भित्र्यानिबाट श्री गुह्येश्वरीकन शुकंधराजको फुल येक् लाष अर्पण भयाको छ तिम्रा अंबलमहा जति शुकंदराजको फुल छ टिपाई गनाई जति-जति हुंछ लेषासित काठमाडौं दर्वार दुवाऱ्याछेउ ल्याउ सर्वथा इति संवत् १८३२ आष (ा) ड शुदि ८ रोज ५ शुभं[१६] प्रतापसिंह शाहको भावनाको अनुकूल भएर उनकी महारानी राजेन्द्र लक्ष्मीले गुह्येश्वरीमा देवीको वाहन सिंह चढाउने भाकल गरेको र त्यो काम पनि वि.सं. १८८० मा ललितत्रिपुरासुन्दरीले पूरा गरेको कुरा सिंह रहेको खम्बामै लेखिएको छ ।[१७]

---

१४. पुरश्चर्यार्णवमा गुह्येश्वरी– गुह्येकालीबारेमा विस्तृत तान्त्रिक विवरण दिइएको कारण पनि त्यही हुनुपर्दछ– धनशमशेर ज.व.रा. –**बृहत्पुरश्चर्यार्णव**, तृतीय खण्ड, पृ. ५३-८१ ।

१५. **प्राचीन नेपाल** ६, पृ. १६, राइट,पृ. १७६ ।

१६. **पूर्णिमा** १७, पृ. २८
प्रतापसिंह शाहकी भित्रचानीको नाम मानेश्वरी थियो भन्ने कुरा चांगुनाराणमा रहेको यौटा अभिलेखमा 'श्री ३ प्रतापसिंहसाहदेवकस्य भित्रचानी श्रीमान्यश्वरीदवी' लेखिएकोले बुझ्न सकिन्छ (मोहनप्रसाद खनाल, चाँगुनारायणका ऐतिहासिक सामग्री, पृ. ४००) ।

१७. **अभिलेख सङ्ग्रह भाग** – १२, पृ. १६-१७ ।

रणबहादुर शाहले पनि गुह्येश्वरीमा गुजराती बाजा बजाउने बन्दोबस्त गरिदिएको कुरा वंशावलीमा लेखिएको पाइन्छ ।[१८] उनैकी महारानी सुवर्ण प्रभादेवीले ई. १८०५ मा गुह्येश्वरीमा केही जग्गा गुठी राखिदिएको प्रमाण पाइन्छ ।[१९]

एउटा वंशावलीमा उल्लेख भएअनुसार गीर्वाणयुद्धविक्रम शाहको पालामा एउटा पागल ब्राह्मणले आफू कल्कि अवतार भएको प्रचार गरेर हिँडेको र उसले गुह्येश्वरीमा यौटा कुसले एउटी ब्राह्मणी र एउटा घोडाको बलि पनि दिएको थियो ।[२०]

वंशावलीमै भनिएअनुसार राजा राजेन्द्रविक्रम शाहले पशुपति र गुह्येश्वरीमा नित्य एक रुपियाँ भेटी चढाउने चलन चलाएका थिए ।[२१]

यसपछि राजपरिवार र भारदारवर्गले गुह्येश्वरीको मान्यता गरेको र सजाउने काम गरेका धेरै विवरण पनि उपलब्ध हुन्छन्, जसबाट गुह्येश्वरीको आराधना गर्ने प्रवृत्ति झन्झन् बढ्दै आएको स्पष्ट थाहा पाइन्छ ।[२२]

---

१८. देवमाला वंशावली, पृ. २० ।

१९. M.C. Regmi - **Land Tenure and Taxation in Nepal, p. 712 .**

२०. राइट, पृ. १८० ।

२१. ऐजन, पृ. १८१ ।

२२. शाहकालीन कला र वास्तुकला, पृ. १०४-६ ।

गुह्येश्वरी माहात्म्य

नेपालीहरूमा यस्तो विश्वास छ कि सम्पूर्ण ब्रह्माण्डभरि ज्योतिर्लिङ्ग पशुपति, गुह्येश्वरीजस्तो पीठ र वाग्मतीजस्ती नदी छैन ।[१] यसले साधक भक्तहरूका लागि यो उत्तम क्षेत्र हो भन्ने धारणा नेपाली समाजमा व्याप्त रहेको छ । यहाँ गुह्येश्वरी पीठको माहात्म्य पक्षबारे संक्षेपमा विचार गरिन्छ ।

गुह्येश्वरी मन्दिरमा रहेको नाग फणाको गजुर

गौरीशिखर

वराह पुराणमा गुह्येश्वरी पीठ रहेको पर्वतलाई गौरीशिखर भन्ने नाम दिएको पाइन्छ ।[२] उक्त पुराणमा गुह्येश्वरीलाई पनि 'देवी शिखरवासिनी' भनिएको छ ।

गुह्येश्वरी पीठ रहेको पर्वतलाई हिमवत्खण्डमा सिद्धाद्रि भनिएको छ ।[३]

---

१. नयनाथ पौडेल (सं.) – भाषा वंशावली, भाग - १
नेपाल राष्ट्रिय पुस्तकालय सं. २०२०, पृ. ३०
ज्योतीरूपसमो लिङ्गो
वाग्मती च समा नदी ।
गुह्येश्वरीसमं पीठं
नास्ति ब्रह्माण्डमण्डले ॥

२. वराह पुराण, अ. २१६, श्लोक ९७
गौर्यास्तु शिखरं तत्र गच्छेत् सिद्धनिषेवितम् ॥

३. अस्ति कश्चित्समुद्दिष्टः क्षितौ सिद्धाद्रिसंज्ञकः ।
पादे हिमवतः पुण्ये तपोवनगुणान्विते ॥
योजनैकसुदूरस्थो याम्ये मुञ्जवतो दिशि ।
यत्रास्ति शिवा देवी गुह्याख्या वरदानिशम् ॥ हिमवत्खण्ड, पृ. १७५ ।

यो नाममा सिद्धहरू रहने पहाड र साधकहरूलाई सिद्धि दिने पर्वत भन्ने अर्थ पनि लुकेको बुझ्न सकिन्छ ।

गुह्येश्वरीपुरी

पशुपतिपुरी सुनले बनेको हुनाले (जुन यो चर्मचक्षुले देख्न सकिँदैन) सुवर्णपुरी भनिएझैं गुह्येश्वरीपुरी पनि हीरा र सुनले बनेको छ, जसमा मणिले बनेको मन्दिरमा गुह्येश्वरी विराजमान छन् भनेर हिमवत्खण्डमा भनिएको छ ।[४]

गुह्येश्वरी पीठको उत्तमता

गुह्येश्वरीको पीठस्थान जत्तिको उत्तम स्थान संसारभरि छैन । यो श्रेष्ठ कल्याणकारी र इच्छा गरेको कुरा पूरा गरिदिने क्षेत्र हो भनी हिमवत्खण्डमा भनिएको छ ।[५]

गुह्येश्वरीका आवरण देवता

गुह्येश्वरी पीठको रहस्यात्मक रूपले वर्णन गर्दै हिमवत्खण्डमा सो पीठलाई घेरेर अनेकन देवीदेवता बसेका वर्णन गरिएको पाइन्छ ।

हिमवत्खण्डमा एक ठाउँमा पाशुपतक्षेत्र अन्तर्गत गुह्येश्वरीनिर ब्राह्मी करोड गणहरूले घेरिएर बसेकी छन् भनिएको छ ।[६]

---

४. हिमवत्खण्ड, अ. ७३, पृ. १६३ ।
तत्र ददर्श राजेन्द्रः कामाख्यां मणिमन्दिरे ।
पश्यन्ति स्म पुरीं दिव्यां वज्रस्वर्णमयीं पराम् ।

५. अतः परं परं स्थानं भुवनेषु न विद्यते ।
लोकानां परमं श्रेष्ठं क्षेत्रं कामदुधं शिवम् । हिमवत्खण्ड, अ. ७३ । श्लोक १२७, पृ. १६४ ।

६. हिमवत्खण्ड, अ. ७१ श्लोक २७, पृ. १५७ ।
ब्राह्मी स्थिता सदा यत्र कोटिगणैश्च संवृता ।
गुह्येश्वर्यान्तिके शश्वत्तत्क्षेत्रं प्रविराजते ।

७. हिमवत्खण्ड, अ. ७१, श्लोक २६, पृ. १५७ ।
यत्रासौ राजते देवी योगिनीकोटिकोटिभिः ।
गुह्याख्या सर्वकाले वः सिद्धदेवैः प्रसेविता ॥

हिमवत्खण्डमै अर्को ठाउँमा गुह्येश्वरी करोडौँ योगिनीहरू र सिद्ध तथा देवताहरूद्वारा सबै कालमा सेवित भएर रहेकी छन् भनिएको छ ।[७]

गुह्येश्वरी देवीको क्षेत्रको सधैँ रक्षा गर्ने काम विनायक र क्षेत्रपालले गर्दछन् भनेर हिमवत्खण्डमै भनिएको छ ।[८]

हिमवत्खण्डकै वर्णनअनुसार माहेश्वरी, कुमारी, वाराही, नारसिंही र शिवदूती आफ्ना करोडौँ गणसाथ आआफ्ना वाहन चढेर गुह्येश्वरी पीठको वरिपरि दसै दिशाको रक्षा गरेर सधैँ बसिरहन्छन् ।[९]

हिमवत्खण्डमा गुह्येश्वरीको पीठको अलौकिक रूपको वर्णन गरिएको पाइन्छ । कामेश्वरी शिवाका रूपमा गुह्येश्वरी पीठको वरिपरि सिद्ध, योगी र

---

८. हिमवत्खण्ड, अ. ७१, श्लोक २५, पृ. १५७ ।
यत्र विनायको जम्रक्षेत्रपालस्तथापरः ।
समासते भृशं तौ हि देव्याः क्षेत्रं प्ररक्षयन् ।

९. हिमवत्खण्ड, अ. ७१, श्लोक २८-३४, पृ. १५७ ।
माहेश्वरी स्थिता यत्र योगिनीकोटिसेविता ।
तदन्तिके सदाकालं तत्क्षेत्रं शुशुभे भृशम् ॥
कौमारी संस्थिता यत्र योगिनीकोटिसेविता ।
देव्याः स्थाने सदाकालं तत्क्षेत्रं हि विराजते ॥
वाराही संस्थिता यत्र गणकोटिषु संवृता ।
देव्याः सदान्तिके भव्ये तत्क्षेत्रं हि प्रभासते ॥
नारसिंही स्थिता यत्र गणकोटिसमावृते ।
सुविदूरे सदा देव्यास्तत्क्षेत्रं किल भासते ॥
शिवदूती स्थिता यत्र गणकोटिप्रसेविता ।
समीपं सततं देव्यास्तत्क्षेत्रमभिभासते ॥
एवं दशदिशो देव्याः स्थानं रक्षन्ति सर्वदा ।
स्वं स्वं वाहनमारुढाः कोटिकोटिगणैर्वृताः ॥
याम्ये द्वारे स्थिता देव्या विराजन्ते त्वहर्निशम् ।
पशुपतेर्गणैः सार्थं तत्क्षेत्रं रक्षयन्सदा ॥

१०. अपश्यन्नृपतिस्तत्र पीठे कामेश्वरीं शिवाम् ।
सिद्धयोगिगणैर्देवै राजमानां समन्ततः ॥१०७॥
चतुःषष्टिगैणस्सार्द्धं योगिनीनां समन्ततः ।
राजमानमहापीठे अद्राक्षीत्स नृपेश्वरः ॥१०८॥
ब्रह्माच्युतेश्वरेन्द्राणां चूडामणिमरीचिभिः ।
रंजितपादपद्भासंस्तुतिजप्योपहारकैः ॥१०९॥ हिमवत्खण्ड, अ. ७३, पृ. १६३ ।

देवहरू घेरेर बसेका छन् । चौसट्ठी योगिनीहरूले घेरिएर गुह्येश्वरी विराजमान छन् । गुह्येश्वरीलाई ब्रह्मा, विष्णु, शिव र इन्द्रले ढोगिरहेका छन् ।[१०]

गुह्येश्वर महातीर्थ

वाग्मती बगेका ठाउँहरूमा भएका तीर्थहरूमध्ये गुह्येश्वरी महातीर्थको माहात्म्य हिमवत्खण्डमा बताइएको पाइन्छ । जसअनुसार आश्विन महिनाको नवमी तिथिमा स्त्री वा पुरुष दुवैले गुह्येश्वरी महातीर्थमा स्नान गर्नाले पुरुष सबै यज्ञ गरेको फल पाई शिवलोक जान पाउँछ र स्त्री सबै भोगबाट पाउने सुख भोगेर शिवलोक जान पाउँछे[११] यो तीर्थ गुह्येश्वरीघाट नै होला भन्ने अनुमान गर्न सकिन्छ ।[१२]

गुह्येश्वरीका पुराना साधक

नेपालको पौराणिक र वंशावली साहित्यमा गुह्येश्वरीको उपासना पहिले कसकंसले गरेका थिए भन्ने विस्तृत वर्णन पाइन्छ ।

हिमवत्खण्डमा हिमालय र उनकी पत्नी मेनाले गुह्येश्वरी र पशुपतिको पूजा गरेको वर्णन गरिएको छ ।

हिमवत्खण्डमै विशालनगरीका राजा वैशालाधिपतिले सुवर्णपुरी (पशुपतिक्षेत्र)को विजय गर्न खोज्दा धर्मेश्वरको उपदेशअनुसार उनले गुह्येश्वरीको तपस्या गरेको र गुह्येश्वरीबाट तरबार पाएर सुवर्णपुरीको देवताहरूलाई जितेर त्यहाँका राजा भएको वर्णन गरिएको पाइन्छ ।[१३]

हिमवत्खण्ड अध्याय १५१ मा गुह्येश्वरी-गुह्येश्वरको माहात्म्य बताउँदा

---

११. गुह्येश्वरीमहातीर्थे नवम्यामाश्विनस्य च ।
उभयोः स्नायते भक्त्या तस्य पुण्यफलं श्रृणु ॥४१॥
सर्वमेधफलं प्राप्य पुमान् याति हरालयम् ।
सर्वभोग्यसुखं भुक्त्वा नारी याति शिवालयम् ॥५२॥ हिमवत्खण्ड, अ. १६१, पृ. ३०१ ।

१२. हिमवत्खण्ड, अ. ६९, श्लोक ३६, पृ. १५३,
मेना चैव महाभक्त्या गुह्येश्वरीमपूजयत् ।
पञ्चोपचारर्निकैत्यहर्निशं महोत्सवैः ॥

१३. हिमवत्खण्ड, पृ. २८१, ८२ ।

१४. ऐजन, पृ. २८१, ८२ ।

पिङ्गला रानीले गुह्येश्वरीमा तपस्या गरेको आख्यान दिइएको छ ।[१४] यही कथाको केही परिवर्तित रूप वंशावली साहित्यमा पनि पाइन्छ । वंशावली साहित्यमा गुह्येश्वरीका उपासना गर्नेहरूमा रानी पिङ्गलाको कथा दिइएको पाइन्छ । कथाअनुसार एक ऋषिपुत्र स्वयंव्रत नामका राजाको पालामा मारवाड देशका राजा सुदत्तकी रानी पिङ्गलाले आफ्ना पतिले आफूलाई माया गर्न छोडेकोले पीर गर्दा सपनामा नेपालकी गुह्येश्वरीको सपनादेखि यहाँ आई तपस्या गर्दा गुह्येश्वरी प्रसन्न भएर वरदान पाउँदा राजा सुदत्त रानी खोज्दै यहाँ आइपुगे । गुह्येश्वरीको वरदानबाट पिङ्गला दिव्यसुन्दरी भएकी थिइन् । यसैले उनलाई देवताहरूले समात्न खोजेका तर पछि राजा सुदत्तले चिनेर आफ्नी रानीलाई स्वीकार गरे तर यसमा देवताहरूले झगडा उठाउन खोज्दा गुह्येश्वरीले आकाशवाणी गरेर राजा सुदत्त र रानी पिङ्गलाको मिलन गराइदिइन् ।[१५]

श्रीकृष्णले पनि प्रभावतीको हरणको समयमा नेपाल आएको बेलामा यहाँका तीर्थहरूको बयान गर्दा गुह्येश्वरीको पनि माहात्म्य बताएको हिमवत्खण्डमा वर्णन गरिएको पाइन्छ । त्यस वर्णनअनुसार आर्यतीर्थमा (वा वाग्मतीमा) स्नान गरेर महानवमी (दशैको ?) को दिन गुह्येश्वरी महादेवीको दर्शन गऱ्यो भने सबै किसिमका दु:खबाट मुक्त भएर करोडौँ गाई दान गरेको फल पाइन्छ र पुनर्जन्म नहुने गरी माथिल्लो ठाउँ पाइन्छ भनिएको छ ।[१६]

श्रीकृष्ण नेपाल आएको बेलामा पशुपतिको पूजा गर्न गएको र पशुपतिको आज्ञाबाट गुह्येश्वरीको दर्शन गर्न गएको वर्णन नेपाल माहात्म्यमा गरिएको पाइन्छ ।[१७]

---

१५. **भाषा वंशावली**, भाग - १, पृ. ३६-३७ ।

१६. गुह्येश्वरीं महादेवीं स्नात्वात्र पश्यतां सुराः ।
स्नात्वा महानवम्यां य एनां पश्यति तच्छृणु ॥
सवै नोऽभिर्विनिर्मुक्तो गोकोटिफललब्धवान् ।
गच्छति परमं स्थानं विहाय संसृतिं पुनः । **हिमवत्खण्ड**, पृ. ३४६ ।

१७. आज्ञा पशुपतेर्लब्ध्वा द्रष्टुं गुह्येश्वरीं ययौ ॥
नेपालमहात्म्य, अ. ११, श्लोक ६३, पृ. ७६ ।

शङ्कराचार्य नेपाल आएर बुद्धमार्गीहरूमाथि विजय गर्न पशुपतिस्थानतिर जान लाग्दा बाटोमा ज्ञानेश्वर स्थाननेर गुह्येश्वरीले उनीलाई दर्शन दिएर बुद्धमार्गीहरूमाथि विजय हुने वरदान दिएको कुरा वंशावलीमा लेखिएको पाइन्छ ।[१८]

वाममार्गको मुख्य केन्द्र गुह्येश्वरी

सुमेरुतन्त्रको भनाइमा नेपालमा सतीदेवीको गुह्य (गुद वा योनि ?) पतन भएको हुनाले त्यो वाममार्गको मूल स्थान भनिन्छ भनेर एउटा महत्त्वपूर्ण तथ्यतिर सङ्केत गरेको बुझिन्छ । अहिले गुह्येश्वरीमा त्यहाँका पूजकहरू बायाँ हातले पूजा गर्ने गर्छन् । यो वाममार्गको ठूलो लक्षणका रूपमा मानिन्छ । यहाँ मद्य र मांस तथा मीन (माछा) चढाएर पूजा गरिन्छ । यहाँको कुण्डबाट माछा हातमा पऱ्यो भने ठूलो सौभाग्य हुन्छ भन्ने परम्परामा पनि पञ्चमकारको मीनसँग स्पष्ट सम्बन्ध देखिन्छ । यो दृष्टिले हेर्दा प्रताप मल्लले गुह्येश्वरीमा वाममार्गले पूजा आराधना गर्दथे भन्नु र प्रताप सिंहले वाममार्ग अपनाएर गुह्येश्वरीको उपासना गर्दथे भन्नु स्पष्ट कुरा हो ।

पूरा भारतको धार्मिक स्थितिको परिप्रेक्ष्यमा गुह्येश्वरीलाई वाममार्गको एक ठूलो पीठका रूपमा लिन सकिन्छ । भारतमा अन्य शक्ति पीठहरूमा प्रायः दक्षिण मार्गबाटै पूजा गरिन्छ । उपत्यका र बाहिरका नेवार तथा अन्य मतवाली जातिहरू पनि वाममार्गअनुसार नै साधना गर्दछन् र यसको ठूलो सम्बन्ध गुह्येश्वरीसँग हुन् सम्भव छ ।[१९]

गुह्येश्वरी, तेलजु र कुमारीको त्रिकोण

प्रताप मल्लले तुलजा र गुह्येश्वरीको समष्टि गरेपछि यी दुईको समान महत्त्व मान्न थालिई राजा र राजपरिवारले मान्न थालेको चर्चा माथि गरिएको छ । यही क्रममा जयप्रकाश मल्लको समयमा आएर कुमारी पूजाको एक तत्त्व पनि समाविष्ट भई अब राजकीय स्तरमा मानिने तीन शक्ति हुन गए :

---

१८. हसरत, पृ. ३९ ।

१९ यसबारे पनि विस्तृत ऐतिहासिक र धार्मिक अध्ययन हुनुपर्ने देखिन्छ ।

गुह्येश्वरी, तुलजा र कुमारी । जयप्रकाश मल्लका टकहरूमा 'श्री ३ तलेजु माजु' 'श्री ३ कुमारी माजु' र 'श्री ३ गुह्येश्वरी' नाम लेखिएको पाइन्छ ।

कुमारी पनि तुलजाकै रूपमा मान्यता गर्ने चलन जयप्रकाश मल्लको पालामा स्पष्ट भएको पाइन्छ । कुमारीलाई तुलजाकै अवतार मान्ने चलनअनुसार नै[२०] हनुमानढोकानिर राजा जयप्रकाश मल्लले ई. १७५७ मा कुमारीघर बनाई कुमारी जात्रा मनाउने चलन चलाएका थिए । यही चलन शाहकालमा पनि चलिआएको छ ।

गुह्येश्वरी, तलेजु र कुमारीको त्रिकोणमा पनि बौद्ध तान्त्रिक परम्परा मिसिन आएको हुनु अझ रहस्यमय छ । ई. १७५७ मा राजा जयप्रकाश मल्लले आफ्नो राजदरबारनिर कुमारीको घर बनाई कुमारीलाई राख्दा वज्राचार्यहरूको परम्पराअनुसार पूजापाठ गरिएको स्वयम्भू पशुपति आदि सारा देवताहरूलाई त्यहाँ निम्त्याई पूजा गरको, राज्यभरिका कानफट्टा जोगीहरूलाई भोजन गराइएको र यसरी चार दिनसम्म ठूलो उत्सव मनाइएको कुरा एक तात्कालिक टिपोटबाट थाहा पाइन्छ । कुमारी थापिने कन्या बुद्ध धर्मावलम्बी बाँडा परिवारबाट ल्याइन्छ र यो चलन जयप्रकाश मल्लकै समयदेखि अहिलेसम्म चलिआएको छ । तर ती कुमारीको पूजा भने तलेजुका पूजारीहरूले शक्ति तान्त्रिक परम्पराअनुसार गर्ने गर्दछन् ।[२१] यसरी हेर्दा गुह्येश्वरीसम्बन्धी धार्मिक विश्वासभित्र पनि अनेक महत्त्वपूर्ण रहस्यमय तत्त्वहरू समाविष्ट हुन गएको बुझिन्छ तर यसको विशेष स्पष्टीकरण गर्नाका लागि सम्बद्ध साहित्य र परम्पराको सूक्ष्म विश्लेषण गर्नु आवश्यक छ ।[२२]

---

२०. यससम्बन्धी ऐतिहासिक विवरण र धार्मिक धारणा पनि उपलब्ध हुन्छ । यस पक्षबारे विस्तृत विवेचना गर्नु आवश्यक देखिन्छ ।

२१. गौतमवज्र वज्राचार्य- हनुमानढोका राजदरबार, पृ. ४२ ।

२२. ऐजनमा श्री ३ सद्यकुमारी" भनिएको पाइन्छ । वज्राचार्यहरूले गुह्येश्वरीको विशेष पूजा गर्दा पनि "सद्यकुमारी" को पूजा गरेको पाइन्छ (हेर्नु परिशिष्ट) ।

शाक्त उपासनामा गुह्येश्वरीको स्थान

नेपाली समाजमा गुह्येश्वरीलाई काली दुर्गा र नैरात्म्याको रूपमा मान्यता गरिन्छ । वंशावली साहित्यले उपत्यकाका चार काली वत्सलाकाली, महाकाली दक्षिणकाली र गुह्यकालीमध्येमा एकको रूपमा प्रस्तुत गरेको छ ।[१] गुह्येश्वरीलाई उपत्यकाका नव ईश्वरीमध्ये पनि गणना गर्ने चलन पाइन्छ, जसअनुसार अरू आठ दुर्गा यी हुन्: वज्रेश्वरी, कोटेश्वरी, झंश्वरी, भुवनेश्वरी, मंगलेश्वरी, वत्सलेश्वरी, राजेश्वरी र जयवागेश्वरी ।[२]

तन्त्र शास्त्रले प्रस्ताव गरेको उपासना पद्धतिमा कालीका नौ भेदहरूमध्ये एकका रूपमा गुह्यकालीको उपासना पद्धतिको वर्णन पाइन्छ ।[३] ती नौ काली यी हुन्:

१. दक्षिणकाली २. गुह्यकाली
३. भद्रकाली ४. कामकलाकाली
५. श्मशानकाली ६. धनकाली
७. महाकाली ८. सिद्धिकाली
९. चण्डीकाली

सनातन हिन्दूधर्ममा देवदेवताको साधना भुक्ति र मुक्तिका लागि गरिन्छ । यसैले गुह्येश्वरीको उपासना पनि भुक्ति र भुक्तिका लागि गरिएको देखिन्छ । तर अरू देवी देवताको साधना गर्नु र गुह्येश्वरीको साधनामा के फरक छ भन्ने कुराबारे सजिलोसँग जवाफ दिन गाह्रो छ । जति देवीदेवता हुन्छन् उत्तिनै

---

१. भाषा वंशावली, भाग - १, पृ. ३४, हसरत पृ. २४ ।
२. ऐजन, पृ. ३५, हसरत, पृ. २५ ।
३. बृहत पुरश्चर्यार्णव– श्री ५ प्रतापसिंह शाहदेव, श्री धन शमशेर ज.ब.रा. सम्पादित भाग-१, काठमाण्डू २०२५, पृ. २३-२४ ।

योग पद्धति हुन्छन् भनेमा अत्युक्ति नहोला । दर्शन र योगको दृष्टिले भन्ने हो भने योगसाधनाको उच्च व्यवस्था गुह्येश्वरीसम्बन्धी तान्त्रिक साहित्यले बताउँछ । त्यस्तो तान्त्रिक साहित्यले ज्ञान र विज्ञानके सार सन्देश दिएको पाइन्छ, जसको लक्ष्यले जीवको अज्ञान हटाएर त्यसलाई शिव बनाउनु नै हो । त्यस्तो अज्ञान हटाउन मन्त्र, ध्यान धारणा, न्यास, प्राणायाम आदि अनुशासनात्मक पद्धतिद्वारा षट्चक्रको ध्यान गरी कुण्डलिनी जागरण गरी सहस्रारमा पुऱ्याएर शक्तिको शिवसँग संयोग गराएर परम आनन्दको प्राप्ति हुन्छ भन्ने विद्वान्हरूको भनाइ छ । कुण्डलिनी जागरण भएपछि नै योग हुन्छ र यही भुक्ति र मुक्तिको साधन पनि मानिन्छ । गुह्येश्वरीको उपासनामा पनि यही लक्ष्य रहेको छ ।

तर त्यस्तै लक्ष्यप्राप्तिमा पनि विभिन्न मार्ग बताइएका पाइन्छन् र तिनमध्ये दुई प्रमुख मार्ग दक्षिणमार्ग र वाममार्ग हुन् । अधिकारीअनुसार यो मार्गको अनुसरण गर्ने चलन छ तर वाममार्गबाट छिटो सफलता पाइने विश्वास गरिन्छ र वाममार्गको मुख्य शाक्त पीठ हुनाले गुह्येश्वरीको उपासना साधनाको विशेष महत्त्व छ भन्ने स्पष्ट छ । तर तान्त्रिक साहित्यले बताएअनुसारको साधना पद्धति अब प्रायः लोप भइसकेको छ भने पनि हुन्छ र गुह्येश्वरीकै पुजारीले मात्र त्यो पद्धति जानी-नजानी कायम राखेका छन् भन्न सकिन्छ ।

तान्त्रिक पद्धतिअनुसारको विस्तृत र सूक्ष्म साधनमार्ग गाह्रो छ तर एक महत्त्वपूर्ण शाक्त पीठ हुनाले यहाँ दर्शन पूजन गरेर पनि भौतिक र आध्यात्मिक उपलब्धि नेपाली समाजले लिइआएको छ ।

पशुपतिनाथजस्तो प्रसिद्ध शैव पीठसँग सम्बद्ध भएर पनि नेपालमा शिव शक्तिका रूपमा मान्नेहरूले पनि यही उद्देश्य राखेका हुन्छन् ।

गुह्येश्वरी र पशुपतिनाथको उपासना पद्धतिबारे शास्त्रज्ञ विद्वान्हरूले वास्तविक कुरा बताउन सक्दछन्, यहाँ त एकसरो खस्रो विचार मात्र गरिएको हो ।

गुह्येश्वरीको ध्यान

धर्मदत्त अथवा वैशालाधिपतिले गरेको गुह्येश्वरीको स्तुतिमा गुह्येश्वरीको निम्न लिखित ध्यानको वर्णन हिमवत्खण्डमा पाइन्छ ।

दश मुहार , ५४ हात, तीस आँखा, बिजुलीजस्तो जिभ्रो, मुण्डमाला बाघको छाला, डरलाग्दो दाह्रा, ढाल तरबार लिएकी श्मशानमा रहने, शवहरूले विभूषित र शवमाथि उभिएकी र रगत पिइरहने ।[४]

तान्त्रिक साहित्यमा भने योभन्दा केही भिन्न र ज्यादै मिहिन ध्यानको वर्णन पाइन्छ, जसमा पनि गुह्येश्वरीका दश मुहारको विवरण यसरी दिइएको छः तीन मुख मानवाकार, अरू सिंह, श्याल, वानर, भालु, गरुड, गोही, हात्ती । यस्तो ध्यानमा अरू विस्तृत चित्रण पनि गरेको पाइन्छ ।[५]

यो जटिल किसिमको ध्यानबाट नै अन्दाज गर्न सकिन्छ कि गुह्येश्वरीको उपासना पक्ष जटिल छ तर यस्तो जटिल ध्यानले पनि देवीको व्यापक महत्त्व बताएको छ, जसको व्याख्या गर्न धेरै परिश्रमको आवश्यकता पर्दछ ।

गुह्येश्वरीको जात्रा

गुह्येश्वरीको जात्रा प्रतिवर्ष मार्गकृष्ण नवमीको दिन गरिन्छ । यो जात्रामा एउटा कलशमा गुह्येश्वरीको आवाहन र पूजाआजा गरी हनुमानढोका तलेजु मन्दिरबाट खटमा चलाई गुह्येश्वरीको मन्दिरमा पुऱ्याइन्छ, त्यहाँ पनि सो

---

४. हिमवत्खण्ड, अ. १६३, श्लोक ४५-५०, प. ३०७ ।
कालेश्वर्यै नमो देव्यै भिन्नाञ्जनचयत्विषे ।
नमस्ते कालिके भद्रे गुह्येश्वर्यै नमोनमः ॥
दशास्यपद्मसुन्दर्य्यै भद्रकाल्यै नमोनमः ।
अष्टोत्तरशताष्टाढ्यैः करैर्विभूषिते नमः ॥
त्रिंशल्लोचनदीप्तास्ये विद्युज्जिह्वे नमोऽस्तु ते ।
सर्वायुधोज्ज्वले देवि मुण्डमाला विभूषिते ॥
नानाभरणभूषाढ्ये सुकुण्डलोत्तमानने ।
हारमालोत्तमाङ्गिन्यै व्याघ्रचर्मोज्ज्वले नमः ॥
नमस्ते भीमदंष्ट्रिन्यै नमोऽसिचर्मधारिणी ।
श्मशाननिलये मातर्विधास्यैर्विभूषिते ॥
क्षतैरूक्षितास्यायै पानासृक्विलन्नजिह्वके ।
शवैर्विभूषितायै च शवस्थायै नमोनमः ॥

५. धनशमशेर ज.ब.रा. (सं.) – बृहत्पुरश्चर्यार्णव तृतीय खण्ड, पृ. ६०-६१, साथै पृ. ५८ को सामुन्ने गुह्यकालीको चित्र पनि दिइएको छ । यस्तै चित्र यस ग्रन्थमा पनि राखिएको छ ।

कलशको पूजा गरेपछि भोलिपल्ट बेलुका तलेजुको मन्दिरमै पुऱ्याउँछ । यो जात्रामा व्यापारीवर्गहरू पनि विशेष उत्साहसाथ भाग लिन्छन् ।[६]

गुह्येश्वरीको यो यात्रा कसले थालेको हो, यसबारे मतभेद पाइन्छ । वंशावलीको भनाइ भनेर धनशमशेर ज.ब.रा.ले भन्नुभएको छ कि "प्रताप मल्ले श्री तुलजा भवानी र गुह्येश्वरीलाई समष्टि गराएर सो कुण्डको अष्टदल पद्म र भैरवमाथि अर्को कलशसहितको अष्टदलयन्त्र र भैरवयन्त्रसमेत मार्गकृष्ण नवमीमा अहोरात्र सपर्या (पूजा) गरी भोलिपल्ट दशमीको राति जात्रा चलाई ती यन्त्रहरू तुलजा मन्दिरमा लगी श्री तुलजा भवानीमा समष्टि गराएर राख्ने प्रथा चलाए ।[७]

तर अरू सन्दर्भबाट गुह्येश्वरी यात्रा राजा जगज्जय मल्लले सुरु गरेको भन्ने थाहा पाइन्छ ।

यसबारे सर्वप्रथम वंशावलीको भनाइ हेरौँ

यो गुह्येश्वरी यात्राबारे वंशावलीमा यस्तो भनिएको पाइन्छ :

"यहाँ पछि श्री गुह्येश्वरीका यात्रा अघि नचल्याकोमा कवच मूर्ति बनाई अखण्ड दीप ज्वाला लिङ्ग ढाल्नु इत्यादि नाना विधिले मन्त्र पूजा गराई जगाई प्रतिवर्ष जात्रा गराया । (जगज्जय मल्लले) बत्तिस कोठी महाजनहरू राखी धेरै षेत गुठी राखी कर्माचार्यहरूकन गुठीयार राखी दिया ।"[८]

वंशावलीको उक्त उद्धरणबाट यो जात्रा जगज्जय मल्लले सुरु गरेको थाहा पाइन्छ । अर्को स्रोतबाट पनि यो जात्रा जगज्जय मल्लले आफू राजा भएकै वर्ष ई. १७२२ मा सुरु गरेको थाहा पाइन्छ ।[९]

गुह्येश्वरी मन्दिरमै रहेको राजा जगज्जय मल्लको ने.सं. ८४८ (ई. १७२८) को शिलालेखमा पनि ती राजाले 'श्री ३ गुह्यकालीको प्रीतिका लागि' प्रतिवर्ष कार्तिककृष्ण नवमीको दिन जात्रा गर्दा पञ्चोपचारपूजा र बलिदान

---

६. गौतमवज्र वज्राचार्य– हनुमान ढोका राजदरबार, पृ. १८९ ।
७. कामकलारहस्य, पृ. १४७ ।
८. भाषा वंशावली, भाग - २, पृ. १०४-५ ।
९. गौतमवज्र वज्राचार्य - हनुमानको राजदरबार, पृ. १८९ ।

दिनका लागि ९५ रोपनी खेत गुठी राखिदिएको वर्णन परेको छ ।[१०] पछि वि.सं. १८७१-७२ को एक सरकारी कागतमा पनि राजा जगज्जयमल्लले गुह्येश्वरीको जात्रा सम्बन्धी गुठी राखेको उल्लेख पाइन्छ ।[१०]

खगानना, नैरात्म्य योगिनी

बुद्धमार्गीहरूले पनि गुह्येश्वरीको ठूलो मान्यता गरिआएका छन् । साधारणतया उनीहरू पनि गुह्येश्वरी नामको प्रयोग गर्दछन् तर उनीहरूले यी देवीलाई खगानना वा नैरात्म्य योगिनीका रूपमा मानिआएका छन् ।[११]

बुद्धमार्गीहरूले आदिबुद्ध स्वयम्भू ज्योतिस्वरूपको शक्ति प्रज्ञास्वरूप गुह्येश्वरीलाई मान्दछन् । गुह्येश्वरी जलरूपकी छन् र त्यसबाट उम्रेको कमलको फूलमाथि स्वयम्भू चैत्य रहेको स्थलमा आदिबुद्धको ज्योतिको उत्पत्ति भयो जब उपत्यका पानीले भरिएको तलाउ थियो ।

गुह्येश्वरी जात्रा

गुह्येश्वरीको जात्रा प्रतिवर्ष मार्गकृष्ण नवमीको दिन गरिन्छ । यो जात्रामा एउटा कलशमा गुह्येश्वरीको आवाहन र पूजाआजा गरी हनुमानढोका तलेजु मन्दिरबाट खटमा चलाई गुह्येश्वरीको मन्दिरमा पुऱ्याइन्छ । त्यहाँ पनि सो कलशको पूजा गरेपछि भोलिपल्ट बेलुका तलेजुको मन्दिरमै पुऱ्याइन्छ । यो जात्रामा व्यापारीवर्गहरू पनि विशेष उत्साहसाथ भाग लिन्छन् ।[१२]

गुह्येश्वरीको यो जात्रा कसले थालेको हो यसबारे मतभेद पाइन्छ । वंशावलीको भनाइ भनेर धनशमशेर ज.ब.रा.ले भन्नुभएको छ कि "प्रताप मल्लले श्री तुलजा भवानी र गुह्येश्वरीलाई समष्टि गराएर सो कुण्डको

---

१०. शङ्करमान राजवंशी– कान्तिपुर शिलालेख सूची, पृ. १५६, श्री ३ गुह्यकालीका प्रीतिन प्रतिवर्ष कार्तिक कृष्ण नवी कुन्हु यात्रायाययात पञ्चोपचार पूजा यायेयात दुगु मेस ह्मस थ्वते बलिदान याययात... श्री श्री जयजगज्जयमल्लदेवप्रभु ठाकुरसन .. ईखु वुरो ९५ ... सम्वत ८४८ ... । द्रष्टव्य – परिशिष्टको पत्र ।

११. खगानना नाम गुह्येश्वरीको कुण्ड आकाशतिर फर्केको हुनाले प्रचलित भएको हुन सक्दछ । नैरात्म्ययोगिनी नाम चाहिं बज्रयानी दार्शनिक सिद्धान्तमा आधारित देखिन्छ । यस पक्षबारे विस्तृत विवेचना गर्ने साहित्यिक सामग्री पाइन्छ ।

१२. गौतमवज्र वज्राचार्य– हनुमानढोका राजदरबार, पृ. १८९ ।

अष्टदल पद्म र भैरवमाथि अर्को कलशसहितको अष्टदलयन्त्र र भैरवयन्त्रसमेत मार्गकृष्ण नवमीमा अहोरात्र सपर्या (पूजा) गरी भोलिपल्ट दशमीको राती जात्रा चलाई ती मन्त्रहरू तुलजा मन्दिरमा लगी श्री तुलजा भवानीमा समष्टि गराएर राख्ने प्रथा चलाए।"[१३]

तर अरू सन्दर्भबाट गुह्येश्वरी यात्रा राजा जगज्जय मल्लले सुरु गरेको भन्ने थाहा पाइन्छ।

यसबारे सर्वप्रथम वंशावलीको भनाइलाई हेरौं।

यो गुह्येश्वरी यात्राबारे वंशावलीमा यस्तो भनिएको पाइन्छ :

"यहाँ पछि श्री गुह्येश्वरीको जात्रा अघि नचल्याकामा कवच मूर्ति बनाई अखण्ड दीप ज्वाला लिङ्ग ढाल्नु इत्यादि नाना विधिले मन्त्र पूजा गराई जगाई प्रतिवर्ष जात्रा गराया। (जगज्जय मल्लले) वत्तिस कोठी महाजनहरू राखी धेरै षेत गुठी राषी कर्माचार्यहरूकन गुठीयार राखी दिया"[१४]।

बौद्धमार्गी किसिमले सङ्ग्रह गरिएको वंशावलीमा[१५] गुह्येश्वरीको उत्पत्तिको सम्बन्धमा स्वयम्भू आदिबुद्धको उत्पत्तिसँग सम्बद्ध गरिएको पाइन्छ। सो आख्यानअनुसार यो नेपाल खाल्डो (उपत्यका) आदिकालमा गहिरो दहका रूपमा थियो। सत्ययुगमा बन्धुमती नगरबाट विपश्वी बुद्ध आई तलाउमा चैत्र पूर्णिमाको दिन कमलको बीउ रोपे र फर्के। बीउबाट एउटा कमलको फूल फुल्यो, जसमा आश्विन पूर्णिमाको दिन स्वयम्भू ज्योति उत्पन्न भयो। स्वयम्भू ज्योतिको ध्यान गरेर मेष संक्रान्तिको दिन त्यही ज्योतिमा लीन भए। यसपछि त्रेतायुगमा अनुपम नगरबाट विश्वभू बुद्ध यहाँ आएर एक लाख फूलले स्वयम्भू ज्योतिको पूजा गरे अनि फर्केर गए। त्यसपछि त्रेतायुगमा यहाँ चीनबाट बोधिसत्त्व मञ्जुश्री आई स्वयम्भू ज्योतिको दर्शन गरेर दहको पानी सुकाउन दक्षिणतर्फको पहाड काटे। तलाउको पानी सुकेपछि मञ्जुश्रीले कात्तिक

---

१३. **कामकलारहस्य**, पृ. १४७।

१४. **भाषा वंशावली**, भाग - २, पृ. १०४-५।

१५. D. Wright- **History of Nepal**, Ranjan Gupta, Calcutta, 1966, pp. 50 : Bikram Jit Hasrat- **History of Nepal**, Hoshiarpur Punjab, 1970, pp. 3-12, B.H. Hodgson **Essays in Language, Literature and Religion of Nepal and Tibet**, Bharat Bharati, Varanasi, 1971, pp. 115-120.

पूर्णिमाको दिन स्वयम्भूको विश्वरूपका रूपमा दर्शन पाए र उनैले गुह्येश्वरीको पनि पौष कृष्ण नवमीको राती विश्वरूपका रूपमा दर्शन पाए । यसपछि उनले उक्त कमलको फूलमा स्वयम्भू ज्योतिको पूजा गरे । उक्त कमलको जरो गुह्येश्वरी कुण्डमा रहेको पनि उनले देखे । उनैले गुह्येश्वरी नजिकैको जङ्गल पनि बनाए ।

त्रेतायुगमा क्षेमावती नगरबाट ककुच्छन्द बुद्ध यहाँ आएर स्वयम्भू ज्योतिमा गुह्येश्वरीको पनि दर्शन पाए ।

यसपछि द्वापरयुगमा शोभावती नगरबाट कनकमुनि बुद्ध यहाँ आएर स्वयम्भू र गुह्येश्वरिको दर्शन गरे । यसपछि काशीबाट कश्यप बुद्ध यहाँ आई स्वयम्भू र गुह्येश्वरीको दर्शन गरे ।

स्वयम्भू पुराणमा 'खगानना' गुह्येश्वरीबारे भनिएको छ कि यी खगाननादेवी यहाँ (नपाल) की मुख्य देवी हुन् । यिनी योनिको आकारले (?) उत्पन्न भएकी छिन् । यिनी तीनपाते कमलका रूपमा छन् । तीनलोकमा यिनी धर्मोदया स्वरूपले प्रख्यात छन् । यिनी तौनैलोकमा एउटै माताको रूपमा प्रसिद्ध छन् । यिनी त्रैलोक्यजननी हुन् । यिनी उत्तरपट्टि फर्केर रहेकी छन् । यिनी (नेपालका) २४ पीठहरूमध्ये वीरेश्वरीका रूपमा पनि प्रख्यात भएकी छिन् ।[१६] स्वयम्भू पुराणमै 'खगानना'को ध्यानबारे यस्तो लेखिएको छ :

यी देवी शवमाथि चढेकी, तीन आँखा भएकी, कत्तृ र खप्पर लिएकी, त्रैलोक्यमा शिवशक्ति स्वरूपी भनेर प्रख्यात भएकी र प्रज्ञोपाय स्वरूपकी, पाँच

---

१६. स्वयम्भू पुराण, पृ. १७९ ।
अत्र चेयं प्रधाना या देवी लोके खगानना ।
योन्याकारेण सञ्जाता स्वर्गमर्त्ते त्रिलोकगा ॥
त्रिदलपद्मरूपेण वर्णेन कुसुमे ननु ।
धर्मोदयास्वरूपेण त्रैलोक्ये च प्रख्यापिता ॥
एका माता प्रसिद्धा सा स्वर्गमर्त्यत्रिलोकिषु ।
उत्तराभिमुखी देवी त्रैलोक्यजननी इति ॥
स्वभावमिव रूपात्मा त्रैलोक्येऽपि प्रकीर्त्तिता ।
चतुर्विंशतिपीठानां अपि वीरेश्वरीति विश्रुता ॥
दोस्रो पाउमा "या न्याकरेण" भनिएको छ, तर यहाँ योन्याकारेण भन्न खोजिएको हो कि भन्ने अन्दाजी गर्न सकिन्छ ।

मुद्राले शरीर सिँगारिएकी, पञ्चबुद्धकी मुकुट रूप भएको, नौ किसिमका नाचका रस लिने, कैलो ठाडो केश भएकी, नाङ्गी, चन्द्र र सूर्यको कुण्डल लगाएकी, सबै तथागतहकी जननी रूपमा खगानना नामले स्ववर्णशून्य रूपमा अवस्थित छन् ।[१७]

खगाननाको मातृस्वरूपबारे स्वयम्भू पुराणमा नै अगाडि अरू भनिएको छः शून्य स्वरूपिणी यिनी बौद्धहरूकी माता हुन्, भिक्षु-भिक्षुणी, स्थविर, सबै बोधिसत्त्व सबै महापुरुष (महासत्त्व) उपासना र उपासिका आदि सबै बोधी प्राप्त गर्नेहरूकी माता हुन् । यिनी प्रज्ञापारमिता रूपकी छिन् । बौद्धहरूकी पनि यिनी जननी हुन् । बौद्धहरूले यिनलाई वज्रिनी रूपमा र योगीहरू योगिनी मान्दछन् । सबै प्राणीहरूको जननी भएकी यिनी विश्वरूपिणी पनि हुन् । सबैले यिनलाई बौद्धमाता भनेका छन् ।[१८]

---

१७. स्वयम्भू पुराण, पृ. १७९-१८० ।
शवारूढा त्रिनेत्री च कार्त्तृकपालधारिणी ।
शिवशक्तिस्वरूपात्मा त्रैलोक्यख्यापितं ननु ॥
प्रज्ञोपायस्वरूपेण सर्वदा मिलीतं स्थिता ॥
पञ्चमुद्राविभूषाङ्गी पञ्चबुद्धमुकूटिनी ।
नवनाट्यरसान्विता त्रैलोक्ये मातरा इति ॥
पिङ्गोर्द्धकेशी नग्नी च रविशशिसुकुण्डली ।
सर्वतथागतानाञ्च जननी इति ख्यापिता ॥
खगाननेति नामेन स्ववर्णशून्यरूपिणी ।

१८. स्वयम्भू पुराण, पृ. १८० ।
शून्यतां शून्यतां माता बौद्धमाता प्रकीर्तिता ।
भिक्षूणां भिक्षुणीनाञ्च स्थवीराणां तथा अपि ॥
सर्वेषां बोधिसत्वानां महासत्वानाञ्च तथा ॥
उपासकोपासिकानां सर्वेषां बोधिमार्गिनाम् ।
प्रज्ञापारमितारूपी बौद्धानां जननी तथा ॥
बौद्धानां वज्रिनीरूपी योगिनां योगिनी तथा ॥
सर्वेषामपि सत्वानां जननी विश्वरूपिणी ।
अतीतानागतबुद्धैः प्रत्युत्पन्नैस्तथागतैः ।
सर्वैर्बौद्धरपि शिष्यैः बौद्धमाताप्रकीर्त्तिता ॥

यिनको मान्यता शैवहरूले शिवरूपिणी रूपमा, वैष्णवहरूले वैष्णव रूपमा, ब्राह्मणहरूले ब्रह्माणी मान्दछन्, यसैले यिनी विश्वरूपजस्तै छन्। शैव, वैष्णव, ब्राह्मण र सबै देवताहरूले यिनलाई मोक्षमाता भनेका छन्। आचार्य-आचार्याणी, शिष्य र शिष्याहरूले यी देवीका पाउरुपी कमलको सबै कालमा सेवा गरेका छन्। अनेक देशबाट आएका योगी र योगिनीहरूले तथा यहींका बासिन्दा सबैले यिनको दिनदिनै पूजा गर्ने गर्छन् भनेर स्वयम्भू पुराणमै भनिएको छ।[१९]

यी खगाननादेवीको कसरी पूजा गरिन्छ भनेर स्वयम्भू पुराणमै भनिएको छः यिनको पूजा फूल, धूप, दीप, मासु, मद्य र आ-आफ्नो खाने वस्तुले पनि गरिन्छ। अनेक थरीका मन्त्रद्वारा यिनको पूजा गरिन्छ। यिनको पीठमा बसेर भक्तजनहरू माला जपेर अथवा औंला गनेर नित्य जप गर्ने गर्दछ। पुरुष र स्त्री सबैले प्रतिदिन र प्रतिरात्रि यी देवीको वन्दना र अर्चना गर्दछन्।[२०]

देवी खगाननाको पहिलो पूजा मञ्जुश्रीले गरे भनेर स्वयम्भू पुराणमा भनिएको छ– मञ्जुदेव (मञ्जुश्री) ले नागदह खोलेपछि खगाननाको पाउरुपी कमलको पूजा गरेका थिए। जगत्गुरु मञ्जुदेवले त्यसरी पूजा गर्दा देवी

---

१९. स्वयम्भू पुराण, पृ. १८०-१८१।
शैवानां शिवरूपी सा वैष्णावानां च वैष्णवी।
ब्रह्मणानां ब्रह्माणीति विश्वरूपी इव स्थिता॥
शैवानां वैष्णवानाञ्च ब्रह्मणानां तथैव च।
सर्वेषां देवदेवानां मोक्षमाता प्रकीर्त्तिता॥
आचार्य्यैश्चाचार्य्यानीभिः शिष्यैः शिष्यिनीभिस्तथा।
सेवितं शततं कालं जनन्याः पादपङ्कजैः॥
योगिभिर्योगिनीभिश्च नानादेशात्समागतैः
अत्र यैश्चापि सर्वैः पूजितञ्च दिने दिने॥

२०. स्वयम्भू पुराण, पृ. १८१।
पुष्पैर्धूपैश्च दीपैश्च मांसै मद्यैस्तथा अपि।
स्व स्व भक्षणैः वस्तुभिः अहर्निशं प्रपूजितम्॥
नानामन्त्रैरन्यमन्त्रैस्तन्मन्त्रेण च पूजितम्।
मालाभिः हस्तजापैश्च कृतं सर्वे दिने दिने॥
मानवीभिर्मानवाभिः सर्वैश्च पूजितं भवेत्।
प्रतिदिने प्रतिरात्रौ वन्दितं अर्च्चितं सदा॥

खगाननाको दर्शन पनि पाए । उनले यो पूजा गर्दा केशिनी-उपकेशिनी पनि साथमा दिए । मार्गकृष्ण नवमीको दिन स्नान-ध्यान गरेर खगाननाको बारम्बार पूजा गरेर उपवास गरेर राति जागरण पनि गरेका थिए भनेर स्वयम्भू पुराणमा भनिएको छ ।[२१]

मञ्जुदेवले खगाननाको के किसिमले पूजा गरे भन्ने बयान गर्दै स्वयम्भू पुराणमामा भनिएको छः फूल, धूप, चन्दन, दीप, मद्य, मांस, लेह्य र पेय वस्तुहरूले राति पूजा गरेर खगाननाको मन्त्र जपेर स्तोत्र पाठ गरेर राति जाग्राम बसेर आफ्ना दुई पत्नीहरूसँग बसेर जप गरेर मञ्जुदेवले रातभरि खगाननाको पूजा गरे । बिहान भएपछि शान्तितीर्थमा गएर जल तर्पणदान गरेर आई खगाननाको स्तुति खुसी भएर आदरपूर्वक गरेर विविध पाठ र गाथाहरू पनि पढेका थिए ।[२२]

---

२१. **स्वयम्भू पुराण**, पृ. १८१ ।
प्रथमं मञ्जुदेवेन ऋदच्छेदादनन्तरम् ।
तस्याः खगाननायापि पूजितं पादपङ्कजे ॥
तस्याश्च दर्शनेनापि मञ्जुदेवे जगद्गुरुः ।
पूजयामास अत्यर्थं तयोश्च पादपङ्कजे ॥
केशिन्युपकेशिनीभ्यां सार्द्धं समागतो गुरु ।
मञ्जुदेवो गुरुः शास्ता अत्यर्थं पूजनाय च ॥
पक्षे कृष्ण मार्गशिर्षे नवम्यां दिशि सन्निधौ ।
स्नानध्यानादिभिस्तस्याः कृत्वा पूज्यं मुहुर्मुहुः ॥
उपवासकृतेनापि रात्रौ जागरणं कृतम् ।

२२. **स्वयम्भू पुराण**, पृ. १८१-८२ ।
पुष्पैर्धुपैश्च गन्धैर्वैः दीपैश्चापि सुपिष्टकैः ॥
नानापूज्यैश्च विधिभिः रात्रौ संपूजनं कृतम् ।
तन्मन्त्रेण जपं कृत्वा तत्स्तोत्रमुदितं कृतम् ।
तत्पाद्यं विविधं कृत्वा निशिः जागरणं कृतम् ॥
पत्नीभ्यां सह संस्थित्वा जापं कृत्वा पुनः पुनः ।
एकरात्रं सुसम्पूर्णं मञ्जुदेवेन पूजितम् ।
प्रातर्गत्वा शान्ततीर्थे जलतर्पणदानकम् ।
पुनः कृत्वा प्रमोदेन चकार स्तुतिमादरात् ॥
पाठादि विविधा गाथा स्तोत्रञ्चापि प्रपाठयन् ॥

खगाननाको त्यस्तो पूजा गरेको अवसरमा मञ्जुदेवले ठूलो दान पनि गरे। उनले माग्नेहरूलाई अन्न, वस्त्र, द्रव्य खुसीसाथ दान गरे। यति गरेपछि उनले फेरि स्नान गरेर खगाननाको पञ्चोपचारले पूजा गरेर ध्यान, मन्त्र, जप तर्पण खाद्यवस्तु अर्पण गरेर देवतालाई खुसी पारेर बारम्बार प्रणाम गरे भनेर स्वयम्भू पुराणमा वर्णन गरिएको पाइन्छ।[२३]

यसरी मञ्जुदेवले खगाननाको पूजा आराधना गरेपछि देवीलाई प्रणाम गरे अनि देवीको प्रसाद हालेर अभिषेक गरेर आँखामा प्रसादको लेप लगाए अनि देवीको जलरूपी अमृत पिए। यसपछि उनले आफ्ना पत्नीहरूसँग भएर तीन अञ्जुली जल पिए र पत्नीहरूलाई पनि दिए। त्यसपछि मञ्जुदेवले आफ्ना सबै शिष्यहरूलाई प्रसाद दिए। यस्तै गर्नाले उत्तिखेरै अज्ञान नाश भएर सुज्ञान पाइन्छ भनेर भक्तहरू खगाननाको सेवा गर्दछन् र मनले इच्छा गरेकोभन्दा बढी पाउँछन् भनेर हिमवत्खण्डमा बताइएको छ।[२४]

---

२३. स्वयम्भू पुराण, पृ. १८२।

दानानि विविधान् वस्तून् याचकेभ्यः प्रच्छादितः।
अन्नमन्नार्थिकेभ्यश्च वस्त्रं वस्त्रार्थिकेभ्यः हि॥
द्रव्यं द्रव्यार्थिकेभ्यो पि सर्वेभ्यश्च मुदा ददौ।
स्नाने सति पुनः पूज्यं खगाननायै धीमता।
पत्नीभ्यां सहसंस्थित्वा पञ्चोपचारकैरपि।
ध्यानैर्मन्त्रैस्तर्पणैः पुष्पैधूपैस्तथा अपि॥
गन्धैर्दीपैश्च नैवेद्यैः लेल्ह्यै पेयैस्तथा पुनः।
खानैः पानैश्च सन्तोष्य खागाननायै च सद्गुरुः॥
तद्विधिना सुसंपूज्य प्रणम्य च पुनः पुनः॥

२४. स्वयम्भू पुराण, पृ. १८३।

प्रणिपत्य पुनः कृत्वा तत्प्रसादेन सञ्चयन्।
अभिषेकं पुरः कृत्वा नेत्रेलेपं प्रकुर्वन्ति॥
मञ्जुदेवेन मोदेन पिबेत्तस्यामृतं पयः।
पत्नीभ्यां सह सङ्गेन पिबेच्च अञ्जलिं त्रयम्॥
प्रथमञ्च पिबेत्तेन पत्नीभ्याञ्च ततः ददौ।
तत्सर्वेभ्यः शिष्येभ्यः तत्प्रसादं मुदा पिबेत्।
अज्ञानं तत्क्षणात् त्यक्त्वा सुज्ञानं प्राप्यते ननु॥
इति मत्वा च मानुष्या तस्याः सेवां कृतमपि॥
ईप्सितं फलसम्प्राप्ता वाञ्छाञ्च लभ्यतेऽधिकम्॥

यसरी नाग-दहको चारैतिर जल सुकेपछि जलस्कन्धरूपी खगाननाको मञ्जुदेवले पूजा गरेपछि विष्णु, शिव, इन्द्र, ब्रह्मा आदि देवगणले पनि उनको पूजा गरेर पाउमा नमस्कार गर्न थाले । त्यसपछि दसै लोकपालहरू र तेत्तीस कोटी देवता पनि आई शान्तितीर्थको जलमा स्नान गरेर खगाननाको पूजा गरेका हुन् भनेर स्वयम्भू पुराणमा देवीको माहात्म्य गाइएको पाइन्छ ।[२५]

गुह्येश्वरीको वन

गुह्येश्वरीको वन मञ्जुश्रीले बनाएका हुन् भनेर स्वयम्भू पुराणमा भनिएको छ ।[२६] त्यस वनको महत्त्वबारे स्वयम्भू पुराणमा चर्चा गरिएको पाइन्छ ।

गुह्येश्वरी मन्दिरबाट देखिने श्लेष्मान्तक वन

सो गुह्येश्वरीको वनमा क्षेत्रपाल नाग, चैत्य, शिव, मेघ, सिद्ध, अष्टमातृका, कुमार, गणेश, भैरवका गण,

---

२५. **स्वयम्भू पुराण**, पृ. १८३ ।
एवं कृते अपि सद्य तद्ह्रदस्य समन्ततः ।
जलशान्तवभूवेथ जलस्कन्धस्य पूजनात् ॥
ततः विष्णुशिवशक्तिः ब्रह्मादिदेवतागणैः ।
पूजितं सततं तस्या पादाब्जे च नमस्कृता ॥
इन्द्रो यमश्च वरुणः कुबेर हुतभुगपि ।
नैऋत्य वायुः इशश्च अध उर्द्ध तथा अपि ।
दशभिर्लोकपालैश्च इत्थं चत्वार राजिकैः ।
त्रयस्त्रिंशादिभिरन्यैः नाकैश्च तत्र आगताः ।
शान्ततीर्थजले स्नात्वा खगाननां हि पूजितम् ॥

२६. **स्वयम्भू पुराण**, पृ. १८७-८८ ।
इति कृते गुरुः शास्ता मञ्जुदेवश्च सुधीमान् ।
तस्याश्च परिशामार्थ इत्थं वनं प्रकाशितम् ।

देवता, योगी, योगिनी, आकाशचारी र भूचारी डाकिनी र शाकिनी, स्वर्गका देवता, मर्त्यलोकका मानिस र पातालका बासिन्दाहरू पनि सधैँ बसिरहन्छन्। स्वयम्भू पर्वत -गोपुच्छ पर्वत) मा जति देवता रहन्छन् त्यत्ति देवता यहाँ पनि रहन्छन्। तेत्तीसै लोकहरू यहीँ प्रकाशित भएका हुनाले गुह्येश्वरीको वन पनि गुण र पवित्रताले गर्दा स्वयम्भू पर्वतजस्तै छ भनेर स्वयम्भू पुराणमा बताइएको छ।[२७]

मङ्सिर महिनामा खगाननाको पूजा गर्नाको माहात्म्य

मार्गशीर्ष महिनामा गुह्येश्वरीको पूजाआजाको माहात्म्य बताउँदै स्वयम्भू पुराणमा भनिएको छ कि मार्ग कृष्ण नवमीमा दिउँसो र राति मञ्जुदेवले गरेजस्तै पूजा गर्नाले ठूलो फल पाइन्छ। अरू महिनाको नवमी तिथिमा पनि खगाननाको पूजाआजा गर्नाले राम्रो फल पाइन्छ भनेर त्यहीँ बताइएको पाइन्छ।[२८]

---

२७. **स्वयम्भू पुराण**, पृ. १८८-८९।
क्षेत्रपालादयनागाः चैत्याः शिवाश्च संस्थिता।
महामेघाश्च सिद्धाश्च संस्थिता तत्र सर्वदा।
अष्टाभिर्मातृकाभिश्च कुमारगणनायकैः।
भैरवादिभिः गणेशश्च देवाताभिः सदास्थितः।
योगिभिर्योगिनीभिश्च खेचरः भुचलैरपि॥
डाकिनीभिः शाकिनीभिः तत्र च वासितं सदा।
स्वर्गजैरपि देवैश्च मर्त्यजैरपि मानुषैः।
पातालजैश्च स वैंश्च वाशितं तत्र सर्वदा।
गोपुच्छपर्वते सर्वे देवा भवेयुः वासिताः।
तथास्मिन्वने देवाः वाशितं सर्वदा अपि।
त्रयत्रिंशादिलोकेषु सर्वे लोका प्रकाशितम्।
गुणेन च पवित्रेण गोपुच्छपर्वतमिव।
कृतमित्यं ततो तेन गुरु मञ्जुदेवेन च।

२८. **स्वयम्भूपुराण**, पृ. १८४-८५ र
कश्चि मार्गशीर्षस्य कृष्णपक्षे ग्रहं तिथौ।
सुस्नात भक्तच्छेदी च भूत्वा पोषधसंयमी।
इत्यादि विधिभिस्तस्यै ढौकितेन च पूजितम्।
मार्गशीर्ष कृष्णपक्षे नवम्यान्च विशेषतः।
उत्तमं फलसम्प्रमता लभ्यते मानवादयः॥
एकद्दिने च रात्रौ च पूजायाश्च दिनं भवेत्।
पूजया च प्रतिमासे नवम्यां तिथिसंज्ञके।
पूजितन्च भवेन्नित्यं लम्यते मध्यमं फलम्।

स्वरम्भू पुराणमा खगाननाको कृष्ण पक्षको चतुर्दशीको राति पूजा गर्ने र जागरण गर्ने, बिहान स्नान दान गर्नाले मनले चिताएको पुग्ने र मोक्ष प्राप्ति हुने कुरा बताइएको छ ।

दशमीको दिन वज्रोदक वा गुह्येश्वरीको जल तीन अञ्जूली पिएमा मनले चिताएको पुग्छ भनेर स्वयम्भू पुराणमै भनिएको छ ।[२९]

गौड देशका राजा नेपाल आई शान्तिकर आचार्य नामले प्रख्यात भए । उनले पनि 'खगानना' (गुह्येश्वरी) को पूजा गरे भनेर स्वयम्भू पुराणमा भनिएको छ ।[३०]

पद्मगिरिको वंशावलीअनुसार राजा पार्थिवेन्द्र मल्लको पालामा भएका समन्त भद्र बाँडा गुह्येश्वरीका भक्त थिए र वडा सिद्ध पुरुष थिए ।

सोही वंशावलीअनुसार समन्त भद्र एकपल्ट भोट गएको बेलामा त्यहाँका ठूला लामासँग बसी चिया खान लाग्दा उनले आफ्नै देवी सिद्धिको शक्तिबाट कान्तिपुरमा रहेको आफ्नो घरमा आगो लागेका थाहा पाएर आफ्नो चिया नेपालतिर फर्की फ्याँकिदिए । त्यो फ्याँकिएको चिया ह्लासाको आकाशमा उडेर समन्त भद्रको लगनटोलमा रहेको घरमाथि ठूलो झरीका रूपमा पर्न

---

२९. **स्वयम्भू पुराण**, पृ. १८५ ।
प्रतिमासे चतुर्दश्यां कृष्णपक्षस्य रात्रिके ।
तत्पूज्यं मानवीमिश्च वादितम् लभ्यते कृतम् ॥
निशि जागरणं कृत्वा प्रादनि यथाक्षमम् ॥
दत्वा स्नात्वा परावृत्य शुचिवस्त्रं विधावित ।
मानव्य मानव्यापि इत्थं कृत्वा काले दिने ।
इप्सितं फलसम्राप्राप्ता ते मोक्षमधिगच्छति ।
वज्रोदकं दशम्यां तु ये पिवन्त्यन्जलित्रयं ॥
मानव्यमानवाश्चापि वान्छितं फलप्स्यते ॥

३०. **स्वयम्भू पुराण**, अ. ६, पृ. ४०८ ।
सोऽपि शान्तिकराचार्य पत्न्या च सह सर्वदा ।
पञ्चोपचारविधिभिः खगाननां प्रपूजितम् ॥
खगाननां प्रपूजित्वा तस्मिन्नेपालमण्डले ।

गयो र आगो निभायो । लामाले समन्त भद्रलाई चिया फ्याँकेको कारण सोद्धा आफ्नो घरमा आगो लागेको कुरा बताउँदा लामाले पनि ध्यानदृष्टिले हेर्दा सो कुरा सत्य पाएका थिए ।

ह्लासाबाट नेपाल फर्केपछि समन्त भद्र बनारस पनि गए । त्यहाँ बौद्धहरूले एउटा चैत्य बनाई त्यसको प्रतिष्ठा गर्ने मानिस खोजिरहेका थिए र उनीहरूले त्यसो गर्न समन्त भद्रलाई अनुरोध गरे । उनले एक अञ्जुली गङ्गाजल चैत्यमा छर्केर प्रतिष्ठा भयो भनिदिएकोमा मानिसहरूले पत्याएनन् र फेरि प्रतिष्ठा गर्न भने । तर समन्त भद्रले झ्याँकमा आएर थपडी बजाउँदा सो चैत्य आकाशमा उड्यो र काठमाडौँमा आएर बस्यो जुन काठेशिम्भू वा सगोदेव भनिन्छ ।[३१]

नैरात्म्ययोगिनीका रूपमा बुद्धमार्गीहरूले गुह्येश्वरीको पूजा-आराधना गर्दछन्, यसैले मूल कुण्डमा सोझै बलिदान गर्न नहुने चलन छ ।[३२]

यससम्बन्धी एक ग्रन्थ नैरात्म्य गुह्येश्वरी मन्त्रनामधारिणी राष्ट्रिय अभिलेखालयमा रहेको छ ।[३३]

---

३१. हसरत, पृ. ८१ ।

३२. धनशमशेर ज.ब.रा.– कामकलारहस्यम् ।

३३. बुद्धिसागर शर्मा– संक्षिप्त सूचीपत्रम्, वीर पुस्तकालय, सं. २०२०, पृ. ७६ पूर्वोक्तमै नैरात्म्यतन्त्रम्, नैराम्ययोगिनीतन्त्रम् र नैरात्म्यस्तुतिगीतम् भन्ने अरू तीन ग्रन्थको पनि उल्लेख भएको छ जसको सम्बन्ध नैरात्म्ययोगिनी गुह्येश्वरीसँग हुन सक्दछ ।

माथि पादटिप्पणीहरूमा स्वयम्भू पुराणका जति श्लोकहरूको उद्धरण भएको छ । ती सबै जस्ताको तस्तै राखिएको छ । कसैले यस्तो संस्कृत शैलीलाई बोलीचालीको संस्कृत भाषा मानेका छन् ।

परिशिष्ट – १

गुह्येश्वरीमा विशेष पूजा

कात्तिक ५ गते २०३७ : ८८ वर्षीयआनन्दमुनि वज्राचार्यको आयोजनामा गुह्येश्वरी स्थानमा 'पदसाधना' 'अहोरात्र होम' तथा 'सद्यकुमारी महोत्सव'को बौद्ध सम्प्रदायअनुसारको पूजाआजा भयो। सोको कार्यक्रम यस किसिमबाट भएको थियो:–

६ गते नृत्येश्वरी आह्वान
७ गते अष्टमातृका पीठहरूको साधना
८ गते मूल सिद्धि कार्य
९ गते पद साधना
१० गते प्रसाद ग्रहण समारोह
११ गते मण्डल स्थापना
१२ गते रात्रि अभ्यन्तर पूजा
१३ गते अहोरात्र पूर्णाहुति
१४ गते कुमारी आमन्त्रणा
१५ गते अष्ट मातृकागणको फिर्ती
१६ गते देवदेवीहरूको विश्राम महोत्सव
१७ गते देवदेवीहरूको विश्राम महोत्सव
१८ गते देवदेवीहरूको विश्राम महोत्सव
१९ गते दिन श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानीलाई इन्द्रको अंश भनेर बोधिसत्त्वको रूपमा आमन्त्रण गरिएको र राजाले जटासहितको नरिवल अहोरात्र यज्ञमा हवन गरेको र वज्राचार्य गुरुज्यूलाई दक्षिणा प्रदान तथा समाप्ति (नोभें. ४, १९८०)। सो कर्मकाण्डमा २२ जना बौद्ध तान्त्रिकहरूले कर्मकाण्ड सम्पन्न गरेका थिए। (गोप. कात्तिक २०, २०३७ नोभे ५, १९८०)।

परिशिष्ट – २

पुरानो गुह्येश्वरी

कान्तिपुरदेखि एक कोश जति उत्तरतर्फ अवस्थित बालाजुभन्दा अलिक उत्तरमा फूलबारी भन्ने ठाउँमा 'पुरानो गुह्येश्वरी' नामको एक धार्मिक स्थल छ । यहाँ एउटा वेदीको माथि कलशको स्थापना गरिएको छ र सोही कलश रहने गोलाकार छिद्र छ र सोही कलशमा पूजाआजा गरिन्छ । पशुपतिनेरको गुह्येश्वरीमाको कलश रहने छिद्रमा झैं यहाँकोमा पानी रहँदैन । स्थानीय जनश्रुतिअनुसार सो छिद्रमा केही समयअघिसम्म जल आउँथ्यो तर हिजोआज सुख्खा रूपमा छ ।

पुरानो गुह्येश्वरीको नामले कहलिने उपर्युक्त पीठ कहलिने नेपालमै पनि त्यति प्रसिद्ध छैन तर थाहा पाउनेहरू पशुपतिनेरको गुह्येश्वरी पीठभन्दा यहाँको पीठ पुरानो हो भनी मान्दछन् । पुरानो गुह्येश्वरी नाममा पनि यो तथ्य झल्किन आउँछ । तर यस पीठको प्राचीनता र ऐतिहासिक पक्ष थाहा पाउने सामग्री उपलब्ध भएजस्तो लाग्दैन । सोही स्थलमा पनि पुराना ऐतिहासिक सामग्रीको अभाव छ । हालसालैका केही अभिलेख भने यहाँ रहेका छन् । यहाँ पाइएको सबभन्दा पुरानो अभिलेख ई. १८०३ (वि.सं. १८६०) को हो जुन उतिखेरका प्रभावशाली प्रशासक काजी नरसिंह गुरुङले सो पीठस्थलमा पर्खाल र धर्मशाला बनाएको सम्झना गरी लेखिएको छ ।[१]

उपर्युक्त शिलालेख र त्यसपछिका त्यहाँ रहेका अरू स्मृति लेखहरूले यस पीठस्थललाई के रूपमा मानिन्छ भन्ने तथ्य भने थाहा पाउन सकिन्छ । उपर्युक्त ई. १८०३ को शिलालेखमा संस्कृत भागमा 'गुह्येश्वरी' र नेपाली भागमा 'श्री ३ गुह्येश्वरी' मात्र भनिएको छ । यस पीठको हाल प्रचलित

---

१. अभिलेख सङ्ग्रह, भाग १२, २०२०, पृ. ८ ।

'पुरानो' विशेषणयुक्त नाम उक्त शिलालेखमा नभएको तथ्य महत्त्वपूर्ण जस्तो लाग्दछ ।

यहाँ रहेको सन् १९६८ (वि.सं. २०२५) को एउटा अभिलेखमा सो पीठलाई 'श्री श्री श्री जगदम्बा माता गुह्येश्वरी' र 'महामाया' पनि भनिएको छ ।

सन १९७० (नेपाल संवत् १०९०) को यहाँको अर्को शिलालेखमा सो पीठलाई 'श्री नैरात्मादेवी' साथै 'फुलबारी पुलांगु गुह्येश्वरी' भनिएको छ । यस प्रमाणमा बरु 'पुराना' (पुलांगु) गुह्येश्वरी भनिएको छ । नेपालका बौद्धहरूले पशुपतिनेरको गुह्येश्वरीलाई नैरात्मादेवीका रूपमा मान्ने गरेझैं यहाँ पनि सो प्रमाणले सोही चलन चलेको देखाएको छ । साथै नैरात्मा र गुह्येश्वरी एकै देवीका दुई नामका रूपमा सो प्रमाणमा चर्चा भएको हुनु महत्त्वपूर्ण हुन आएको छ । यहीं रहेको अर्को स्मृति लेख (हालसालैको) मा यो पीठलाई 'भवानी' र 'ईश्वरी' मात्र भनिएको छ ।[२]

---

२. हरि श्रेष्ठ, नेवारी लोकगीत, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान पृ. २८० मा देवी दुधनमाई, पुरानो गुह्येश्वरीको एक उपनाम (?) भनेर लेखिएको छ र "देवी दुधनमाई" को यौटा भजन पनि अनुदित रूपमा प्रस्तुत गरिएको छ (पृ. ५१-५३) ।

परिशिष्ट – ३

आगे विस्नुनरसिं आचारके श्री गुह्येश्वरिका जात्रा गुठ जयजगतमल्ल राजाले र जयप्रकाशमल्ल राजाले न–ह्याको घर गुठी र शीलापत्रमा लेषीया बमोजिमका गुठि चलाउनाकन गुठियारलाई अघिदेखि दियाका रीतले कुत भरी दिनु कुत वटियाको र घर गुठिका वालीले परापुर्व देषी वनाई आयाको घर ३ मा वर्ष प्रति वनाई वाकी रहचाको जगेरा राषनु वर्स्यानी वनाया भंदा घर साह्रै विगच्यो भन्या तेसै जगेराका रूपैया लि वनाउनु षर्च भया बमोजिम षसोषास लेखी राषनु अरू गुठको पी चल्या नचल्याको बुझनु श्री गुह्येश्वरीका टहलमा रहन्या अवाल नकर्मी कुसल्याहरूले पनी अघीदेखी खाइ आयाको षानगी षाइ आफ्ना आफ्ना टहलमा रुजु भै रहनु साल वसाल घर वीगच्याको बनाउदीषेखर मोहीहरू र दीहान्या (?) हरूलाई ल्याइ काम गराउनु भनी तलाइ अषत्यारीको वंदेज मोहर गरिवक्स्यौं आफ्ना षातीर्जामासंग तपसील बमोजिम्का षेतको वालीले परंपराको रितसीत गुठि र काम चलाई भोग्य गर –––

तपसील

जात्रा गुठिको वागमती डोलषेत रोपनी ९०

घर गुठीको डोल षेत रोपनी १२

अवालले झींगटि दिन्या रोपनी ६

अैजनको घड्यारी रोपनी ६०

नकर्मीले फलामको कील काटा दीयाको डोल षेत रोपनी ५

कुह्मालले घर चोक बढारन्या षोडोंल षे (त) रोपनी ६

मीति सदर

(वि.सं. १८७१)

परिशिष्ट–४

श्री दुर्गाज्यू श्री गुह्येश्वरी

स्वस्ति श्री मन्महाराजाधिराजस्य रूक्का ---

आगे हाक्या कटुवालके विश्नुनर अचारले षायाको ..... का जात्रा गुठि वाग्मती डोलको पानी षेत र पाषाको डीही लगापात समेत अघीको मोहर हानी तलाई वक्स्यौ परापुर्व देषी लाग्याको कुत धान् मुरी १२० थप धान मुरी ज्मा धान मुरी १३० र हींउद्या वालीको तेल पाथी ६ घ्यू षानी रूपैया ५ तारी तपसील बमोजिम षेत पाषो डिही कुत जानी भोग्य गर ...

तपसील

वाग्मती डोलको षेत रोपनी – ९०

पाषाको डिह रोपनी ६०

इति सम्वत् १८७९ साल मोती द्वीतीय चैत्र वदि ५ रोज २ शुभम् ....

मार्फत भीमसेन थापा

मार्फत उदयगिरि

परिशिष्ट – ५

आगे सहर काठमाडौं मजिपाट टोलको जोगनाराएन नेवार के गजिन्द्र नेवारका अपुताली पऱ्याको श्री गुह्येश्वरीमा पूजा वर्ष वंधन गर्न्या गुठी तस्को षेत मेथीवारी रोपनी २ अघीका रितसित वर्षवंधन गुठी चलाउना गरी वक्स्यौं पानफूल रू. – १

(लेखकको सङ्ग्रहमा रहेका)

---

१. **अभिलेख**, वर्ष ३ अङ्क ३, २०४२, पृ. २४ ।

परिशिष्ट – ६

श्री गुह्येश्वरीसहस्रनामस्तोत्रम्

हाहारावतन्त्रोक्तम्

श्री सदाशिव उवाच
नमस्ते भुवनेशाय ब्रह्मणे विश्वरूपिणे ।
ईश्वराय परेशाय गुरवे शिवरूपिणे ॥१॥
यस्याः प्रसादाद्देवोऽपि सर्वज्ञः स शिवो भवेत् ।
तां नौमि परमेशानीं सर्वव्यापिनीमीश्वरीम् ॥२॥
ब्रह्माण्डकोटिलक्षाणि भस्मसात् कुरुते च या ।
तां कालग्रसनरतां गुह्यकालीं नमाम्यहम् ॥३॥
या च सर्वाणि तनुते यां विशन्ति पुनः पुनः ।
यदर्चनेन देवोऽपि शिवः सर्वज्ञयोगवित् ॥४॥
सृष्टिस्थित्यन्तकर्ता च सोऽभवत् परमेश्वरः ।
शिवः शान्तो गुणातीतो जरामरणवर्जितः ॥५॥
पुरा युगादौ रूद्रः स शक्त्या सन्धारयन् गुणैः ।
प्राप्तवान् परमं ज्ञानं स्तवराजं महामनुम् ॥६॥
शिवेन विष्णवे दत्तं विष्णुर्हि ब्रह्मणे ददौ ।
ब्रह्मणा च वसिष्ठाय वसिष्ठो मनवे ददौ ॥७॥
मनुना राज्यकामेन सदा जप्त्वैकमानसः ।
पयोधिमेखलां पृथ्वीं सशाश मनुरेकराट् ॥८॥
विना व्रतैर्विना ध्यानैर्विना पूजाजपस्तवैः ।
वीरसाधनहोमादीन् विना शीघ्रफलप्रदा ॥९॥

नानेन सदृशं स्तोत्रं विद्यते भुवनोदरे ।
तस्मात् सर्वं परित्यज्य पठेन्नामसहस्रकम् ॥१०॥
यस्या नामसहस्रेणपठञ्जपन् पुनर्जनिः ।
तस्मात् सर्वप्रयत्नेन पठनीयं समाहितैः ॥११॥
एकाग्रमणिरव्यग्रं कृत्वा ध्यायेन्महेश्वरीम् ।
अस्य श्री गुह्यकालीदेवीमन्त्रनामसहस्रस्य सदाशिव ऋषि–
रनुष्टुब् छन्दः श्री गुह्यकालीदेवता ऊँ बीजं फ्रँ, शक्तिः
ह्रीं कीलकं ब्रह्मवेदने विनियोगः ।

ध्यानम्

गुह्येश्वरी माता

योनिश्च सिद्धियोनिश्च महायोनिः सुयोनिजा ।
सिद्धियोनिः शृङ्गयोनिः महाशृङ्ग्यस्थियोनिका ॥६२॥
दिव्ययोनिर्महादिव्ययोनिः पद्माक्षयोनिका ।
महाभक्षणभक्षी च महासंहारिणी शिवा ॥६३॥
महारतेश्वरी रौद्री महाकृतान्तनाशिनी ।
महायमभक्षणी च कालसंहारघोषिणी ॥६४॥
कालरात्रिर्महारौद्री चाण्डाली कालनाशिनी ।
वीरेश्वरी वीरपूज्या कालाग्निमयदारिणी ॥६५॥
महाभैरवसंहारी ब्रह्माण्डान्तविहारिणी ।
संहारकालिका भद्रा महाभयविघातिनी ॥६६॥
सृष्टिकाली महादिव्या स्थितिकाली महोज्ज्वला ।
संहारकालिकोड्डाभा कालग्रसनकालिका ॥६७॥

रक्तकाली महोच्छ्राया कालिकायमसंज्ञिका ।
मृत्युकाली भद्रकाली महामार्त्तण्डकालिका ॥६८॥
महाकालाग्निकाली च परमार्कार्ककालिका ।
कालकाली महाघोरा चण्डभैरवकालिका ॥६९॥
मन्त्रकाली हंसकाली क्रमकाली च डामरी ।
ज्ञानकाली चक्रकाली चक्र ॐ कारकालिका ॥७०॥
महानगरकाली च एकाभासा च कालिकाः ।
महाशब्दकालिका च महाबलान्तकालिका ॥७१॥
ऋद्धिकाली शुद्धिकाली भासा श्रीहंसकालिका ।
चण्डभासा कालिका च भासा डामरकालिका ॥७२॥
भासा योगी महाभासा भासा गगनकालिका ।
भासाडम्बरकालिका च भासा ऋक्षा तु कालिका ॥७३॥
सूर्यकाली चन्द्रकाली अग्निकाली सुभूषणा ।
वायुकाली व्योमकाली मनःकाली सुव्यापिनी ॥७४॥

नरवक्त्रा नीलवर्णा चतुष्पञ्चाशद्दोर्युता ।
चिद्रत्नमुद्रिकाहस्ता नरमुण्डालिभूषिता ॥२३॥
शुष्कमुण्डविभूषा च नानारत्नविभूषिता ।
दुष्टप्रशमनी रौद्री कालिका प्रेतवाहिनी ॥२४॥
नरमुण्डविभूषा च शुष्कमुण्डविभूषिता ।
कालकाली दीप्रकाली प्रधाना बलिभक्षिणी ॥२५॥
जया जयन्ती विजया जेया दुःस्वप्ननाशिनी ।
ब्रह्मप्रेतासना चारूः कमला कमलप्रिया ।।२६॥
दीप्तजिह्वा ललज्जिह्वा विद्युज्जिह्वा जरापहा ।
चन्द्रार्कवह्निननयना विष्णुप्रेतासनस्थिता ॥२७॥
सूर्यमण्डलमध्यस्था नानाकर्मफलप्रदा ।
रुद्रप्रेतासना रौद्री कामिनी पद्मलोचना ॥२८॥
ईश्वरासनसंस्था च ईश्वरीश्वरवल्लभा ।
महाप्रभावा महतो महैश्वर्यप्रदायिनी ॥२९॥
सदाशिवासना रामा देवमाता सुधा स्मृता ।
क्रोष्टुरावस्थिता माया महामृता महास्मृतिः ॥३०॥
महाफेरूरवा रावा रावरौद्रा भयङ्करी ।
महासेनस्य जननी प्रेतस्था पालिनी शुभा ॥३१॥
निशुम्भशुम्भदलिनी मधुकैटभनाशिनी ।
दुर्धर्षदमनी कन्या विडालाक्षप्रमर्दनी ॥३२॥
रक्तबीजविशोषघ्नी महिषासुरघातिनी ।
उग्रचण्डा उग्ररूपा उग्रशत्रुनिपातिनी ॥३३॥
उग्रपादक्षयकरी उग्रशासनशासनी ।
उग्रायुधधरी धात्री उग्रभूषणभूषिता ॥३४॥
महापापप्रशमनी उग्रकर्मकरी किला ।
रुद्रचण्डप्रचण्डा च चण्डोग्रा चण्डनायिका ॥३५॥

चण्डा चण्डवती चण्डी प्रचण्डा चण्डनादिनी ।
योगिनी च महाचण्डा चण्डरूपातिचण्डिका ॥३६॥
खड्गिनी शूलिनी घोरा हुँकाररावनादिनी ।
पाशिनी शक्तिनी चण्डी महाकन्दरधारिणी ॥३७॥
खट्वाङ्गिनी मुण्डिनी च चापिनी चक्रिणी परा ।
घण्टारावप्रिया नित्या शैलिनी कुट्टिनी महा ॥३८॥
बालप्रेतधृतवती महाकङ्कालधारिणी ।
नकुलिनी च सर्पास्त्रधारिणी वंशिनी ह्युमा ॥३९॥
षडस्त्रा ओडिकाहस्ता वह्निपात्रत्रिदण्डिनी ।
श्रुवा अष्टाश्रसिंही च वस्त्रमुद्गरधारिणी ॥४०॥
हुङ्कारिणी दण्डिनी च श्रीकेली कीर्त्तिधारिणी ।
महाङ्कुशधृतवती महाडिण्डिमनादिनी ॥४१॥
त्रिशूलिनी दण्डिनी च धनुष्कलशधारिणी ।
पद्मकुन्तकपुस्तं च धारिणी प्रेतवाहिनी ॥४२॥
छुरिकातोमरवती महाकुसुममालिनी ।
नंद्यावर्त्तधृतवती परमानन्ददायिनी ॥४३॥
परमेशीमहारौद्री भक्तवश्या भवप्रिया ।
व्योमा वामेश्वरी वामा खेचरी दिक्चरी धृती ॥४४॥
गोचरी भूचरी सौम्या पतङ्गी पालकी शिवा ।
नरवल्ली वराहागा सर्पास्या विविधानना ॥४५॥
मुग्धमूर्तिः शिलामूर्त्तिः सूर्यमूर्त्तिर्गुणाश्रया ।
सोममूर्त्तिर्महानन्दा प्रभामूर्त्तिर्महानभः ॥४६॥
क्षीरमूर्त्तिर्महार्चिष्मा महाकेतुकुली शिवा ।
पताकिनी दयारम्भा मूलप्रकृतिरीश्वरी ॥४७॥
मार्त्तण्डमण्डलचरी सिन्दूरतिलकप्रिया ।
ऋक्षूसहस्रमूर्त्तिश्च चण्डमूर्त्तिर्महेश्वरी ॥४८॥

अनादिनिधना पुष्टिर्चतुर्वर्गा फलप्रदा ।
गिरिकर्णिप्रतीकाशा शरत्कुमुदलोचना ॥१०३॥
भूतभव्यभविष्यज्ञा भूतभावनभाविनी ।
वाममार्गारता वामा शिववामाङ्गवासिनी ॥१०२॥
मङ्गला च सुशीला च प्रेतमार्गा प्रबोधिनी ।
कुब्जिका च कुजा कुब्जा माता मालिनी मानदा ॥१०३॥

ज्वालामुखी वेगमुखी उमा शुष्का महेश्वरी ।
शुभा कामा च प्रकृतिर्घोषिणी रावराविणी ॥१०४॥
क्रममण्डलमध्यस्था क्रमेशी च नवात्मिका ।
ब्राह्मी रौद्री गुहवती वैष्णवी घोररूपिणी ॥१०५॥
नारसिंही शक्रवती चामुण्डा चर्चिता भगा ।
भव्या बिम्बा भगास्या च महाभाग्या महाबला ॥१०६॥
योगिनी रागिणी रम्या रत्नकञ्चुकधारिणी ।
जभनीकृताङ्गी च व्याघ्रचर्मकटिस्थिता ॥१०७॥
सिंहचर्मनितम्वी च कालचर्मोत्तरीयका ।
विश्वलक्ष्मी विश्वमाता जातरुपस्वरुपिणी ॥१०८॥
सर्वमन्त्रमयी विद्या सर्वमन्त्राक्षरा वरा ।
मातृमण्डलमध्यस्था मातृमण्डलवासिनी ॥१०९॥
कुमारजननी शुद्धा सुमुखी शापनाशिनी ।
मानलक्ष्मीश्च सुभगा शीतला शीलसंयुता ॥११०॥
दिव्यस्तम्भनदा काली पातालस्फोटकालिका ।
मृत्युध्वजा वामध्वजा यमध्वजनिवारिणी ॥१११॥
अपराजिता चाजिता रमणी रामनाशिका ।
शुष्का शुष्कमुखी धामा विकराली करालिनी ॥११२॥
राममाता रामपूज्या राज्यदा राज्यपूजिता ।
शिवा महातारिका च विशाखा सा हरिप्रिया ॥११३॥

ब्रह्मादिपञ्चकयुगश्रुतिदिग्पतीनां
मुण्डेषु भैरवशिवाप्रलयानलेषु ।
तस्योर्ध्वगे दशशतच्छदविद्रुमाभे
पद्मे स्थितां भगवतीं परमां दशास्याम् ॥

सिंहेभकोलकपिऋक्षतुरङ्गताक्ष्यै–
योगेश्वरीमकरमानवपङ्क्तिवक्त्राम् ।
शूलाङ्कुशौ परशुमुद्गरपाशपात्र–
खट्वाङ्कवालकशिरोङ्कितपाणिपद्माम् ॥
ॐ ह्रीं फ्रें छ्रीं हूँ स्त्रीं नमः ॥
ॐ गुह्यकाली महाकाली भद्रकाली सुमङ्गला ॥१४॥
परा परेश्वरी धूम्रा परमेष्ठीवरप्रदा ।
चण्डिका चर्चिका दुर्गा चामुण्डा शववाहिनी ॥१५॥
चण्डघण्टा चण्डहासा चण्डवेतालवाहिनी ।
चारुप्रसन्नवदना चण्डमुण्डविनाशिनी ॥१६॥
चण्डघोषा महारावा चारुवक्त्रप्रकाशिनी ।
चण्डेश्वरप्राणचरी चण्डफेरवराशिनी ॥१७॥
प्रचण्डदैत्यदर्पघ्नी समस्तपातकापहा ।
भद्रा भद्रेश्वरी भीमा भीषणी भैरवप्रिया ॥१८॥
महाभाग्यप्रदा भाग्या भवबन्धविमोचिनी ।
भवानी भवरोगघ्नी भक्तभक्तिप्रबोधिनी ॥१९॥
महामोहप्रशमनी महोत्साहप्रसादिनी ।
क्षमा कान्तिः प्रभा ज्योत्स्ना चण्डयोगेश्वरी शिवा ॥२०॥
तेजोरूपा तेजोमया दिव्यतेजःप्रकाशिनी ।
ज्योतिर्वक्त्रा महाचण्डा योगेश्वरी महाप्रभा ॥२१॥
सिंहवक्त्रा शिवावक्त्रा कपिवक्त्रा गजानना ।
ताक्ष्यवक्त्रा शङ्कुवक्त्रा ऋक्षवक्त्रा हयानना ॥२२॥

सर्वकाली सिद्धिकाली निरालम्ब्युतकालिका ।
कालिका दंष्ट्रिणी मुद्रा मुद्रामा लेलिहानना ॥७५॥
कपालमुद्रा कालघ्नी मुद्रासा कालनाशिनीम् ।
समयघ्नी घोरमुद्रा विकराला च भ्रामणी ॥७६॥
श्रीकुण्डला ज्ञानमुद्रा शिला कपालमुद्रिका ।
योनिमुद्रा परामुद्रा महामुद्रा च द्वादशी ॥७७॥
क्षिपणी धीवरी काली पुलिन्दी ओडिकाप्रभा ।
वेश्याम्बा शैण्डिनी घोरा कैवर्त्ती खेटकी मता ॥७८॥
रजकी क्षिपणीज्ञाना अठकी क्रोसघण्टिका ।
अग्निवक्त्रा च पिङ्गाक्षी चर्मणी जरा ॥७९॥
गोकर्णी गजकर्णी च चामुण्डा अश्वकर्णिका ।
विद्युन्मुखी प्रसन्नास्या लोकमाता पभाविणी ॥८०॥
ब्रह्मानना ब्रह्मबला कपिला पतना भया ।
भग्ननासा भग्नकर्णा संस्पृष्टा राजमातृका ॥८१॥
गुह्येश्वरी शारदा च जल्पेश्वरी च पार्वती ।
काली हरिणी माया महामाया च अम्बिका ॥८२॥
रक्ताम्बा च महाकाली घण्टारी चिञ्चिणी मृडा ।
ऊर्ध्वकेशी छिन्नमस्ता महालक्ष्मी त्रिकोणगा ॥८३॥
मातङ्गी शिवदूती च सिद्धाम्बा पद्ममन्दिरा ।
पद्मयोनिर्निराबाधा सुलिङ्गा भगमालिनी ॥८४॥
चण्डाख्या त्रिजटाध्याना त्रिशक्तिमातृकापरा ।
कपालिनी मालिनी च कालिनी कमलालसा ॥८५॥
मन्त्रेश्वरी उग्रकाली लक्ष्मीमाला तु मालिका ।
काली रक्तचण्डाख्या कामलक्ष्मी मनोभवा ॥८६॥

जिनमाता जिनेन्द्रा च शारदा हंसवाहिनी ।
महाग्रीवा च सुरसा सुभक्ता च मनोहरा ॥८७॥

अश्वराम्बा पराम्वाचा नगशैलाग्रवासिनी ।
शुष्ककन्दरभूषाङ्गी शुष्ककन्दराधारिणी ॥८८।
दंष्ट्रिणी विकटास्या च शिवदूती घनस्तनी ।
सर्पमाला विभूषाङ्गी सर्पकुण्डलधारिणी ॥८९॥
सद्यश्छिन्नशिरोमाला आपादान्तावलम्बिनी ।
बहुवक्त्रा बहुभुजा बहुपादा गणेश्वरी ॥९०॥
त्रिकोणविन्दुनिलया पञ्चक्रमनिवासिनी ।
स्थूलमार्गस्थिता सूक्ष्म सूक्ष्माग्रा बुद्धिबोधिनी ॥९१॥
मूलाधारा निराधारा वह्निकुण्डकृतालया ।
श्वासोच्छवासगतिर्जीवा ग्लाहिनी वह्निसंश्रया ॥९२॥
वल्लीतन्तुसमुत्थाना षड्रसा स्वादुलोलुपा ।
कालचक्रभ्रमी भ्रान्ता निभ्रमा भ्रमनाशिनी ॥९३॥
वात्याली मेघमाला च सुवृष्टिसस्यवर्धनी ।
अकारा च मकारा च उकारैकाररूपिणी ॥९४॥
ह्रींकारबीजरूपा च क्लीकारस्वरवासिनी ।
सिन्दूरारूणवर्णा च सिन्दूरतिलकप्रिया ॥९५॥
श्यामा च वश्यबीजा च लोकवश्यविभाविनी ।
गजानना हयमुखा रासभास्या शुकानना ॥९६॥
बिम्बिका वनचारिण्यपरमन्त्रविदारिणी ।
सहस्रास्या सहस्राक्षा सहस्रभुजधारिणी ॥९७॥
सहस्रपादचारिण्या प्रेतमार्गा प्रबोधिनी ।
कोटिपादा कोटिवक्त्रा भुजकोटिधृता सदा ॥९८॥
महामारी विनिद्रा च तन्द्रा मृत्युविनाशिनी ।
चन्द्रमण्डलसङ्काशा चन्द्रमण्डलावासिनी ॥९९॥
अणिमादिगुणोपेता अस्पृहा कामरूपिणी ।
अष्टसिद्धिप्रदा नित्या दुष्टदानवघातिनी ॥१००॥

महाहंसमती विष्णुमती विमलसिंहिका ।
महाखण्डमती सिंहमती वीरमती प्रभा ॥४९॥
अहिरमती मातङ्गी क्षराक्षरमहामती ।
विचित्रचित्रितमती वीरसिंहमतीश्वरा ॥५०॥
भैरसिंहमती ज्ञानमहारश्मिमती कृशा ।
महाकोकनदस्थानी महाईडा मरीचिका ॥५१॥
सर्वगाम्बा दिव्यगाम्बा महामीना महासुरी ।
महाचण्डिनी दिव्याङ्गी महाविद्याग्रभूमिजा ॥५२॥
महान्तरिक्षा तेजोम्बा सिद्धियोगिनी भाविनी ।
गगनाम्बा महामृद्धी महानीलाम्बरा कृशा ॥५३॥
महाचण्डी मण्डलाम्बा शौनकी भ्रुषणी घनी ।
पटुकिनी च पटुकी गन्धकाली मतङ्गिनी ॥५४॥
कैवर्तिनी पञ्चका च मत्तकामिनी राक्षसी ।
भणकी भक्षकी श्रोत्री धूम्रा दृष्टिनिरूपका ॥५५॥
ज्वालिनी भगणेशी च माया गान्धारिणी नदी ।
विद्या शान्ता महामाया सुभगा नन्दिनी ध्रुवा ॥५६॥
उमा नन्दा श्रियानन्दा महानन्द सुनन्दिनी ।
ईडा मरीचिर्विद्याम्बा मीनजाम्बा प्रबोधिनी ॥५७॥
चण्डिका रौद्रिणी दिव्या सिद्ध्यन्तरिक्षजा स्मृता ।
अम्बिकाबालिकाम्बा च साक्षात् साधुजनार्चिता ॥५८॥
विद्याधरी चण्डिनी च मारुता सर्वदा स्मृता ।
उल्कामुखी लोकमुखी वर्णेशी वर्णमालिका ॥५९॥
भीमानना ह्यनङ्गाख्यविद्या कालप्रवर्त्तिनी ।
उन्मनी सुन्दरी स्वाहा सुधामण्डलचारिणी ॥६०॥
कराली वीरकाली च खगास्या खगवाहिनी ।
शृङ्गाली पूतना वज्रा व्योमकाली च कौलिकी ॥६१॥

पूर्णपात्ररता नित्या सदाचारविचारिणी ।
पूर्णवांच्छितदात्री च सदसद्वाञ्छिताग्रणी: ॥१६७॥
कालिका नयकाली च सर्वज्ञानप्रदानघा ।
योगेश्वरी महाचण्डमदोद्दाममहाग्रणी: ॥१६८॥
सृष्टि: स्थितिश्च संहार अनाख्याभासकालिका ।
गुह्यकाली विश्वरूपी निर्वाणेशी परेश्वरी ॥१६९॥
इति श्रीपरमेशान्या: स्तोत्रं नामसहस्रकम् ।
स्मृत्वा मन्त्रोपनिषदं महापातकनाशनम् ॥१७०॥
महामन्त्रोपनिषदं विश्वेशी विश्वरूपिणी ।
दोषाणां च राशयो द्यौमेरूमण्डलसन्निभा ॥१७१॥
प्रदह्यन्ते तेन शीघ्रमिन्धनानि यथाग्निना ।
स्नानेन कोटितीर्थेषु मन्त्रकोटिजपादिभि: ॥१७२॥
धेनूनां कोटिदानेन विप्राणां कोटिभोजनै: ।
कोटिधा कोटिहोमेन तपसा जन्मकोटिषु ॥१७३॥
महीं काञ्चनसम्पूर्णां सप्तद्वीपादिसागराम् ।
दत्वा चराचरान् सर्वान् यत् फलं लभते ध्रुवम् ॥१७४॥
तत् फलं लभते साङ्कस्तवानां कीर्त्तनाद् ध्रुवम् ।
अष्टम्यां वा नवम्यां वा भूतायां वा रवेर्दिने ॥१७५॥
कुजे वाथ शनौ वाथ पठितव्यं समाहितै: ।
एकाग्रं चिन्तयेद्देवीं धूपालिपरिमोदिनीम् ॥१७६॥
पुष्पप्रकरसङ्कीर्णे बलिदानपुरस्कृतम् ।
आर्द्रेण पूज्यते देवी शुष्कास्यो न हि चिन्तयेत् ॥१७७॥
जन्मकोटिसहस्रेण यत् पापं समुपार्जितम् ।
अनेनावृतमात्रेण वाञ्छितार्थं लभेद् ध्रुवम् ॥१७८॥
आयुरारोग्यमाप्नोति धर्मकामार्थसन्ततिम् ।
इष्टान् कामानवाप्नोति त्रिरावर्त्यान्न संशय: ॥१७९॥

चण्डासुरनिहन्त्री च चण्डा सुचन्द्रधारिणी ।
ब्रह्मकङ्कालकालिका महाभीषणकालिका ।
कुण्डपुष्पप्रिया श्यामा गोलकाकुसुमप्रिया ॥१२८॥
स्वयम्भूकुसुमानन्दा दूतीषट्कसमाग्रणीः ।
वेश्या च शौण्डिनी ब्राह्मी खेटकी क्षिपणी कुणी ॥१२९॥
रजकी बालकी बालधाम्नी धामधनप्रदा ।
कैवर्त्ती भटकी कौली बालिनी क्षत्रिणी नदी ॥१३०॥
चक्रिणी भटकी कौली बालिनी क्षत्रिणी नदी ॥१३०॥
चक्रिणी पौष्कशी शूदी धीवरी चर्मधारिणी ।
मातङ्गी नर्तकी वेश्या महामत्यन्त्यजा शुकी ॥१३१॥
महाक्रमणकाली च कालकाली च कालिका ।
महागगनकाली च एकाभाषा च कालिका ॥१३२॥
शब्दकाली महाकाली कालिका ब्रह्मकालिका ।
स्वर्णकोटीश्वरी काली राजराजेश्वरी स्मृता ॥१३३॥
महाडामरकाली च भासाकाली च योगिनी ।
गुह्येश्वरी महाकाली महाशूलाग्रकालिका ॥१३४॥
योगिनी कालिका देवी नवदुर्गा वनप्रिया ।
मातङ्गी मदिरा मत्ता नरमांसरता सदा ॥१३५॥
शवरी शावरी शैला शरणागततत्परा ।
वत्सला वारूणी देवी महेशी मत्तगामिनी ॥१३६॥
ऊर्ध्वकेशी च कामाङ्गी वककेशी विमर्दिनी ।
ओघकाली च फेत्काली काली श्रीसिंहिका तथा ॥१३७॥
धर्मकाली ज्ञानकाली राविणी कालिका परा ।
लीलावती कालिका च ह्रीमतीकालिका ततः ॥१३८॥
छुरिका कालिका प्राणा हूङ्कारारावकालिका ।
महाफेरवकाली च महाकराली कालिका ॥१३९॥

मोदिनी कालिका माया स्वामिनी नामकालिका ।
हासिनी कालिका काली काली भुवनमोहिनी ॥१४०॥
सृष्टिकाली स्थितिकाली संहारकालिका कला ।
हंसकाली यमकाली कालग्रसनकालिका ॥१४१॥
विघ्नान्तकारिणी काली वृषभध्वजकालिका ।
कुक्कुटध्वजकाली च गरुडध्वजकालिका ॥१४२॥
मयूरवाहिनी काली हंसध्वजनिवासिनी ।
कालरात्रिमहाकाली चण्डचण्डेश्वरी स्मृता ॥१४३॥
कुलालिका कुलेशी च महानन्दनचारिणी ।
विन्ध्यवासिन्यपर्णेशी वीरालिपरिपूजिता ॥१४४॥
वीरेश्वरी कालिका च महाकृतान्तकालिका ।
रक्ता रक्तेश्वरी काली कालाग्निकालिका परा ॥१४५॥
फुत्कारिणी क्रोष्टकी च रामा ईश्वरवल्लभा ।
अपर्णा त्रिपुरा तारा उग्रतारा कलङ्किनी ॥१४६॥
वार्त्तालिका च वाराहा वराहवदना घना ।
अन्धिनी रूठिनी काली स्तम्भनी मोहिनी कला ॥१४७॥
जम्भिनी जयदा जैत्री गजद्वन्द्या जगत्प्रसूः ।
डाकिनी राकिणी काली लाकिनी शाकिनी गणा ॥१४८॥
काकिनी हाकिनी शीला याकिनी धातुवासिनी ।
अणिमा लघिमाकान्तिर्महिमा महदाश्रिता ॥१४९॥
ईशित्वकाली वासित्वसावरी सारगामिनी ।
कङ्कालतोरणवती महापितृगणेश्वरी ॥१५०॥
श्मशानवासिनी रौद्री घोरा घोरतनुश्रिता ।
सृष्टिस्थित्यन्तसंहारकारिणी विश्वधारिणी ॥१५१॥
त्रिमार्गगतिसञ्चारा ब्रह्मरन्ध्रनिवासिनी ।
षट्चक्रभेदिनी गुह्या भक्तमानसवासिनी ॥१५२॥

मनोनुगा कोलिनी च विश्वेशी याजतारिणी ।
रक्ता रक्तप्रिया घोरा कराला केकरा घना ॥११४॥
कर्ममोटी च योगेशी विनम्रा नम्रवासिनी ।
कलङ्कमलिनी कान्ता नारायणी जगद्धिता ॥११५॥
अट्टाट्टहासिनी हासा वज्रपुष्पातिमालिनी ।
यन्त्रप्रमथनी मन्त्रमाता मन्त्रप्रकाशिनी ॥११६॥
रूरूदेवी ललज्जिह्वा धामान्ता शरगर्विणी ।
मरीचिकाली कालघ्नी कालचर्मविभूषिणी ॥११७॥
धामान्तकालिका धूम्रा काली विश्वविमर्दिनी ।
सङ्ग्रामकालिका कालवञ्चनी रावणादिनी ॥११८॥
ज्वालानना कराली च धूम्रकाली रणप्रिया ।
अमरान्तरकाली च चण्डी भुवनमालिनी ॥११९॥
कुलिकान्तरकाली च माहेशी कृष्णपिङ्गला ।
पातालिनी पापहरा पातालस्फोटिनी शिवा ॥१२०॥
रावराविणी रौद्रास्या गर्भस्तम्भनकालिका ।
ऋक्षवक्त्रा चण्डयोगेश्वरी प्रत्यङ्गिरा स्मृता ॥१२१॥
मृडानी च स्वधा स्वाहा धूम्रा गङ्गा महोद्धृता ।
आदेशकालिका क्षोभकाली मेलापकालिका ॥१२२॥
आकर्षकाली आकर्षी शान्तिनी नेत्रकालिका ।
परमार्का महाकाली नेत्रकाली सुराश्रिता ॥१२३॥
भक्तवश्या भक्तसेव्या कमलालयवासिनी ।
पञ्चप्राणेश्वरी प्राणरक्षणी रक्तचण्डिका ॥१२४॥
शाकम्भरी विडालाक्षा नन्दा भद्रा जितानघा ।
मनोन्मनी महादंष्ट्रा करवीरनिवासिनी ॥१२५॥
करवीरश्मशानस्था लक्ष्मीर्वनगुहाचरी ।
गुम्बिनी गिरिसुता गणनाथजयङ्करी ॥१२६॥

चन्द्रसूर्योपरागे वा नवम्यां शारदोत्सवे ।
सर्वसिद्धिं लभेन्नूनं पुनात्यासप्तमं कुलम् ॥१८०॥
पीठोपपीठसन्दोहतीर्थक्षेत्राश्रमादिकम् ।
अशेषं देवतासिद्धाः गुहापर्वतकानना: ॥१८१॥
तन्त्रागमादिशास्त्राणि वेदपौराणसाधका ।
सर्वे तत्रैव तिष्ठन्ति यत्रेदं स्तवनायकम् ॥१८२॥
पठेन्नामसहस्रं तु सर्वपापनिवर्हणम् ।
हिंस्रका: प्रेतकुष्माण्डा: पिशाचा भूतपूतना: ॥१८३॥
क्रूरग्रहाश्च शाकिन्यो यें चान्ये दुष्टचेतस: ।
डाकिनी राक्षसा घोरा ये चान्ये पीडका जना: ॥१८४॥
हिंस्रकाश्च विनश्यन्ति इत्याज्ञा शाङ्करी ध्रुवम् ।
सम्भवन्ति न ते तत्र यत्रेदं तिष्ठते गृहे ॥१८५॥
सङ्ग्रामे जयदं सद्यस्तेषां शत्रुर्विनश्यति ।
आयुष्मान् धनवान् भूत्वा जायते सुगम: सुखी ॥१८६॥
नद्यामन्तर्जले मग्नो भूतायां भौमवासरे ।
सप्तावर्त्तेन देवेशी तुष्टा भवति निश्चितम् ॥१८७॥
कन्यां सम्पूज्योपचारैस्तस्याग्रे पाठयेत् पठेत् ।
तुष्टा भवति सा देवी सर्वभद्रमवाप्नुयात् ॥१८८॥
आपदुद्धारणं नाम घोरे कलियुगे महत् ।
स्तोतव्या च नमस्कार्या सर्वदेवमयी च सा ॥१८९॥
सैव पालयते विश्वं सैव विश्वं प्रसूयते ।
सैव संहरते काले सैव विश्वमयीश्वरी ॥१९०॥
पृष्टो भवति सानेन किमलभ्यं महीतले ।
ग्राम्यसौख्यं निरावाधं प्रेत्य मोक्ष लभेद् ध्रुवम् ॥१९१॥
यस्या ब्रह्माण्डमखिलं क्रीडार्थं कन्दुकायते ।
तां कालग्रसरनरतां कालसङ्कर्षणीं नुम: ॥१९२॥

भक्षयन्त्या जगत्सर्वमतृप्ता कामरूपिणी ।
यां शान्तकालिनीं कालीं कालसङ्कर्षणीं नुमः ॥१९३॥
परब्रह्मस्वरूपा सा परतत्सानुवन्धिनी ।
जगद्ग्रासरता नित्या कालसङ्कर्षणीं नुमः ॥१९४॥
ता समस्ता ज्वलद्रुपा नानाकाला महोज्वला ।
सा कालग्रसनरता कालसङ्कर्षणीं नुमः ॥१९५॥
लेलिह्यमाना सत्यर्थं भीषणा या तु भैरवी ।
महानृसिंहमारूढां कालसङ्कर्षणी नुमः ॥१९६॥
अलातचक्रवद्विश्वं क्रीडार्थं भ्राम्यते यया ।
तां कालग्रसनरतां कालसङ्कर्षणीं नुमः ॥१९७॥
ब्रह्माण्डकोटिलक्षाणि भस्मसात् कुरुते च या ।
तां कालग्रसरनरतां कालकालीं नमाम्यहम् ॥१९८॥
नौमि कालीं महारूपां प्रधानां बलिभक्षणीम् ।
क्रीडार्थं याऽकरोच्चित्रां ब्रह्माण्डार्बुदपालिनीम् ॥१९९॥
अञ्जनाद्रिनिभां कालीं कोटिसूर्यसमप्रभाम् ।
त्रैलोक्यभक्षणरतां मङ्गलां प्रणमाम्यहम् ॥२००॥
गुह्यकालीं मङ्गलां च सिद्धिकालीं जयेश्वरीम् ।
चर्चिकां त्रिपुरेशीं च कालीं च भुवनेश्वरीम् ॥२०१॥
श्रीमङ्गलां महाकालीं निर्वाणपददायिनीम् ।
मोक्षदां राज्यदां नित्यां नववक्त्रां परां भजे ॥२०२॥
इति श्री हाहारावतन्त्रे षट्त्रिंशतिसाहस्रे
महाथर्वणसंहितायां श्रीशिवपार्वतीसामरस्ये
श्री श्री श्री श्री श्री गुह्यकालीदेव्या नामसहस्रकं
स्तवरहस्यं समाप्तम् ॥

प्राभाकरी एण्ड कं. प्राभाकरी प्रेस, वनारस, सन् १९०२ (पृ. ३०) बाट उद्धृत ।

जनिर्जनित्री जननी जयमातृगणेश्वरी ।
ब्रह्मविद्या ब्रह्मवेद्या ब्रह्माण्डकोटिव्यापिनी ॥१५३॥
वामाचाररता वामा नग्ना दक्षिणकालिका ।
झङ्कारिणी रामवशी टङ्कारी विबुधेश्वरी ॥१५४॥
मुक्तकेशी विरूपाक्षी जगदानन्ददायिनी ।
झङ्केश्वरी च झङ्कारा चक्रमार्गानुसारिणी ॥१५५॥
सहस्रकोटिसूर्याणां तेजसा तेजोनाशिनी ।
सहस्रकोटिसोमानममृतश्रावणी प्रदा ॥१५६॥
गुह्याद्या योगिनी पूज्या सदा मृत्युमृतप्रदा ।
सप्तविंशतिमुण्डस्था त्रिमुखा नवलोचना ॥१५७॥
सरस्वती च गायत्री सावित्री मङ्गलेश्वरी ।
वाग्वादिनी क्लेशहारी कर्मबन्धविमोचिनी ॥१५८॥
वर्णेश्वरी वर्णमयी वर्णमाला विराजिता ।
त्रिलोकजननी गोप्त्री तान्या गगनगामिनी ॥१५९॥
पञ्चभूतप्रिया नित्या पञ्चपिण्डैः प्रपूजिता ।
शब्दरूपिणी आकाशे प्रकाशे तेजोरुपिणी ।
रसरूपिणी पृथिव्यां पवने स्पर्शरूपिणी ।
रसरूपिणी तोये च पञ्चभूतस्वरूपिणी ।
परब्रह्मात्मिका काली जयद्रथवरप्रदा ॥१६२॥
दुर्वासः सिद्धिदात्री च राक्षसी क्षोभिणी तथा ।
जयवागीश्वरी ह्रीं श्रींविद्या स्वस्तिपुरः श्रिता ॥१६३॥
त्रिपुरा भैरवी ज्ञानकालिकानन्तभैरवी ।
चैतन्यभैरवी देवी चण्डभैरवसिंहिका ॥१६४॥
सम्पत्प्रदा भैरवी च मार्गभैरवी मार्गिणी ।
जयश्रीभैरवी काली मनोन्मादनभैरवी ॥१६५॥
हरसिद्धिप्रसन्नार्त्तिहारिणी दानवान्तकी ।
पूर्णेश्वरी पूर्णमनाः पूर्वदेवप्रपूजिता ॥१६६॥

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

ISBN 99946-1-727-3
9 789994 617272